आधारभूत तह (कक्षा ४-८) को

# स्थानीय विषय पाठ्यक्रम

## २०७९

गैंडाकोट नगरपालिका

नवलपरासी (बर्दघाट सुस्तापूर्व)

गण्डकी प्रदेश, नेपाल



# राष्ट्रिय गान

सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची महाकाली ।

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरुको रगतले स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति भाषा, धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।



आधारभूत तह (कक्षा ४-८) को

# स्थानीय विषय पाठ्यक्रम

## २०७९

## गैंडाकोट नगरपालिका

नवलपरासी (बर्दघाट सुस्तापूर्व)

गण्डकी प्रदेश, नेपाल

आधारभूत तह (कक्षा ४-८) को

# स्थानीय विषय पाठ्यक्रम

२०७९

प्रकाशक : गैंडाकोट नगरपालिका
गैंडाकोट नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
नवलपरासी (बर्दघाट सुस्तापूर्व)
गण्डकी प्रदेश, नेपाल

सर्वाधिकार : प्रकाशकमा

प्रकाशन वर्ष : २०७९ वि.सं.

संस्करण : प्रथम


# प्रकाशकीय

संविधानले परिलक्षित गरेको शैक्षिक गन्तव्य, राष्ट्रिय शिक्षा नीति तथा राष्ट्रिय पाठ्यक्रम प्रारूपले मार्गनिर्देश गरेको शिक्षाको लक्ष्य तथा प्रक्रियाअनुरूप शिक्षा पद्धति सञ्चालनको मूल आधारका रूपमा पाठ्यक्रम रहेको हुन्छ । विद्यालय शिक्षाको पाठ्यक्रमले निश्चित कक्षा वा तहको अध्ययन पूरा गरेपछि विद्यार्थीहरूले हासिल गर्ने सक्षमता र ती सक्षमता हासिल गर्नका लागि विषयगत रूपमा प्राप्त गर्नुपर्ने सिकाइ उपलब्धि निर्धारण गर्दछ । पाठ्यक्रमले अपेक्षित सिकाइ उपलब्धि प्राप्तिका लागि सिकाइ विधि तथा प्रक्रियाको प्रयोग र विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धिहरू प्राप्तिको सुनिश्चिततालाई मार्गदर्शन गर्दछ । विद्यालयमा के-कस्ता शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने भन्ने सन्दर्भमा राष्ट्रिय पाठ्यक्रम प्रारूपले निश्चित दिशा निर्देश गरेको छ । यिनै आधारमा गैंडाकोट नगरपालिकामा आधारभूत तहको विद्यालयमा (कक्षा १ देखि ८) अध्यापन गरिने अन्य विषयका अतिरिक्त स्थानीय विषय विकास गरी कार्यान्वयनको क्रममा रहेको छ । शैक्षिक सत्र २०७९ मा कक्षा ३ सम्म स्थानीय पाठ्यक्रम कार्यान्वयन भइसकेको छ भने शैक्षिक सत्र २०८० बाट माथिल्ला कक्षाहरूमा क्रमशः लागू हुँदै जाने कार्यक्रम छ ।

हाल राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को प्रावधान अनुसार स्थानीय पाठ्यक्रमलाई कक्षा १ देखि ३ सम्म साप्ताहिक ५ पाठ्यघण्टी (Credit Hour) अर्थात् वार्षिक १६० कार्यघण्टा र कक्षा ४ देखि ८ सम्म साप्ताहिक ५ पाठ्यघण्टी (Credit Hour) अर्थात् वार्षिक १२८ कार्यघण्टा छुट्याएर अध्यापन गराउनुपर्ने व्यवस्था रहेको छ । सोही प्रावधानका आधारमा विषय क्षेत्रहरूको विस्तृतीकरण गरिएको छ । विषयवस्तुको गहिराइलाई पहिचान गर्न सजिलो होस् भन्ने अभिप्रायले पाठ्यक्रमले निर्धारण गरेका विषयवस्तुको छनोट गरी त्यसलाई उपक्षेत्रहरूमा विभक्त गरिएको छ । ती उपक्षेत्रहरूमा शैक्षिक उद्देश्य निर्धारण गरिएको छ र हासिल हुनुपर्ने सिकाइ उपक्षेत्रहरूलाई विभक्त गरिएको छ । ती उपक्षेत्रहरूमा शैक्षिक उद्देश्य निर्धारण गरिएको छ र हासिल हुनुपर्ने सिकाइ उपलब्धिहरूलाई प्रत्येक कक्षा अनुसार छुट्याइएको छ । यसका साथै सम्भाव्य शैक्षणिक क्रियाकलाप र मूल्याङ्कनका तौरतरिकालाई समेत स्पष्टसँग उल्लेख गरिएको छ । विद्यार्थीले हासिल गरेका सिकाइ उपलब्धिका आधारमा कक्षान्नोति गर्ने आधारहरूसमेत स्पष्ट पारिएको छ । यसले विद्यालयलाई स्थानीय पाठ्यक्रमबाट विद्यार्थीमा हासिल भएको सिकाइ उपलब्धिको सहज तरिकाबाट लेखाजोखा गर्न समेत सहयोग पुग्नेछ भन्ने विश्वास लिइएको छ ।

गैंडाकोट नगरपालिकाको स्थानीय पाठ्यक्रमलाई यो रूपमा विकास गर्न विभिन्न तह र क्षेत्रबाट योगदान पुऱ्याउनु हुने स्थानीय अभिभावक, सरोकारवाला वर्ग, शिक्षक, शिक्षाप्रेमी, शिक्षाविद् र शाखाका कर्मचारीलगायत सम्पूर्ण महानुभावहरू धन्यवादका पात्र हुनुहुन्छ ।

पाठ्यक्रम जीवन्त हुन्छ । समय अनुसार सुधार र परिष्कृत हुँदै जाने यसको मूलभूत विशेषता हो । यसको विकास र परिमार्जन हुने प्रक्रिया निरन्तर हुन्छ । पाठ्यक्रममार्फत शिक्षाले विद्यार्थीहरूलाई विधि, पद्धति र समयसँगै चलायमान हुन सक्षम बनाउन र विश्वव्यापी प्रतिस्पर्धामा खरो उत्रन सक्ने बनाउन यो पाठ्यक्रमलाई अझ बढी परिष्कृत र प्रभावकारी बनाउन सम्बद्ध सबै पक्षहरूबाट सुझाव र सल्लाहको लागि गैंडाकोट नगरपालिका हार्दिक अपिल गर्दछ ।


नवलपरासी जिल्ला
(गाउँपालिका/नगरपालिका)
TANAHU
SYANGJA
PALPA
RUPANDEHI
CHITAWAN
PARSA
INDIA
गैंडाकोट नगरपालिका
देवचुली नगरपालिका
हुप्सेकोट गाउँपालिका
बुलिङटार गाउँपालिका
बौदीकाली गाउँपालिका
कावासोती नगरपालिका
मध्यबिन्दु नगरपालिका
विनयी त्रिवेणी गाउँपालिका
बर्दघाट नगरपालिका
चितवन राष्ट्रिय निकुञ्ज
त्रिवेणी सुस्ता गाउँपालिका
प्रतापपुर गाउँपालिका
सरावल गाउँपालिका
पाल्हीनन्दन गाउँपालिका
रामग्राम नगरपालिका
सुनवल नगरपालिका
संकेत
वडा नम्बर
वडा सीमाना
गाउँपालिका/नगरपालिका सीमाना
जिल्ला सीमाना
अन्तर्राष्ट्रिय सीमाना
Scale
Km
Projection System: MUTM, Spheroid - Everest 1830
© MOFALD 2017

# विषयसूची


| क्र.सं. | मुख्य विषय | पृष्ठ |
|---|---|---|
| १. | परिचय | १ |
| २. | स्थानीय पाठ्यक्रमको आवश्यकता तथा औचित्य | ३ |
| ३. | विषय क्षेत्र | ५ |
| | **खण्ड-क (कक्षा ४-५)** | |
| ४. | विषय वस्तुको छनोट | ९ |
| ५. | तहगत सक्षमताहरू | ११ |
| ६. | कक्षागत सक्षमताहरू | १२ |
| ७. | कक्षागत विषय क्षेत्र र सिकाइ उपलब्धिको विस्तृतीकरण | १६ |
| ८. | स्थानीय विषय पाठ्यक्रमको (कक्षा ४-५) पाठ्यघण्टी विभाजन | ३० |
| | ८.१ आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना | ३० |
| ९. | सिकाइ सहजीकरण प्रक्रिया | ३१ |
| १०. | विद्यार्थी मूल्याङ्कन प्रक्रिया | ३१ |
| ११. | पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया | ३४ |
| १२. | समय निर्धारण | ३५ |
| १३. | स्थानीय पाठ्यक्रम कार्यान्वयन योजना | ३५ |
| | **खण्ड ख ( कक्षा ६-८)** | |
| ४. | विषयवस्तुको छनोट | ३७ |
| ५. | तहगत सक्षमताहरू (कक्षा ६-८) | ४१ |
| ६. | कक्षागत सक्षमताहरू | ४२ |
| ७. | कक्षागत विषय क्षेत्र र सिकाइ उपलब्धिको विस्तृतीकरण | ४८ |
| ८. | स्थानीय विषय पाठ्यक्रमको (कक्षा ६-८) पाठ्यघण्टी विभाजन | ७२ |
| | ८.१ आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना | ७२ |
| ९. | सिकाइ सहजीकरण प्रक्रिया | ७३ |
| १०. | विद्यार्थी मूल्याङ्कन प्रक्रिया | ७४ |

११. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया ७७
१२. समय निर्धारण ७७
१३. स्थानीय पाठ्यक्रम कार्यान्वयन योजना ७८

अनुसूचीहरू

अनुसूची १ - विद्यार्थी निरन्तर मूल्याङ्कन ढाँचा ७९
अनुसूची २ - विद्यार्थी निरन्तर मूल्याङ्कन ढाँचा ८०
अनुसूची ३ - विद्यार्थी निरन्तर मूल्याङ्कन र स्तर निर्धारण ढाँचा ८१
अनुसूची ४ - रेजाबाट प्राप्त प्रतिशतका आधारमा ग्रेड निर्धारण ८२

## १. परिचय

नेपालमा परम्परागत शिक्षा प्रणालीको पुरानो इतिहास छ । आधुनिक शिक्षाको शुरुवात राणा प्रधानमन्त्री जङ्गबहादुर राणाको बेलायत यात्रा पश्चात भएको हो । शिक्षाको आवश्यकता महशुस गरी शासक वर्गका बालबालिकालाई अङ्ग्रेजी शिक्षा दिने अभ्यास दरबार स्कूलको स्थापना पछि शुरुवात भएको हो । शिक्षाले व्यक्तिको जीवनलाई उन्नत बनाउन तथा व्यक्तिको व्यक्तित्व विकासका कारणले समग्र देशलाई नै उन्नतितर्फ डोऱ्याउन सक्दछ भन्ने मान्यताबाट नै व्यक्ति, परिवार, समुदाय र राज्यस्तरबाट नै शिक्षाका लागि विभिन्न प्रयत्नहरू भएका छन् । धार्मिक, साँस्कृतिक, भाषिक, भौगोलिक आदि विभिन्न आधारमा विविधतायुक्त विशेषता भएता पनि सबै क्षेत्रबाट शिक्षाको आवश्यकता महशुस भयो । तर त्यसबाट सबैजना समान रूपमा लाभान्वित हुन सकेनन् । शिक्षालाई अधिकारको रूपमा बुझ्न र आत्मसात् गर्न पनि सकेनन् । संयुक्त राष्ट्रसंघको विश्वव्यापी मानवअधिकार घोषणा पत्रमा शिक्षा पाउने अधिकारलाई स्पष्टसँग व्याख्या गरे पछि शिक्षालाई अधिकारको रूपमा हेर्न थालिएको छ । शिक्षित र सचेत वर्गमा यो अवधारणाले प्रभाव पारेको भए तापनि शिक्षा शक्तिशाली वर्गले कमजोर वर्गलाई प्रदान गर्ने उपहारको रूपमा बुझ्ने जमात अझै हाम्रो समाजमा विद्यमान छ ।

शिक्षा सेवा हरेक कुना काप्चामा सबैले समान रूपमा पाउनु पर्छ भनी नेपालमा वि.सं. २०२८ पछि देशैभर एकै खालको शिक्षा प्रणाली लागु भयो । तर केन्द्रमा बनाएको शिक्षा प्रणाली वा पाठ्यक्रमले देशका सबै क्षेत्रका फरक आवश्यकतालाई समेट्न नसकेको आभास हुन थाल्यो । फरक समुदाय र विविध विशेषताको भौगोलिक क्षेत्रले भरिपूर्ण यस मुलुकमा फरक फरक ठाउँमा फरक फरक सम्भावना र विशेषताहरू रहेका छन् । यही कारणले शिक्षामा विकेन्द्रीकरणको आवश्यकता महसुस गरियो । फलस्वरूप शैक्षिक विकेन्द्रीकरण गर्ने उद्देश्यले स्थानीय पाठ्यक्रमको अवधारणा विकास हुन थाल्यो । यही आधारमा हाल स्थानीय तहबाट स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक कार्यक्रम सञ्चालन गर्ने प्रावधान रहेको छ ।

नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरेअनुरूप साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको अध्ययन/अध्यापन गर्ने व्यवस्था गरेको भए पनि उक्त व्यवस्था व्यवस्थित रूपमा कार्यान्वयन हुन सकेन । प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (कक्षा १-३) र २०६५ (कक्षा १-५) ले सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयमा २०% स्थानीय विषय समावेश गर्ने व्यवस्था गऱ्यो । आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम २०६९ मा साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरियो । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७१ अनुसार आधारभूत तहमा १०० पूर्णाङ्कको स्थानीय भाषा वा विषय राख्न पाउने व्यवस्था गरियो ।

स्थानीय पाठ्यक्रम सम्बन्धी स्रोत सामग्री, २०६६ ले "स्थानीय सरोकारवालाहरूको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठयक्रम नै

स्थानीय पाठयक्रम हो” भनी परिभाषित गरेको छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा भएको प्रावधानअनुसार स्थानीय तहले आधारभूत तहमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्न पाउने व्यवस्था गरेको छ। उक्त प्रारूपले स्थानीय पाठ्यक्रमको सम्बन्धमा कक्षा १-३ मा ५ पाठ्यघण्टा (ऋचभमष्त जयगच) र वार्षिक कार्यघण्टा १६० कायम गरेको छ। त्यसै गरी कक्षा ४- ८ सम्मका लागि ४ पाठ्यघण्टा (ऋचभमष्त जयगच) र वार्षिक कार्यघण्टा १२८ कायम गरेको छ। पाठयक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरबाट प्रकाशित स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित), २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ, अवधारणा, पाठ्यक्रम विकास, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रमको ढाँचा लगायतको बारेमा स्पष्ट मार्गदर्शन गरेको छ । यही आधारमा गैंडाकोट नगरपालिकाले यस अघि नै कक्षा १-३ को स्थानीय विषयको पाठ्यक्रम तयार गरी लागु गरी सकेको छ भने कक्षा ४-८ को स्थानीय पाठ्यक्रम यहाँहरूको हातमा छ ।

राष्ट्रको शिक्षा नीति तथा राष्ट्रिय पाठ्यक्रम प्रारूपले मार्ग निर्देश गरेको शिक्षाको लक्ष्य तथा प्रक्रिया अनुरूप शिक्षा पद्धति सञ्चालनको मूल आधारको रूपमा पाठ्यक्रम रहेको हुन्छ । विद्यालय शिक्षाको पाठ्यक्रममा निश्चित कक्षा वा तहको अध्ययन पूरा गरे  पछि विद्यार्थीहरूले हासिल गर्ने सक्षमता र ती सक्षमता हासिल गर्न विषयगत रूपमा प्राप्त गर्नुपर्ने सिकाइ उपलब्धि निर्धारण गरिएका हुन्छन् । पाठ्यक्रमले अपेक्षित सिकाइ उपलब्धि प्राप्तिका लागि सिकाइ विधि तथा प्रक्रियाको प्रयोग र विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धिहरू प्राप्तिको सुनिश्चिततालाई मार्गदर्शन गर्दछ । यस पाठ्क्रममा सिकारुले हासिल गर्नुपर्ने सक्षमता तथा सिकाइ उपलब्धि र ती सक्षमता तथा सिकाइ उपलब्धि प्राप्तिका लागि आवश्यक विषयवस्तु समावेश गरिएका छन् । सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनका लागि आवश्यक निर्देशनसहितको सिकाइ योजनाको रूपमा बालबालिकाको सिकाइलाई मार्गदर्शन गर्न आवश्यक पर्ने तत्वहरू स्थानीय स्तरबाट आवश्यकता सङ्कलन तथा अनुभवको आधारमा यो पाठ्यक्रममा समावेश गरिएको छ ।

यही सैद्धान्तिक आधारमा यो पाठ्यक्रम विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार तयार गरिएको हो । पाठ्यक्रम तयार पार्दा गैंडाकोट नगरपालिकामा स्थानीय अभिभावक, सरोकारवाला शिक्षकहरू तथा शिक्षाविद्समेतको वृहत छलफल र अन्तरक्रिया गरिएको छ। विभिन्न चरणको छलफल तथा अन्तरक्रियाबाट स्थानीय पाठ्यक्रमको रूपमा विभिन्न क्षेत्रहरू समावेश गरी स्थानीय विषय लागु गर्ने निधो भएको छ। यो स्थानीय पाठ्यक्रमले गैंडाकोट नगरपालिका क्षेत्रभित्रको विशिष्ट पहिचानलाई उजागर गर्ने अवसर प्रदान गरेको छ ।

स्थानीय स्तरका शिक्षाविद्, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधिहरू, नगर कार्यपालिकाका सदस्यहरू, पाठ्यक्रम विज्ञ लगायतसँग छलफल, अन्तरक्रिया तथा कार्यशाला बैठकको आयोजना गरी प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा यो स्थानीय विषयको पाठ्यक्रम तयार गरिएको छ। सिकाइ उपलब्धि हासिल हुनु पर्ने विभिन्न विषयगत विधाहरूलाई ६ ओटा क्षेत्रहरूमा विभाजन गरिएको छ। यी क्षेत्रहरूका आधारमा गैंडाकोट नगरपालिकाको भूगोल, कला र संस्कृति, प्राकृतिक स्रोत र सम्पदा, संस्कार

र साँस्कृतिक सम्पदा, स्थानीय वातावरण, धार्मिक तथा अन्य कलाहरू, विभिन्न समुदायको विविध विशेषता जस्तै मातृभाषा, चाडपर्व, जातीय परम्परा र भेषभूषाको विषयहरू समावेश गरिएका छन् । त्यस्तै गरी स्थानीय सरकार, शिक्षा र विकास अन्तर्गत देशको राजनैतिक संरचना, नगरपालिकाको संरचना र स्थानीय तथा राष्ट्रिय वार्षिक एवम् आवधिक योजना निर्माण र कार्यान्वयन प्रक्रियाका विषयवस्तुहरू समावेश गरिएका छन् । गैंडाकोट नगरपालिकाको स्थानीय पाठ्यक्रममा विज्ञान र प्रविधि साक्षरतालाई जीवनका क्रियाकलापसँग जोड्ने ज्ञान र सीप प्रदान गर्ने विषयहरू समावेश गरिएका छन् । आफ्ना वरपर भएका यान्त्रिक तथा मेसिनरी औजारको बारेमा चासो राख्ने र तिनीहरूको प्रयोगबाट दैनिकीलाई सरल र सहज बनाउन सहयोग पुग्दछ भन्ने कुराको अनुभूति गराउन पर्यटन, स्थानीय पेसा, प्रविधि र उद्यमशीलता, स्वास्थ्य र सरसफाइ, शारीरिक सीप तथा व्यायाम, स्थानीय खेल, प्रकोप, योगा तथा ध्यान, पर्यावरण र हरित विद्यालय, व्यक्ति र संस्था लगायतका विषय क्षेत्रलाई समेटेर स्थानीय पाठयक्रम तयार गरिएको छ । यो पाठ्यक्रमको कार्यान्वयनबाट आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूले औपचारिक रूपमा आफ्नो समुदाय, समाज तथा नगरको भूगोल कला र संस्कृति सम्बन्धी विषयगत क्षेत्रमा परिचित हुने छन् । हाम्रो प्रशासनिक संरचना, शिक्षा र यसले विकासलाई पार्ने प्रभाव सम्बन्धी बहस पैरवी गर्न सक्ने छन् । विज्ञान र प्रविधि साक्षरताको महत्त्व र यसको उपादेयता बताउन, त्यसबाट हुन सक्ने खतराबाट बच्ने उपायहरू बताउन र आत्मसात् गर्न सक्ने छन् । विद्यार्थीहरू सहकारिता र बैङ्किङ्ग विषयमा साक्षर भई आम्दानी, खर्च र बचतको सन्तुलन मिलाउन पर्ने विषयहरूबारे परिचित हुनेछन् । वित्तीय साक्षरता सम्बन्धमा जानकारी लिई शेयर तथा मुद्रासटही सम्बन्धमा चासो देखाउन सक्ने छन् । खेलकुद गतिविधिप्रति चासो राखी अनुशासन, माया, स्नेह, आदर, सम्मान र ध्यान तथा तपस्या बारे आफ्नो लगाव प्रदर्शन गर्न समेत विद्यार्थीहरू सक्षम हुने विश्वास लिइएको छ । यो स्थानीय पाठ्यक्रमले यो क्षेत्रको समृद्धिको सपनालाई सार्थक बनाउन उल्लेख्य भूमिका खेल्ने अपेक्षा गरिएको छ । आधारभूत तहका विद्यार्थीहरूलाई आफ्नो सेरोफेरो र आफ्नो माटोप्रति गर्व गर्ने बनाउन, आफैंले आफैंलाई पहिचान गर्न तथा आफ्नो क्षेत्रको व्यावसायिक सम्भावनाको खोजी गर्न सक्ने बनाउन यो पाठ्यक्रम विशेष महत्त्वपूर्ण हुने देखिन्छ । यो पाठ्यक्रम शैक्षिक सत्र २०८० मा कक्षा ४, ५ र ७ मा लागु हुनेछ भने २०८१ को शैक्षिक सत्रदेखि बाँकी कक्षाहरू ६ र ८ मा समेत थप गरी आधारभूत तहका सबै कक्षामा लागू हुने छन् ।

## २. स्थानीय पाठ्यक्रमको आवश्यकता तथा औचित्य

आफ्नोपन, मौलिकता र परम्परालाई हाम्रो धरोहरको रूपमा स्थापित गर्न तथा स्थानीय तहमा रहेका विविध प्रकारका विविधता र क्षमता तथा सम्पत्तिको बारेमा जानकार हुन स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ । स्थानीय विषयको निर्माण स्थानीय तहबाटै गरी लागु गर्नु पर्ने प्रावधान रहेको छ । एकीकृत पाठ्यक्रम देश भरीमा २०७७ सालदेखि लागू हुन पर्ने प्रावधना छ । उक्त पाठ्यक्रम ढाँचामा भएको व्यवस्था अनुसार कक्षा १-८ सम्ममा अन्य विषयका अतिरिक्त स्थानीय तहबाट विकास गरी संस्कृत भाषा, मातृभाषा वा स्थानीय विषय अध्यापन गराउन पर्ने प्रावधान छ ।

बालबालिकाको सिकाइ आफ्नो बासस्थानबाटै प्रारम्भ गर्न सहज हुन्छ । त्यसका लागि बालबालिकाहरूले आफ्नो गाउँ, समुदायको पहिचान गर्नुपर्दछ । त्यहाँ भएका प्राकृतिक, ऐतिहासिक सम्पदाहरू र आर्थिक क्रियाकलापहरूबारे जानकारी हुनुपर्दछ । स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक, सामाजिक, साँस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्नका लागि स्थानीय पाठ्यक्रम अपरिहार्य भएको छ । राष्ट्रिय स्तरमा निर्माण गरिने पाठयक्रम सबै सरोकारवालाको संलग्नताको सम्भावना रहदैन । यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सीपलाई पूर्णरूपले समेट्न सम्भव पनि हुँदैन । अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सीप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सीपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ । हरेक स्थानीय तहको आ- आफ्नै विशिष्ट पहिचान, भौगोलिक, धार्मिक एवम् साँस्कृतिक, जातीय, भाषिक विविधता हुन्छन् । केन्द्रिय तहमा तयार गरिने पाठयक्रमले मात्र विद्यार्थीहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने ज्ञान, सीप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न प्रायः कठिन भएको अनुभवले देखाएको छ । त्यसैले स्थानीय परिवेश अनुसारको ज्ञान र सीप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठयक्रम निर्माण गरी कार्यान्वयन गर्न आवश्यक ठानियो । स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत संवैधानिक तथा नीतिगत रूपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य भएको हुनाले गैंडाकोट नगरपालिकाले यो स्थानीय पाठयक्रम तयार गरेको हो । यसको अतिरिक्त स्थानीय पाठ्यक्रमका तयार गर्नुका औचित्य निम्न अनुसार रहेका छन् ।

क) पााठ्यक्रमका सिद्धान्त, मान्यता, स्वरूप लगायत शिक्षाका राष्ट्रिय उद्देश्य र स्थानीय विशेषता समेतलाई आधार लिई स्थानीय पाठ्यक्रममा समावेश गर्न,

ख) नेपालको लोकतान्त्रिक सङ्घीय गणतन्त्रले लक्षित गरको विकास, समता, स्वतन्त्रता, आफ्नोपन र स्वभिमानको अभिवृद्धिमा सहयोग पुर्‍याई जिम्मेवार र सदाचारी नागरिक तयार गर्न,

(ग) ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास र विस्तारले सिर्जना गरेका अवसर तथा चुनौतीहरू सापेक्ष विश्वव्यापीकरणको माग र स्थानीय सन्दर्भको सन्तुलनसहित स्थानीय आवश्यकताको सम्बोधन गर्न,

(घ) व्यवहारकुशल स्थानीय ज्ञान तथा सीपहरूलाई सिकाइ प्रक्रियामा एकीकृत गरी पाठ्यक्रममा ती सीपहरूसँग सम्बन्धित सक्षमताहरू उल्लेख गरी सिकाइलाई जीवन सापेक्ष बनाउन,

(ङ) सिकाइका नवीनतम सिद्धान्त, विधि तथा प्रक्रियाहरू प्रयोग गरी स्थानीय आवश्यतकता अनुसार सिकाइलाई बालकेन्द्रित बनाई बालबालिकाको रचनात्मक क्षमता विकास गर्न,

(च) विद्यार्थी मूल्याङ्कनलाई सिकाइ सहजीकरण प्रक्रियाको अभिन्न अङ्गका रूपमा विकास गरी प्रत्येक विद्यार्थीको न्यूनतम सिकाइ सुनिश्चित हुनेगरी सिकाइस्तर वृद्धिका लागि सहयोग पुर्‍याउन ।

## ३. विषय क्षेत्र

प्रत्येक गाउँ तथा टोलमा एउटा सानो विश्व लुकेको हुन्छ । एउटै पाठ्यक्रममा सबै विषयवस्तु अटाउन र पठनपाठन गर्न सम्भव हुँदैन । यस पाठ्यक्रमले स्थानीय आवश्यकताको आधारमा आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूलाई केन्द्रबिन्दु मानेर गैंडाकोट नगरपालिका भित्रका अध्ययन गर्नु पर्ने प्राकृतिक, भौगोलिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक, प्रशासनिक, शैक्षिक, सामाजिक, स्थानीय विज्ञान र गणित, उत्पादन र उद्योग, सहकारी र बैङ्क क्षेत्र, खेलकुद र नैतिक चरित्रका क्षेत्रसँग सम्बन्धित ज्ञान, सीप र अभिवृत्तिका पक्षहरूलाई समेटेको छ। पाठ्यक्रमले मुख्य रूपमा निम्न विषय क्षेत्र तथा उपक्षेत्रलाई समेटेको छ -

**(क) स्थानीय भूगोल, कला र संस्कृति**

- नगर क्षेत्र भित्रको प्राकृतिक संरचना र वातावरण
  - समथर भूभाग, पहाड, वगर र गौचरन
  - खोला खोल्सा, नदी र ताल
  - वन, सामुदायिक वन, वनस्पति र जडीबुटी
  - ढुङ्गा, माटो, बालुवा र चट्टान
  - खानी र खनिज
  - सफा र स्वच्छ वातावरण
- मूर्ति तथा चित्रकलाहरू
- स्थानीय क्षेत्रमा अवस्थित समुदायको मातृभाषा, चाडपर्व, रीतिरिवाज, जातीय परम्परा र भेषभूषा
- स्थानीय खानाका परिकार, चाडपर्व विशेष खाना र पहिरन
- मानव निर्मित संरचना र वातावरण
  - बाटोघाटो/पुल पुलेसा
  - धारा /पँधेरा
  - ढल निकास र नाला

**(ख) स्थानीय प्रशासन, शिक्षा र विकास**

- राज्यको राजनैतिक विभाजन
  - केन्द्र, प्रदेश र स्थानीय तह

- स्थानीय सरकारका विभिन्न अङ्गहरू : अधिकार र कार्य क्षेत्र
    - नगर सभा
    - नगर कार्यपालिका
    - वडा कार्यलयहरू
    - विभिन्न विषयगत समितिहरू
- शैक्षिक सेवा प्रदायक संस्थाहरू
- शिक्षा अधिकारको रूपमा
- शिक्षा र जीवनको सम्बन्ध
- विकासको वाहकको रूपमा शिक्षा
- राष्ट्रिय आवधिक योजना तथा स्थानीय आवधिक तथा वार्षिक योजना
- विकासका राष्ट्रिय गौरव र स्थानीय गौरवका प्रतीकहरू

**(ग) विज्ञान प्रविधिको साक्षरता र सुरक्षा**

- सूचना तथा सञ्चारका साधन
- विद्युत, इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक साधनहरू
- गणित र जीवनको सम्बन्ध
- विज्ञान र जीवनको सम्बन्ध
- यन्त्र तथा मेकानिकल प्रविधि
- विद्युत, विद्युतीय सामग्री तथा अन्य यान्त्रिक साधन र यिनीहरूको प्रयोग गर्दा सुरक्षित हुने उपाय

**(घ) स्थानीय उत्पादन, उद्योग र व्यवसाय**

- स्थानीय पेशा र व्यवसाय
    - कृषि,
    - पशुपंक्षी
    - मत्स्य
    - फलफूल तथा फूलबारी (Horticuluure)
- उद्योग/कलकारखाना
- यातायात र पर्यटन

- होमस्टे तथा होटल

(ङ) **सहकारी र बैङ्क**

- नियमित र अनिवार्य खर्चका क्षेत्रहरू
- बचत र खर्च प्रणाली
- लेखा प्रणाली
- बचत र सुरक्षित लगानी
- सामुहिक आर्थिक क्रियाकलाप तथा बचत र ऋण

(च) **खेलकुद र नैतिक चरित्र**

- कोठा भित्र र कोठा बाहिरका खेलहरू
- स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय स्तरका खेलहरू
- खेलको प्रबर्द्धन गर्ने निकायहरू
- व्यक्तिको असल चरित्र र संस्कृति
- आदर सम्मान, माया ममता र आपसी सम्बन्ध
- भलो र शुभ चिन्तन
- योगा, ध्यान र तपस्या
- आध्यात्मिक चिन्तन

# खण्ड-क
# (कक्षा ४-५)

## ४. विषयवस्तुको छनोट

पाठ्यक्रममा निर्धारण गरिएका विषय क्षेत्र र उपक्षेत्रका आधारमा निम्न अनुसारका विषयवस्तुको छनोट गरिएको छ ।

**कक्षा ४ का लागि निम्नअनुसारको विषयवस्तु छनोट गरिएका छन् ।**

- नगरपालिकाको नक्शा र त्यस भित्र पर्ने आफ्नो वडाको अवस्थिति, क्षेत्रफल र सिमाना,
- वरिपरिको स्वच्छ र सफा वातावरण,
- नगर भित्रको धार्मिक सम्पदा, चाडपर्व, रीतिरिवाज र पोषणयुक्त खानेकुराहरू,
- आफ्नो वडा कार्यालयबाट प्राप्त हुने विविध प्रकारका सेवा तथा सुविधाहरू,
- आफ्नो बसोबास स्थान र विद्यालय भएको वडाको प्रदेश सहितको ठेगाना,
- आफ्नो वडाभित्रका प्राविधिक विषयहरू,
- जन्मसिद्ध अधिकारको रूपमा शिक्षा र जीवनमा यसको महत्त्व,
- फरक अवस्थामा व्यक्तिले निभाउनु पर्ने असल भूमिकाहरू,
- नगरपालिका भित्रका राष्ट्रिय र स्थानीय गौरवका योजनाप्रति आत्मगौरव,
- इन्टरनेट तथा अन्य सूचना तथा सञ्चारका साधन,
- दैनिक जीवनमा प्रयोग हुने सामान्य यान्त्रिक तथा विद्युतीय उपकरण र तिनीहरूको सुरक्षित प्रयोग,
- गणित र विज्ञानका ज्ञानलाई दैनिक जीवनमा उपयोग,
- व्यक्तिको दैनिकी र समयको स्वःव्यवस्थापन,
- आफ्नो घर छिमेकमा अपनाइएका पेशा/ व्यवसाय र उद्योग कलकारखाना,
- आफ्नो टोल छिमेकमा सञ्चालनमा रहेका यातायातका साधन,
- आगन्तुक पाहुना तथा पर्यटकको स्वागत तथा सत्कार,
- घर वरिपरिको फूलबारीको महत्त्व,
- नियमित आम्दानीका स्रोत र आवश्यकता अनुसारको खर्च तथा बचत,
- बचतलाई सुरक्षित राख्ने र ऋण लगानी गर्ने संस्थाहरू,
- गतिशील र स्थिर अवस्थाका सीपहरू,
- स्थानीय कोठाभित्र र बाहिर खेलिने खेलका सीप तथा लोकप्रिय खेलहरू,
- खेलकुदका विकास र विस्तारमा कार्य गर्ने संस्थाहरू,

- व्यक्तिका राम्रा गुणहरू र असल बानी व्यहोरा,
- स्थानीय समाजसेवी तथा असल व्यक्तिहरूका विशेषता,
- अरूप्रति उचित आदर, सम्मान तथा माया, ममताको व्यवहार,
- शारीरिक व्यायम, योगा र ध्यान ।

**कक्षा ५ का लागि निम्न अनुसारको विषयवस्तु छनोट गरिएका छन् ।**

- नगरपालिकाको नक्शामा वडाभित्रका मुख्य स्थानहरू, प्राकृतिक तथा मानव निर्मित स्रोत साधन र सम्पदा,
- वरिपरिको स्वच्छ, सफा र प्रदुषित वातावरण,
- आफ्नो समुदायको जन्मदेखि मृत्युसम्मका संस्कारहरू,
- आफनो परम्परागत तथा मौलिक लोक संस्कृति,
- घरायसी पोषणयुक्त खानेकुरा,
- आधारभूत ज्यामितीय आकार,
- आफ्नो वडाको वडा समितिको गठन विधि र वडा कार्यलयबाट प्राप्त हुने विविध प्रकारका सेवा तथा सुविधाहरू,
- योजना र यसको महत्त्व,
- व्यक्तिको नैसर्गिक अधिकारको रूपमा शिक्षा र यसको समुचित उपयोगमा विविध पक्षको भूमिका,
- विकासमा सम्बद्ध विविध निकाय तथा पक्ष,
- इन्टरनेट तथा यसको उचित उपयोगका लागि प्रयोग गरिने सफ्टवेयर र साधन,
- दैनिक जीवनमा प्रयोग हुने कृषि सम्बद्ध सामान्य उपकरण र तिनीहरूको सुरक्षित प्रयोग,
- गणित र विज्ञानका ज्ञानलाई दैनिक जीवनमा उपयोग गर्ने सीप,
- व्यक्तिको दैनिकी र समयको स्वःव्यवस्थापन,
- आफ्नो घर छिमेकमा अपनाइएका पेशा/ व्यवसाय र उद्योग कलकारखानाको वर्गीकरण,
- आफ्नो वडाका विविध उत्पादन,
- आफ्नो टोल छिमेकमा सञ्चालनमा रहेका यातायातका साधन र त्यसको प्रभाव,
- आगन्तुक पाहुना तथा पर्यटकको स्वागत तथा सत्कार,
- घर वरिपरिको करेसाबारीको महत्त्व,

- टोल छिमेकका नियमित आम्दानीका स्रोत र आवश्यकता अनुसारको खर्च, बचत तथा त्यसको अभिलेखीकरण,
- वडाभित्रका बचतलाई सुरक्षित राख्ने र ऋण लगानी गर्ने संस्थाहरू,
- गतिशील र स्थिर अवस्थाका सीपहरू,
- स्थानीय रूपमा कोठाभित्र र बाहिरका लोकप्रिय खेल खेल्ने सीप,
- आफ्नो वडामा खेलकुदका विकास र विस्तारमा कार्य गर्ने संस्थाहरू,
- व्यक्तिका राम्रा गुणहरू र असल बानी व्यहोरा र त्यसको अनुसरण,
- अरूप्रति उचित आदर, सम्मान तथा माया, ममताको व्यवहार ।
- शारीरिक व्यायम, योगा र ध्यानको आवश्यकता ।

**५. तहगत सक्षमताहरू**

गैंडाकोट नगरपालिका भित्रका विद्यालयहरूमा आधारभूत तह (कक्षा ४-५) मा अध्यापन गराउनका लागि निर्माण गरिएको स्थानीय पाठ्यक्रमको विषयवस्तुका आधारमा विद्यार्थीमा हासिल हुनु पर्ने सक्षमताहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- नगरभित्रको प्राकृतिक संरचना एवम् भूगोलको विशेषता र प्राकृतिक सम्पदाको महत्त्वबोध,
- स्वच्छ, सफा र हराभरा वातावरण तथा मानव स्वास्थ्यका लागि गर्नुपर्ने क्रियाकलापको तार्किक प्रस्तुति,
- स्थानीय तहमा उत्पादन र निर्माण गरिने खाना तथा परिकारको उपयोग,
- नगरभित्रका विभिन्न मानव समुदायका धार्मिक, भाषिक र परम्परागत संस्कृतिसँग परिचित,
- मूर्ति तथा चित्रकलाप्रति आफ्नो रुचि, चासो तथा उत्सुकता र अभ्यास,
- नेपालको राजनैतिक संरचना र विभिन्न तहका सरकारको मुख्य अधिकार र कार्यक्षेत्र बारे परिचित,
- शिक्षा अधिकारको रूपमा रहेको सेवा क्षेत्र हो भन्ने कुराको वकालत,
- सुशासन र सम्वृद्धिको अर्थ र विशेषताप्रति तार्किक अभिव्यक्ति,
- विकासका लागि राष्ट्रिय र स्थानीय वार्षिक/ आवधिक योजनाप्रति सचेतना,
- सूचना र सञ्चारको महत्त्व र सही उपयोग गर्ने तरिकाको बोध,
- विद्युतीय सामग्री, घरायसी तथा अन्य यान्त्रिक उपकरणहरूको प्रयोग र सुरक्षाका उपायहरूको प्रस्तुति,

- गणित र विज्ञानलाई दैनिक जीवनमा प्रयोग हुने विभिन्न क्रियाकलापसँग जोड्ने उपायको सान्दर्भिक प्रस्तुति,
- परिवारको मुख्य पेशा र व्यवसायको महत्त्व र सञ्चालन गर्ने तरिकासँग परिचित,
- समाजको वरिपरि रहेका विभिन्न उत्पादनमूलक उद्योग व्यवसायको परिचय र महत्त्वको आत्मसात्,
- उत्पादनमूलक पेशा तथा व्यवसायमा संलग्न हुने तरिकाको प्रस्तुति,
- यातायातका साधनबाट पर्ने सकारात्मक प्रभावको बोध तथा स्वीकार,
- पाहुना तथा पर्यटकको स्वागत सत्कारमा संलग्नता,
- फूलबारी र करेसाबारीको सम्बर्द्धनमा संलग्नता,
- बचत र लगानी तथा आय र खर्च सम्बन्धी क्रियाकलापमा सचेतता,
- खेलप्रति रुचि प्रदर्शन र खेललाई  स्वास्थ्य तथा अनुशासित जीवनसँग आवद्ध गर्ने व्यवहारको विकास,
- समुदायका सबै व्यक्तिहरूसँग माया ममता, स्नेह र असल सम्बन्ध स्थापना गर्न शिष्ट व्यवहारको प्रदर्शन,
- योगा, ध्यान र अनुशासनसँग परिचित र त्यसप्रतिको झुकाव ।

**६. कक्षागत सक्षमताहरू**

**कक्षा ४**

कक्षा ४ को अध्ययन गरिसके पछि विद्यार्थीहरूमा निम्न अनुसारका सक्षमताहरू हासिल हुनेछन् :

- गैंडाकोट नगरपालिकाको नक्शा कोर्न र त्यसमा वडा तथा सिमानाको पहिचान,
- आफ्नो घर वरिपरिको सफा र स्वच्छ वातावरण प्रति सजगता,
- पोषणयुक्त घरायसी खानेकुराको प्रयोग,
- नगरपालिका भित्रका विभिन्न धार्मिक सम्पदाको पहिचान तथा चाडपर्व लक्षित क्रियाकलापमा सचेतता,
- आफ्नो चाडपर्व लक्षित भजन तथा गीतमा संलग्नता,
- आफ्नो घर तथा विद्यालयको पूरा ठेगाना र वडा कार्यालयले प्रदान गर्ने सेवाहरूसँग परिचित,
- शिक्षा एक मौलिक तथा जन्मसिद्ध अधिकारको रूपमा व्याख्या,
- व्यक्तिलाई शिक्षाको महत्त्वको व्याख्या,
- शिक्षा र असल परिवारका सदस्यहरूको सम्बन्ध बारे परिचित,

- शैक्षिक सुशासनका लागि विद्यालय र विद्यार्थीको भूमिका बोध,
- समयको योजनाबद्ध व्यवस्थापनका लागि दैनिकीको प्रयोग,
- नगरपालिकाभित्रका स्थानीय गौरवका योजनाप्रतिको सचेतता,
- इन्टरनेट तथा अन्य सूचना तथा सञ्चारका साधनको सामान्य उपयोग,
- घरमा प्रयोगमा आउने विभिन्न घरायसी उपकरणको काम र महत्त्व तथा प्रयोगमा अपनाइनु पर्ने सुरक्षाका उपाय बोध,
- दैनिक जीवनमा प्रयोग हुने विभिन्न साधन तथा उपकरणको एक आयामिक नाप गर्ने सीप,
- समयको नाप निकाल्न तथा समयका विभिन्न एकाइको सम्बन्धको प्रस्तुति,
- समयको सही सदुपयोग गर्ने तरिकामा अभ्यस्त,
- आफ्नो घर तथा छरछिमेकमा अपनाइएका पेशा/व्यवसाय तथा उद्योग/कलकारखाना र त्यसको उत्पादनको महत्त्व प्रस्तुत,
- आफ्नो घर तथा छरछिमेकमा रहेका विभिन्न उत्पादनमूलक उद्योगसित परिचित,
- परिवारले अपनाएका पेशा तथा व्यवसायका बारेमा सचेतता,
- आफ्नो टोल छिमेकमा सञ्चालनमा रहेका यातायातका साधनको सकरात्मक प्रभावको बोध तथा स्वीकार,
- आगन्तुक पाहुना तथा पर्यटकलाई स्वागत सत्कार गर्ने तरिका,
- होटल र होमस्टेका राम्रा पक्षको बोध,
- घर वरिपरिको फूलबारीको सम्बर्द्धनमा आफ्नो संलग्नता,
- आम्दानीका स्रोतबाट आवश्यकता अनुसार वर्गीकरण गरी खर्च गर्ने बानीको विकास,
- आम्दानी गर्ने उपायहरू तथा त्यसबाट बचत गर्ने तरिका तथा आम्दानी र खर्चको अभिलेख राख्ने तरिकाप्रति सजगता,

**कक्षा ५**

कक्षा ५ को अध्ययन गरिसके पछि विद्यार्थीहरूमा निम्न अनुसारका सक्षमताहरू हासिल हुनेछन् :

- गैंडाकोट नगरपालिकाको नक्शामा आफ्नो वडाको मुख्य स्थानहरूको पहिचान,
- नगरपालिकाको मुख्य प्राकृतिक स्रोत तथा साधनको महत्त्व बोध,
- नगरभित्रका विभिन्न वडाहरूको नाम र कार्यालयको अवस्थितिको व्याख्या,
- आफ्नो घर तथा टोल वरिपरिको वातावरण सफा र स्वच्छ राख्न आफ्नो संलग्नता,
- घरमा प्रयोग हुने पोषणयुक्त खानाको महत्त्व बोध तथा उपयोग,

- आफ्नो समुदायमा जन्मदेखि मृत्युसम्मका विभिन्न समारोह, काज क्रिया सम्बन्धी चालचलनप्रतिको बोध एवम् प्रयोग ।
- हाउभाउ सहित स्थानीय भजन, झ्याउरे, कौरा जस्ता लोकसांस्कृतिक अभ्यासमा सीप एवम् अभिवृत्तिको विकास,
- आफूलाई मन पर्ने विभिन्न वस्तुहरूको आधारभूत ज्यामितीय आकृतिहरूको सिर्जना,
- गैंडाकोट नगरपालिकाको जनसंख्याको बनोट, वडा कार्यालयको गठन विधि तथा प्राप्त हुने सेवाको उपयोग गर्ने कौशलता,
- शिक्षा जन्मसिद्ध अधिकार हो भनी तर्क प्रस्तुत तथा आफ्नो भूमिकाप्रति सचेतता,
- व्यक्ति र समाजलाई शिक्षाको महत्त्वको व्याख्या, महत्त्व
- शिक्षा र असल समुदायका सदस्यहरूको सम्बन्ध बारे परिचित,
- शैक्षिक सुशासनका लागि विभिन्न पक्षहरूले निभाउनु पर्ने भूमिकाहरूको प्रस्तुति,
- विद्यालयको योजनाको अर्थ र त्यसको महत्त्व बोध,
- नगरपालिकाभित्रका राष्ट्रिय गौरव र स्थानीय गौरवका योजनाको महत्त्व बोध,
- विकासका लागि नेतृत्वदायी र सहयोगी विभिन्न स्तरका निकाय तथा संस्थाहरूको बोध तथा तिनीहरूको कार्यको पैरवी,
- इन्टरनेट तथा आधुनिक सूचना तथा सञ्चारका साधनको सावधानीपूर्वक उपयोग,
- घरायसी काममा प्रयोग हुने विद्युतीय तथा मेकानिकल औजार तथा कृषिकार्यमा उपयोग हुने विभिन्न औजार तथा मेसिनरीहरूको महत्त्व तथा प्रयोगमा अपनाउनु पर्ने सुरक्षाका उपायको सिर्जनशील व्याख्या,
- दैनिक प्रयोगका विभिन्न उपकरण तथा सामग्रीको विभिन्न आयामको नाप सम्बन्धी ज्ञान, सीप, एवम् अभिवृत्तिको विकास र प्रयोग,
- समयलाई विभिन्न एकाइमा प्रस्तुत गर्ने दक्षता,
- समयको सही सदुपयोग गर्ने तरिकामा अभ्यस्त,
- छरछिमेकमा अपनाइएका पेशा/व्यवसाय, उद्योग कलकारखानाबाट उत्पादित वस्तुको महत्त्व बोध तथा स्वीकार,
- आफ्नो घर तथा टोलमा रहेका विभिन्न उत्पादनमूलक उद्योग र व्यवसायसित परिचित,
- आफ्नो टोलमा रहेका उत्पादनमूलक पेशा तथा व्यवसाय बारे सचेतता,
- आफ्नो वडामा सञ्चालनमा रहेका यातायातका साधनले दैनिक जीवनमा पारेका सकरात्मक प्रभावको व्याख्या,

- विभिन्न समुदायले आगन्तुक पाहुना तथा पर्यटकलाई स्वागत सत्कार गर्ने तरिकाप्रति सजगता र प्रयोग,
- व्यवसायिक रूपमा सञ्चालनमा रहेका होटल र होमस्टेले दिने सेवा र त्यसका राम्रा र कमजोर पक्षको तुलना,
- करेसाबारीको महत्त्व दर्शाउन र त्यसको विकासमा आफ्नो संलग्नता प्रस्तुत गर्न,
- नियमित आम्दानीका स्रोतबाट सन्तुलित खर्च र बचतप्रति सजगता,
- आफ्नो वडाका परिवारका सदस्यले आम्दानी र खर्च गर्ने तरिका तथा उपायहरूको बोध र व्यवहारिक जीवनमा त्यसको अनुसरण,
- शारीरिक व्यायमका सीपहरूको समुचित उपयोग,
- स्थानीय रूपमा लोकप्रिय खेल खेल्ने सीप प्रदर्शन,
- आफ्नो सकारात्मक सोच, बोली, काम र व्यवहारबाट अरुको हित हुने काम तथा माया, ममता, असल सम्बन्ध स्थापना गर्ने बानीको विकास,
- परिवार, छिमेकी र पाहुनाहरूप्रति उचित आदर सम्मान व्यक्त गर्ने तरिकाको बोध तथा प्रयोग,
- अरुलाई सहयोग र भलो हुने व्यवहारको प्रदर्शन,
- योगा, ध्यान र तपस्याबाट हुने शारीरिक र मानसिक फाइदाहरूप्रति सचेतता र प्रयोग,
- शारीरिक क्रियाकलापका लागि गतिशील र स्थिर अवस्थाका सीपहरूको प्रयोग,
- स्थानीय रूपमा सञ्चालन भएका लोकप्रिय खेलहरूसँग परिचित,
- आफूमा राम्रा गुणहरू र असल बानी व्यहोराको विकास,
- परिवार, छिमेकी र पाहुनाहरूप्रति उचित आदार सम्मान र माया ममता प्रदर्शन,
- अरुलाई सहयोग र भलो हुने व्यवहारको पहिचान,
- शारीरिक तन्दुरुस्तीको लागि सूक्ष्म व्यायम, योगा र ध्यानको आवश्कताप्रति सजगता र उपयोग ।

## ७. कक्षागत विषय क्षेत्र र सिकाइ उपलब्धिको विस्तृतीकरण

यस खण्डमा कक्षा ४ र ५ कक्षाका विषयगत क्षेत्र, विषयवस्तु, विशिष्ट उद्देश्य, सिकाइ उपलब्धि र शिक्षण सिकाइ क्रियाकलाप तथा मूल्याङ्कनका तरिकालाई विस्तृत रूपमा प्रस्तुत गरिएको छ। कक्षाकोठामा अध्यापन गरिसकेपछि विद्यार्थीमा कस्तो सिकाइ उपलब्धि हासिल गर्ने भन्ने उद्देश्यलाई विशिष्ट उद्देश्यको रूपमा उल्लेख गरिएको छ भने उद्देश्य पूरा भइ सकेपछि विद्यार्थीमा आउने परिवर्तनलाई सिकाइ उपलब्धिको रूपमा उलल्ेख गरिएको छ। यहाँ उल्लेख भएका भन्दा फरक शिक्षण सिकाइ क्रियाकलापबाट पनि विद्यार्थीहरूमा तोकिएका सिकाइ उपलब्धिहरू हासिल हुन सक्छन् भने त्यस्ता क्रियाकलाप र मूल्याङ्कनका तरिकाहरू पनि उपयोग गर्न सकिने छ।

**कक्षा ४ को पाठ्यक्रम विस्तृतीकरण**

| क्र.सं | विषय क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य | सिकाइ उपलब्धि | शिक्षण सिकाइ क्रियाकलाप तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|
| १ | स्थानीय भूगोल, कला र संस्कृति | • नगरपालिकाको नक्शा र त्यसभित्र पर्ने आफ्नो वडाको अवस्थिति, क्षेत्रफल र सिमाना<br>• वरिपरिको स्वच्छ र सफा वातावरण<br>• नगरभित्रको धार्मिक सम्पदा, चाडपर्व, रीतिरिवाज र पोषणयुक्त खानेकुराहरू | • गैंडाकोट नगरपालिकाको भौगोलिक नक्शा कोर्न र नक्शामा आफ्नो वडाको अवस्थिति देखाउन सक्ने,<br>• नगरपालिकाको सिमानामा पर्ने अन्य भौगोलिक तथा स्थानीय तहको क्षेत्र बताउन र नगरपालिकाको कूल क्षेत्रफल भन्न सक्ने,<br>• नगरभित्रका विभिन्न वडाहरूको नाम र कार्यालय भएको स्थानको नाम भन्न सक्ने,<br>• आफ्नो घर वरिपरि सफा र स्वच्छ वातावरण कायम गर्न विद्यार्थीले निभाउन सक्ने भूमिका बताउन सक्ने, | • गैंडाकोट नगरपालिकाको भौगोलिक नक्शा तयार गर्ने,<br>• नक्शामा आफ्नो वडाले ढाकेको क्षेत्र देखाउने,<br>• नगरपालिकाको कूल क्षेत्रफल वर्ग मिटरमा भन्ने,<br>• नगरपालिकाको सिमानामा पर्ने भौगोलिक तथा स्थानीय तहको पहिचान गर्ने,<br>• नगरभित्रका विभिन्न वडाहरूको नाम र कार्यालय भएको स्थान चिन्न सक्ने,<br>• आफ्नो घर वरिपरि सफा र स्वच्छ वातावरण कायम गर्न आफूले योगदान गर्न र सो कुरा बताउन, | • अभ्यास र प्रदर्शन<br>○ विद्यालय वरिपरिको सानो क्षेत्रफललाई आधार लिएर नक्शा रेखाङ्कन गर्न लगाउने,<br>○ गैंडाकोट नगरपालिकाको नक्शा प्रदर्शन र त्यसको अनुकरण गर्न लगाउने,<br>○ नक्शामा विद्यालय तथा घर भएको वडाको क्षेत्र पहिचान गर्न अभ्यास गराउने,<br>○ नक्शा हेरेर सिमानामा रहेका अन्य पालिकाको पहिचान गर्न लगाउने,<br>○ नक्शाको सिमानामा रहेका प्राकृतिक सम्पदाको पहिचान गर्ने सीपका लागि अभ्यास गराउने,<br>○ नक्शामा दिशा छुट्याउन र कुल क्षेत्रफल सम्झन अभ्यास गराउने,<br>○ नगरपालिकाभित्रका वडाको नाम भएको चार्ट वा नक्शा प्रस्तुत गर्ने र वडा कार्यालय भएको स्थान टिपोट गर्न लगाउने।<br>• छलफल र प्रश्नोत्तर तथा परियोजना कार्य<br>○ आफ्नो घर वरिपरि विद्यमान सफा तथा स्वच्छ वातावरणको अवस्था बारे छलफल गर्न लगाउने,<br>○ सफा र स्वच्छ वातावरण कायम राख्न |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • नगरपालिकाभित्र विभिन्न स्थानमा रहेको धार्मिक सम्पदाहरूको पहिचान गर्न सक्ने,<br>• आफ्नो परिवारमा मनाइने विभिन्न चाड पर्वको विशेषता सहित त्यसमा गरिने विभिन्न क्रियाकलाप बताउन सक्ने,<br>• चाडपर्व विशेषका गीत तथा भजनमा आफ्नो संलग्नता देखाउन सक्ने,<br>• घरमा तयार गरिएका पोषणयुक्त खानेकुराहरूको सूची तयार गर्न सक्ने । | • नगरपालिकाभित्र विभिन्न स्थानमा रहेको धार्मिक सम्पदाहरूको परिचय दिन,<br>• आफ्नो परिवारमा मनाइने विभिन्न चाड पर्वको विशेषता बताउन र त्यसमा गरिने विभिन्न क्रियाकलापमा सहभागिता देखाउन,<br>• चाडपर्व विशेषका गीत तथा भजनमा आफ्नो रुची प्रस्तुत गर्न,<br>• घरमा तयार गरिएका पोषणयुक्त खानेकुराहरूको सूची तयार गर्न र उपयोग गर्ने बानीको विकास गर्ने । | विद्यार्थीले गर्न सक्ने कार्यहरू के के हुन सक्छन् ? समूहमा छलफल गर्न लगाई प्रस्तुत गर्न लगाउने,<br>○ छलफल तथा प्रश्नोत्तर गरी नगरपालिकाभित्रका विभिन्न धार्मिक सम्पदाको सूची तयार गर्न लगाउने,<br>○ शिक्षकले यस सम्बन्धमा तयार गरेको सूची कक्षाकोठामा प्रभावकारी रूपमा प्रस्तुत गरिदिने,<br>○ विद्यार्थीको परिवारमा मनाउने विभिन्न चाडपर्वको विशेषता बताउन लगाउने र समूहमा एक आपसको अनुभवको प्रस्तुतीकरण गर्न लगाउने,<br>○ गीत तथा भजनमा सहभागिता जनाउन लगाई प्रतिवेदन तयार गरी प्रस्तुत गर्न लगाउने,<br>○ घरमा उपलब्ध हुन सक्ने पोषणयुक्त खानेकुराको नामावली तयार गर्न लगाउने ।<br>• मूल्याङ्कनका तरिका: प्रश्नोत्तर तथा परियोजना कार्य मार्फत विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने । |
| २ | स्थानीय प्रशासन, शिक्षा र विकास | • आफ्नो वडा कार्यालयबाट प्राप्त हुने विविध प्रकारका सेवा तथा सुविधाहरू,<br>• आफ्नो बसोबास स्थान र विद्यालय भएको वडाको प्रदेशसहितको ठेगाना, | • आफ्नो वडा कार्यालयबाट प्राप्त हुने शिक्षा, स्वास्थ्य, घटना अभिलेखीकरण जस्ता सेवाहरू हुन्छन् भन्ने कुरा बताउन सक्ने,<br>• आफ्नो बसोबास स्थान र विद्यालय भएको वडाको प्रदेशको नाम बताउन सक्ने,<br>• आफ्नो वडाभित्रका विद्यालयमा अध्यापन हुने | • आफ्नो वडा कार्यालयबाट प्राप्त हुने शिक्षा, स्वास्थ्य, घटना अभिलेखीकरण जस्ता सेवाहरूको सूची तयार गर्न ।<br>• आफ्नो बसोबास स्थान र विद्यालय भएको वडाको पूरा ठेगाना उल्लेख गर्ने ।<br>• आफ्नो वडाभित्रका विद्यालयमा अध्यापन हुने प्राविधिक धारका | • क्षेत्र भ्रमण तथा परियोजना कार्य र प्रवचन<br>○ आफ्नो विद्यालय भएको वडा कार्यालयको क्षेत्र भ्रमण गराउने र त्यहाँबाट प्रदान गर्ने सेवाहरूको बारेमा वडाबाट जानकारी लिई त्यसको प्रतिवेदन तयार गर्न लगाउने,<br>○ आफ्नो घर तथा विद्यालयको पूरा ठेगाना लेख्न अभ्यास गराउने र यो कार्य उनीहरूको घरबाटै सिकेर आउन टिपोट गर्नु पर्ने कुराको ढाँचा प्रदान गर्ने,<br>○ वडाभित्र वा छिमेकी वडामा रहेका अन्य मावि तथा प्राविधिक शिक्षालयमा क्षेत्र भ्रमण गराउने र अध्यापन हुने विषयको बारेमा सूचना सङ्कलन गरी प्रस्तुत गर्न लगाउने, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • आफ्नो वडाभित्रका प्रविधिक विषयहरू<br>• जन्मसिद्ध अधिकारको रूपमा शिक्षा र जीवनमा यसको महत्त्व,<br>• फरक अवस्थामा व्यक्तिले निभाउनु पर्ने असल भूमिकाहरू,<br>• नगरपालिकाभित्रका राष्ट्रिय गौरव र स्थानीय गौरवका योजना । | प्राविधिक विषयहरूको सूची तयार गर्न सक्ने,<br>• शिक्षा व्यक्तिको जन्मसिद्ध अधिकार हो भनी बताउन र त्यसको उपयोग गर्ने तरिका बताउन सक्ने,<br>• दैनिकी लेख्न र त्यसलाई लागू गर्न सक्ने,<br>• असल परिवारका लागि घरका सदस्यहरूले निभाउनु पर्ने भूमिका बताउन सक्ने,<br>• शिक्षाले व्यक्तिलाई असल र सफल बन्न सहयोग पुऱ्याउँछ भन्ने कुरा उदाहरण सहित व्याख्या गर्न सक्ने,<br>• नगरपालिकाभित्रका राष्ट्रिय गौरव र स्थानीय गौरवका योजनाको सूची तयार गर्न सक्ने । | विषयहरूको सूची तयार गर्ने,<br>• शिक्षा व्यक्तिको जन्मसिद्ध अधिकार हो भनी तर्क प्रस्तुत गर्ने,<br>• शिक्षाको उपयोग गर्दा आफ्नो भूमिका बताउन सक्ने,<br>• दैनिकी लेख्न र त्यसको महत्त्व बताई आत्मसाथ गर्ने,<br>• असल परिवारका लागि घरका सदस्यहरूले निभाउनु पर्ने भूमिकाको सूची बनाउन सक्ने,<br>• शिक्षाले व्यक्तिलाई असल र सफल बन्न सहयोग गर्न सक्छ भन्ने तर्क प्रस्तुत गर्ने,<br>• नगरपालिकाभित्रका राष्ट्रिय गौरव र स्थानीय गौरवका योजनाको सूची तयार गर्ने र मुख्य विशेषता बताउन सक्ने । | ○ वडाको जनप्रतिनिधि वा शैक्षिक अधिकारकर्मीबाट शिक्षा व्यक्तिको जन्मसिद्ध अधिकार हो भन्ने विषयमा प्रवचन गर्न लगाउने,<br>○ दैनिकीको ढाँचा बारे व्याख्या गरी त्यसको महत्त्व उदाहरण सहित व्याख्या गरिदिने,<br>○ विद्यार्थीलाई दैनिकी लेख्न अभ्यास गराउने,<br>○ असल परिवारमा सबै सदस्य बीच हार्दिक सम्बन्धको आवश्यकता र त्यसका लागि सबैको भूमिकाको बारेमा छलफल गरी प्रस्तुत गर्न लगाउने,<br>○ व्यक्तित्व विकासका लागि शिक्षाको भूमिका बारेमा विद्यार्थीको अनुभव बताउन लगाउने र प्रवचन तथा कथाको प्रस्तुतीबाट स्पष्ट पार्ने,<br>○ राष्ट्रिय गौरव र स्थानीय गौरवका योजनाको सूची भएको पोष्टर तयार गरी कक्षामा प्रदर्शन गर्ने,<br>• मूल्याङ्कनका तरिका : मौखिक प्रश्नोत्तर, लिखित परीक्षा तथा परियोजना कार्यबाट विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने । |
| ३ | विज्ञान प्रविधिको साक्षरता र सुरक्षा | • इन्टरनेट तथा अन्य सूचना तथा सञ्चारका साधन,<br>• दैनिक जीवनमा प्रयोग हुने सामान्य तथा विद्युतीय | • इन्टरनेट तथा अन्य सूचना तथा सञ्चारका साधनको सामान्य उपयोग गर्न सक्ने र त्यसको प्रयोगको तरिका बताउन सक्ने, | • इन्टरनेट तथा अन्य सूचना तथा सञ्चारका साधनको प्रयोगको तरिका बताउने,<br>• घरमा प्रयोगमा आउने विभिन्न सामान्य उपकरणले कामलाई | • प्रवचन, प्रदर्शन र प्रयोगात्मक कार्य<br>○ कम्प्युटरमार्फत इन्टरनेटको उपयोग गर्ने अभ्यास गराउने,<br>○ विद्यार्थीको घरमा प्रयोग हुने विभिन्न सामान्य उपकरणको सूची तयार गर्न र तिनीहरूबाट हुने फाइदाको टिपोट गर्न परियोजना कार्य दिने, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | उपकरणहरू र तिनीहरूको सुरक्षित प्रयोग,<br>• गणित र विज्ञानका ज्ञानलाई दैनिक जीवनमा उपयोग गर्ने सीप,<br>• व्यक्तिको दैनिकी र समयको स्वःव्यवस्थापन | • घरमा प्रयोगमा आउने विभिन्न सामान्य उपकरणको नाम बताउन र तिनको प्रयोग गर्दा कामलाई सजिलो बन्ने कारणसहित उल्लेख गर्न सक्ने,<br>• दैनिक जीवनमा प्रयोग हुने विभिन्न साधन तथा उपकरणको विभिन्न आयमको नाप (लम्बाइ, चौडाइ, र उचाइ, क्षेत्रफल, आयतन) निकाल्न सक्ने,<br>• समयको नाप निकाल्न तथा समयका विभिन्न एकाइको सम्बन्ध निकाल्न सक्ने,<br>• आफ्नो दैनिकीलाई समय र कार्यसँगै स्वःव्यवस्थापन गर्न अपनाउन पर्ने व्यवहार उल्लेख गर्न सक्ने । | सजिलो बनाउने कुरा कारण सहित बताउन सक्ने,<br>• दैनिक जीवनमा प्रयोग हुने विभिन्न साधन तथा उपकरणको विभिन्न आयामको नाप (लम्बाइ, चौडाइ, र उचाइ, क्षेत्रफल, आयतन) निकाल्ने,<br>• समयका विभिन्न एकाइको सम्बन्ध प्रस्तुत गर्न सक्ने,<br>• आफ्नो दैनिकीलाई समय र कार्यसँगै स्वःव्यवस्थापन गर्न अपनाउन पर्ने व्यवहार प्रदर्शन गर्न । | ○ सामान्य उपकरणबाट हुने कार्यलाई साधरण यन्त्रको कार्य सिद्धान्तलाई जोडेर कामलाई सजिलो बनाउँछ भन्ने कुरा प्रदर्शन तथा प्रयोगबाट बताइदिने,<br>○ दैनिक जीवनमा प्रयोगमा आउने विभिन्न उपकरण तथा साधनहरू (जस्तैः स्केल, घरको आग्लो, ढोकाको खापा, कुटो, कोदाली, पन्यु, गिलास, थाल, स्वीच, पंखा, हिटर आदि) को विभिन्न आयामको नाप निकाल्न प्रयोगबाट सिकाउने,<br>○ समयका विभिन्न एकाइलाई एक अर्कोमा रूपान्तर गर्न अभ्यास गराउने,<br>○ दैनिकीको व्यवस्थापन गर्न समय पालनाको योजना निर्माण गर्न योजनाको ढाँचा प्रदर्शनबाट अभ्यास गराउने,<br>• मूल्याङ्कनका तरिका<br>○ प्रयोगात्मक अभ्यास तथा प्रश्नोत्तर र परियोजना कार्यबाट विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने । |
| ४ | स्थानीय उत्पादन, उद्योग र व्यवसाय | • आफ्नो घर छिमेकमा अपनाइएका पेशा/व्यवसाय र उद्योग कलकारखाना,<br>• आफ्नो टोल छिमेकमा | • आफ्नो घर छिमेकमा अपनाइएका पेशा/व्यवसायको परिचय दिन र तिनीहरूको महत्त्व बताउन सक्ने,<br>• आफ्नो टोलमा रहेका विभिन्न उद्योग | • आफ्नो घर छिमेकमा अपनाइएका पेशा/व्यवसायको परिचय दिन र तिनीहरूको महत्त्व बताउने,<br>• आफ्नो टोलमा रहेका विभिन्न उद्योग कलकारखानाबाट | • छलफल, क्षेत्र भ्रमण, खोज विधि, अभिनय र परियोजना तथा प्रयोगात्मक कार्यबाट सिकाइ क्रियाकलापमा सक्रिय बनाउने<br>○ विद्यार्थीहरूलाई उनीहरूको घरका सदस्यले अपनाएका पेशा/व्यवसायको नाम र काम भन्न लगाउने,<br>○ विभिन्न पेशामा गर्ने कामको जानकारी गराउन क्षेत्र भ्रमण गराउने, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सञ्चालनमा रहेका यातायातका साधन,<br>● आगन्तुक पाहुना तथा पर्यटकको स्वागत तथा सत्कार,<br>● घर वरिपरिको फूलबारीको महत्त्व । | कलकारखाना पहिचान गर्न र तिनीहरूबाट उत्पादित वस्तुको महत्त्व दर्शाउन सक्ने,<br>● आफ्नो टोल छिमेकमा सञ्चालनमा रहेका यातायातका साधनको नाम उल्लेख गरी तिनीहरूले दैनिक जीवनमा पारेका सकरात्मक प्रभाव उल्लेख गर्न सक्ने,<br>● आफ्नो घर तथा छिमेकमा आगन्तुक पाहुना तथा पर्यटकलाई स्वागत सत्कार गर्ने तरिका उल्लेख गर्न र त्यसलाई अपनाउने तरिका भन्न सक्ने,<br>● घर वरिपरिको फूलबारीको महत्त्व दर्शाउन सक्ने,<br>● होटल र होमस्टेले दिने सेवा र त्यसका राम्रा पक्षको उल्लेख गर्न सक्ने । | उत्पादित वस्तुको महत्त्व दर्शाउन सक्ने,<br>● आफ्नो टोल छिमेकमा सञ्चालनमा रहेका यातायातका साधनबाट दैनिक जीवनमा पारेका सकरात्मक प्रभाव उल्लेख गर्न सक्ने,<br>● आफ्नो घर तथा छिमेकमा आगन्तुक पाहुना तथा पर्यटकलाई स्वागत सत्कार गर्ने तरिका उल्लेख गर्न र त्यसलाई अपनाउन,<br>● घर वरिपरिको फूलबारीको महत्त्व दर्शाउन सक्ने,<br>● होटल र होमस्टेले दिने सेवा र त्यसका राम्रा पक्षको उल्लेख गर्न सक्ने । | ○ नजिकका उद्योग कलकारखानाको अवलोकन भ्रमण गराउने,<br>○ आफ्नो टोल छिमेकमा सञ्चालनमा रहेका यातायातका साधनको नाम र काम भन्न लगाउने,<br>○ आगन्तुक पाहुना तथा पर्यटकको स्वागत सत्कारका हुने गरेका क्रियाकलाप विद्यार्थीहरूलाई भन्न लगाउने,<br>○ पाहुना तथा पर्यटकहरूलाई खुशी बनाउन कस्ता क्रियाकलाप गर्नु पर्दछ भन्ने विषयमा छलफल गराउने,<br>○ कक्षामा पाहुना र पर्यटकलाई स्वागत तथा सत्कार गर्ने अभिनय गर्न अभ्यास गराउने,<br>○ आफ्नो घर वरिपरिको फूलबारीको अवस्था बताउन लगाई त्यसको महत्त्वको विषयमा छलफल गर्न लगाउने ।<br>● मूल्याङ्कनका तरिका<br>○ प्रयोगात्मक अभ्यास तथा प्रश्नोत्तर र परियोजना कार्यबाट विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने,<br>○ क्षेत्र भ्रमणको प्रतिवेदन प्रस्तुत गर्न लगाई उनीहरूको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने । |
| ५ | सहकारी र बैङ्क | ● परिवारका नियमित आम्दानीका स्रोत र आवश्यकता अनुसारको खर्च, तथा बचत, | ● आफ्नो घरमा हुने नियमित आम्दानीका स्रोत बताउन र त्यसलाई आवश्यकता अनुसार वर्गीकरण गरी खर्च गर्नु पर्छ भन्ने | ● आफ्नो घरमा हुने नियमित आम्दानीका स्रोत र त्यसको समुचित उपयोग गर्न खर्चको वर्गीकरण गर्ने क्षमता विकास गर्ने, | ● छलफल, क्षेत्र भ्रमण, छलफल, खोज विधि, अभिनय र परियोजना तथा प्रयोगात्मक कार्यबाट सिकाइ क्रियाकलापमा सक्रिय बनाउने<br>○ छलफल विधिबाट विद्यार्थीहरूलाई उनीहरूको घरका सदस्यले गर्ने आम्दानीका स्रोत बताउन लगाउने, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ● टोलभित्रका बचतलाई सुरक्षित राख्ने र ऋण लगानी गर्ने संस्थाहरू । | कुरामा आफ्नो तर्क प्रस्तुत गर्न सक्ने,<br>● आम्दानी गर्ने उपायहरू तथा त्यसबाट बचत गर्ने तरिका उल्लेख गरी आम्दानी र खर्चको अभिलेख राख्ने तरिका र त्यसको महत्त्व बताउन सक्ने,<br>● आफ्नो टोल छिमेकमा बचतलाई सुरक्षित राख्ने र ऋण लगानी गर्ने संस्थाहरूको सूचीकरण गर्न सक्ने,<br>● बचतलाई सुरक्षित राख्ने र ऋण लगानी गर्ने सहकारी/ संस्थाहरूको मुख्य क्रियाकलाप उल्लेख गर्न । | ● आम्दानी, खर्च र बचतको अभिलेख राख्ने सीपको विकास गर्ने,<br>● बचतलाई सुरक्षित राख्ने र ऋण लगानी गर्ने आफ्नो टोल छिमेकका संस्थाहरूको पहिचान गर्ने,<br>● आर्थिक क्रियाकलापको परिचालन गर्ने सहकारी/संस्थाहरूको विशेषता बताउन सक्ने। | ○ आम्दानीलाई कस्ता कामका लागि खर्च हुन्छ भन्ने कुरा टिपोट गर्न लगाई खर्चको किसिमको वर्गीकरण गर्न लगाउने,<br>○ विद्यार्थीलाई परियोजना कार्य दिई घरबाट नै आम्दानी र खर्च सम्बन्धी अभिलेखीकरण क्रियाकलापको विवरण तयार गर्न लगाउने,<br>○ आफ्नो टोल छिमेकमा बचत र खर्च सम्बन्धी आर्थिक क्रियाकलापमा संलग्न संस्थाहरूको नामावली र उनीहरूको मुख्य कार्यको सूची तयार गर्न लगाउने ।<br>● मूल्याङ्कनका तरिका<br>○ प्रयोगात्मक अभ्यास तथा प्रश्नोत्तर र परियोजना कार्यबाट विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने,<br>○ क्षेत्र भ्रमणको प्रतिवेदन प्रस्तुत गर्न लगाई उनीहरूको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने |
| ६ | खेलकुद र नैतिक चरित्र | ● गतिशील र स्थिर अवस्थाका सीपहरू,<br>● कोठाभित्र र बाहिर खेलिने स्थानीय खेलका सीप तथा लोकप्रिय खेलहरू,<br>● आफ्नो टोलमा खेलकुदका विकास र विस्तारमा कार्य गर्ने संस्थाहरू, | ● शारीरिक क्रियाकलापका लागि गतिशील र स्थिर अवस्थाका सीपहरू प्रयोग गर्ने तरिका उल्लेख गर्न सक्ने र आफू अभ्यस्त हुन सक्ने,<br>● स्थानीय रूपमा कोठाभित्र र बाहिर खेलिने खेलका सीप प्रदर्शन गर्न सक्ने,<br>● खेलकुदका विकास र विस्तारमा कार्य गर्ने संस्थाहरूको पहिचान | ● शारीरिक व्यायमका लागि गतिशील र स्थिर अवस्थाका सीपहरूमा आफू अभ्यस्त हुने,<br>● स्थानीय रूपमा कोठाभित्र र बाहिर खेलिने खेलका सीप बताउन तथा प्रदर्शन गर्न सक्ने,<br>● स्थानीय स्तरमा खेलकुदका विकास र विस्तारमा कार्य गर्ने संस्थाहरूको पहिचान गर्न सक्ने, | ● छलफल, अभ्यास, खोज विधि, अभिनय, घटना अध्ययन र परियोजना तथा प्रयोगात्मक कार्यबाट सिकाइ क्रियाकलापमा सक्रिय बनाउने<br>○ गतिशील र स्थिर अवस्थाका सीपहरूमा विद्यार्थीहरूलाई अभ्यास गराउने,<br>○ अभ्यास गरेका क्रियाकलापलाई भन्न लगाउने,<br>○ स्थानीय रूपमा कोठाभित्र र बाहिर खेलिने खेलहरू र अन्य लोकप्रिय खेलहरूको नाम भन्न लगाउने र त्यसको सही अभ्यास गर्न लगाउने,<br>○ आफ्नो टोलमा खेलकुदको विकासमा संलग्न संस्थाहरूको खोजबीन गरी उनीहरूको मुख्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ● व्यक्तिका राम्रा गुणहरू र असल बानी व्यहोरा,<br>● स्थानीय समाजसेवी तथा असल व्यक्तिहरूका विशेषता,<br>● अरुप्रति उचित आदर, सम्मान तथा माया, ममताको व्यवहार,<br>● शारीरिक व्यायम, योगा र ध्यान । | गरी तिनीहरूको मुख्य कार्य बताउन सक्ने,<br>● स्थानीय रूपमा सञ्चालन भएका लोक प्रिय खेलहरूको नाम सूचीकरण गर्न सक्ने,<br>● आफूमा भएका राम्रा गुणहरू र असल बानी व्यहोराको उल्लेख गर्न सक्ने,<br>● स्थानीय क्षेत्रमा रहेका समाजसेवी र असल व्यक्तिहरूको पहिचान गरी उनीहरूको विशेषता बताउन सक्ने,<br>● परिवार, छिमेकी र पाहुनाहरूप्रति उचित आदर सम्मान र माया ममता प्रदर्शन गर्न सक्ने,<br>● अरुलाई सहयोग र भलो हुने व्यवहारको उदाहरण प्रस्तुत गर्न सक्ने,<br>● शारीरिक तन्दुरुस्तीको लागि सुक्ष्म व्यायम, योगा र ध्यानको आवश्कता बताउन र आफूले उपयोग गर्ने तरिका बताउन सक्ने । | ● स्थानीय रूपमा सञ्चालन भएका लोकप्रिय खेलहरूसँग परिचित हुने,<br>● राम्रा गुणहरू र असल बानी व्यहोराको विकास गर्ने,<br>● स्थानीय क्षेत्रमा रहेका समाजसेवी र असल व्यक्तिहरूको विशेषता बताउन सक्ने,<br>● परिवार, छिमेकी र पाहुनाहरूप्रति उचित आदर सम्मान र माया ममता प्रदर्शन गर्ने व्यवहार विकास गर्न सक्ने,<br>● शारीरिक तन्दुरुस्तीको लागि सुक्ष्म व्यायम, योगा र ध्यानमा अभ्यस्त हुन सक्ने । | कार्यहरूको सूची तयार गर्न र प्रस्तुत गर्न लगाउने,<br>○ असल व्यक्तिमा हुनु पर्ने गुणहरू र बानी व्यहोराको बारेमा छलफल गर्न लगाई समाजका त्यस्ता व्यक्तिहरूको सूची तयार गर्न परियोजना कार्य मार्फत गराउने,<br>○ आफूमा भएका असल बानी व्यहोराको सूची तयार गर्न लगाउने र त्यस्तो बानीको सबलीकरणका लागि गर्नु पर्ने कार्यहरू छलफल तथा अन्तरक्रियाबाट प्रस्तुत गर्न लगाउने,<br>○ अरुप्रति माया ममता, आदर सम्मान र सहयोग तथा उचित व्यवहार दर्शाउन विद्यार्थीहरूले गरेका अभिनय तथा अनुभव प्रस्तुतीकरण गर्न लगाउने,<br>○ शारीरिक व्यायम, योगा तथा ध्यानको महत्त्व बताई त्यसमा अभ्यास गर्न लगाउने ।<br>● मूल्याङ्कनका तरिका<br>○ प्रयोगात्मक अभ्यास तथा प्रश्नोत्तर र परियोजना कार्यबाट विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने,<br>○ घटना अध्ययन तयार गर्न लगाई आफूले गरेका क्रियाकलापको प्रस्तुत गर्न लगाउने,<br>○ शारीरिक व्यायम, योगा तथा ध्यान गर्दा गरेका क्रियाकलाप प्रस्तुत गर्न लगाउने । |

## कक्षा ५ को पाठ्यक्रम विस्तृतीकरण

| क.सं | विषय क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य | सिकाइ उपलब्धि | शिक्षण सिकाइ क्रियाकलाप तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|
| १ | स्थानीय भूगोल, कला र संस्कृति | • नगरपालिकाको नक्शामा वडाभित्रका मुख्य स्थानहरू,<br>• प्राकृतिक तथा मानव निर्मित स्रोत साधन र सम्पदा<br>• वरिपरिको स्वच्छ, सफा र प्रदुषित वातावरण,<br>• आफ्नो समुदायको जन्मदेखि मृत्युसम्मका संस्कारहरू,<br>• आफ्नो परम्परागत तथा मौलिक लोक संस्कृति,<br>• घरायसी पोषणयुक्त खानेकुरा,<br>• आधारभूत ज्यामितीय आकार । | • गैंडाकोट नगरपालिकाभित्रका वडाहरूको भौगोलिक अवस्थिति बताउन र नक्शामा आफ्नो वडाको मुख्य स्थानहरूको सङ्केत गर्न सक्ने,<br>• नगरपालिकाको मुख्य प्राकृतिक स्रोत तथा साधनको परिचय दिन सक्ने ।<br>• नगरभित्रका विभिन्न वडाहरूको नाम र कार्यालयको अवस्थिति बताउन सक्ने,<br>• आफ्नो घर वरिपरिको वातावरण सफा र स्वच्छ हुने कारण बताउन र वातावरणीय अवस्थितिको तुलना गर्न सक्ने,<br>• आफ्नो समुदायमा जन्मदेखि मृत्युसम्मका विभिन्न समारोह, काज क्रिया सम्बन्धी चालचलन बताउन र सहभागिता जनाउन गर्ने क्रियाकलाप उल्लेख गर्न सक्ने,<br>• हाउभाउसहित स्थानीय भजन, झ्याउरे, कौरा | • गैंडाकोट नगरपालिकाको नक्शामा विभिन्न वडा र आफ्नो वडाभित्रको मुख्य स्थान देखाउन,<br>• नगरपालिकाको मुख्य प्राकृतिक स्रोत तथा साधनको परिचय दिन,<br>• नगरभित्रका विभिन्न वडा कार्यालयहरू रहेको स्थानको नाम बताउन,<br>• वातावरण सफा र स्वच्छ हुने कारण बताउन र वरिपरिको वातावरणको अवस्था बताउन,<br>• आफ्नो समुदायमा जन्मदेखि मृत्युसम्मका विभिन्न समारोह, काज क्रिया सम्बन्धी चालचलन बताउन र सहभागिता जनाउन,<br>• हाउभाउ सहित स्थानीय भजन, झ्याउरे, कौरा जस्ता जस्ता लोक संस्कृतिक अभ्यासमा सरिक हुन,<br>• पोषणयुक्त खानाको उपयोग गर्न र त्यसको फाइदा बताउन, | • छलफल, प्रश्नोत्तर, अभ्यास, प्रदर्शन र क्षेत्रभ्रमण तथा परियोजना कार्य<br>○ विभिन्न वडासमेत देखिने गैंडाकोटको नक्शा दिएर त्यस्तै नक्शा बनाउन अभ्यास गराउने,<br>○ गैंडाकोट नगरपालिकाको खाली नक्शा प्रदर्शन गर्ने र त्यसमा गैंडाकोटका मुख्य स्थान भर्न अभ्यास गराउने,<br>○ नक्शामा विद्यालय तथा घर भएको वडाको क्षेत्र पहिचान गर्न अभ्यास गराउने,<br>○ नगरपालिकामा भएका मुख्य प्राकृतिक स्रोत तथा साधन भएको स्थानमा क्षेत्र भ्रमण गराउने र ती स्रोतको परिचय छलफलबाट प्रष्ट पार्ने,<br>○ नगरपालिकाभित्रका वडाको नाम भएको चार्ट वा नक्शा प्रस्तुत गर्ने र वडा कार्यालय भएको स्थान टिपोट गर्न लगाउने,<br>○ आफ्नो घर वरिपरिको वातावरण सफा र स्वच्छ हुने कारण उल्लेख गर्ने र विद्यमान अवस्था बताउने,<br>○ सफा र स्वच्छ वातावरण कायम राख्न विद्यार्थीले गर्न सक्ने कार्यहरू के के हुन सक्छन् ? समूहमा छलफल गर्न लगाई प्रस्तुत गर्न लगाउने,<br>○ छलफल तथा प्रश्नोत्तर गरी नगरपालिका भित्रका विभिन्न समुदायमा प्रचलित जन्मदेखि मृत्युसम्मका काज क्रिया टिपोट गरी प्रस्तुत गर्न लगाउने,<br>○ त्यस्ता क्रियाकलापमा विद्यार्थीको सहभागिता सम्बन्धमा रिपोर्ट तयार गर्न परियोजना कार्य दिने र कक्षामा प्रस्तुत गर्न लगाउने, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जस्ता लोक सांस्कृतिक अभ्यासमा सरिक हुन र त्यसको तरिका बताउन सक्ने,<br>● घरमा प्रयोग हुने पोषणयुक्त खानाको उपयोग गर्न र त्यसको फाइदा बताउन सक्ने,<br>● विभिन्न वस्तुहरूको आधारभूत ज्यामितीय आकृतिहरू प्रस्तुत गर्न सक्ने । | ● विभिन्न वस्तुहरूको आधारभूत ज्यामितीय आकृतिहरू निर्माण गर्न । | ○ घर वरपर हुने भजन तथा सांस्कृतिक कार्यक्रममा भाग लिन परियोजना कार्य दिने र त्यसको प्रस्तुति गर्न लगाउने,<br>○ भजन तथा सांस्कृतिक कार्यक्रमको अभिनय कक्षाकोठामा गर्न लगाउने,<br>○ छलफल तथा प्रश्नोत्तरबाट घर वरिपरि भएका पोषणयुक्त खानेकुराको उपयोग गर्ने तरिका र फाइदा बताउन लगाउने,<br>○ विद्यार्थीलाई मनपर्ने आधारभूत ज्यामितीय चित्रहरू बनाउन अभ्यास गराउने ।<br>● मूल्याङ्कनका तरिका : व्यवहार अवलोकन क्षेत्रभ्रमणको प्रतिवेदन, परियोजना कार्य, छलफल तथा प्रश्नोत्तरबाट सिकाइ उपलब्धिको गर्ने । |
| २ | स्थानीय प्रशासन, शिक्षा र विकास | ● आफ्नो वडाको वडा समितको गठन विधि र वडा कार्यालयबाट प्राप्त हुने विविध प्रकारका सेवा तथा सुविधाहरू,<br>● योजना र यसको महत्त्व,<br>● व्यक्तिको नैसर्गिक अधिकारको रूपमा शिक्षा र यसको समूचित उपयोगमा विभिन्न पक्षको भूमिका, | ● गैंडाकोट नगरपालिकाको जनसङ्ख्याको बनोट ( भौगोलिक तथा जातीय र सङ्ख्याको आधारमा) बताउन सक्ने,<br>● आफ्नो वडा कार्यालयको वडा समितिको गठन विधि बताउन र त्यहाँबाट प्राप्त हुने सेवाहरूको उपभोग गर्ने तरिका बताउन सक्ने,<br>● विद्यालयको योजनाको अर्थ बताई यसको महत्त्व उल्लेख गर्न तथा त्यसमा आफ्नो सहभागिता हुने तरिका उल्लेख गर्न सक्ने,<br>● शैक्षिक सुशासनका लागि यससँग सम्बद्ध पक्षहरूले निभाउनु पर्ने भूमिकाहरू बताउन सक्ने, | ● गैंडाकोट नगरपालिकाको जनसङ्ख्याको बनोट (भौगोलिक तथा जातीय र सङ्ख्याको आधारमा) बताउन,<br>● आफ्नो वडा कार्यालयको वडा समितिको परिचय दिन र त्यहाँबाट प्राप्त हुने सेवाहरू बताउन,<br>● विद्यालयको योजनासँग परिचित हुन र त्यसमा आफ्नो सहभागिता हुने तरिका बताउन,<br>● शैक्षिक सुशासनका लागि विद्यार्थी, शिक्षक, अभिभावक, विद्यालय परिवार तथा स्थानीय सरकारले निभाउनु पर्ने भूमिकाहरू बताउन, | ● छलफल, प्रवचन, प्रश्नोत्तर, अभ्यास, प्रदर्शन र क्षेत्र भ्रमण तथा परियोजना कार्य<br>○ आफ्नो कक्षा/विद्यालयका सबै विद्यार्थीको जम्मा सङ्ख्या, उनीहरूको जात र घर भएको टोलको अभिलेख निकाल्न लगाउने,<br>○ वडा कार्यालयमा क्षेत्र भ्रमण गराई गैंडाकोट नगरपालिकाको जनसङ्ख्या र बनोट (भौगोलिक तथा जातीय र सङ्ख्याको आधारमा) टिपोट गरी प्रस्तुत गर्न लगाउने,<br>○ वडा कार्यालयको क्षेत्र भ्रमण गराउने र त्यहाँबाट प्रदान गर्ने सेवाहरूको बारेमा तथा गठन हुने वडा समितिको बारेमा जानकारी लिन लगाउने,<br>○ विद्यालयमा बनेका योजनाहरूको प्रदर्शन गरी योजनाको अर्थ बताइदिने र विद्यालयका योजना निर्माण गर्दा विद्यार्थीको प्रतिनिधित्व गराउने अभ्यास गर्ने,<br>○ शैक्षिक सुशासनका लागि विद्यालय, वडा कार्यालय, नगरपालिका र अन्य निकाय तथा पदाधिकारीहरूको काम कर्तव्यको बारेमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • विकासमा सम्बद्ध विभिन्न निकाय तथा पक्ष । | • शिक्षा प्राप्त गर्न पाउने जन्म सिद्ध अधिकार हो भनी तर्क प्रस्तुत गर्न सक्ने,<br>• आफ्नो वडाभित्रका विकासका लागि नेतृत्वदायी र सहयोगी विभिन्न स्तरका निकाय तथा संस्थाहरूको खोजी गरी बताउन सक्ने । | • शिक्षा प्राप्त गर्न पाउने जन्मसिद्ध अधिकार हो भनी तर्क प्रस्तुत गर्न,<br>• आफ्नो वडाभित्रका विकासका लागि नेतृत्वदायी र सहयोगी विभिन्न स्तरका निकाय तथा संस्थाहरूसँग परिचित हुन । | छलफल तथा अन्तरक्रियाबाट स्पष्ट पार्ने,<br>○ शिक्षा व्यक्तिको जन्मसिद्ध अधिकार हो भन्ने विषयसँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूसहित पुष्टि पार्ने,<br>○ वडाभित्रका विकासका कार्यमा प्रत्यक्ष विभिन्न निकाय तथा संस्थाहरूको बारेमा छलफल, क्षेत्र भ्रमण, परियोजना कार्यमार्फत जानकारी संकलन गर्न लगाई प्रस्तुत गर्न लगाउने ।<br>• मूल्याङ्कनका तरिका : मौखिक प्रश्नोत्तर, लिखित परीक्षा तथा परियोजना कार्यबाट विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने । |
| ३ | विज्ञान प्रविधिको साक्षरता र सुरक्षा | • इन्टरनेट तथा यसको उचित उपयोगका लाीग प्रयोग गरिने सफ्टवेयर र साधन,<br>• दैनिक जीवनमा प्रयोग हुने कृषि सम्बद्ध सामान्य उपकरण र तिनीहरूको सुरक्षित प्रयोग,<br>• गणित र विज्ञानका ज्ञानलाई दैनिक जीवनमा उपयोग गर्ने सीप,<br>• व्यक्तिको दैनिकी र समयको स्वःव्यवस्थापन । | • आफ्नो अध्ययनका लागि इन्टरनेट तथा अन्य सूचना तथा सञ्चारका साधनको सामान्य उपयोग गर्न र यसको उपयोग गर्दा अपनाउन पर्ने साबधानी बताउन सक्ने,<br>• घरायसी प्रयोग तथा कृषिकार्यमा उपयोग हुने विभिन्न यान्त्रिक औजारहरूको सूचीकृत गर्न र त्यसको प्रयोगको सामान्य तरिका बताउन सक्ने,<br>• आफूले तथा घरमा प्रयोग हुने विभिन्न सामानको तौल अन्दाज गर्न, वास्तविक नाप गरी अभिलेख राख्न र सोको मापन गर्ने एकाइहरूको सम्बन्ध बताउन सक्ने, | • आफ्नो अध्ययनका लागि इन्टरनेट तथा अन्य सूचना तथा सञ्चारका साधनको सावधानीपूर्वक उपयोग गर्न,<br>• घरायसी प्रयोग तथा कृषिकार्यमा उपयोग हुने विभिन्न मेकानिकल औजारको नामावली तयार गर्न र प्रयोगको सामान्य तरिका बताउन,<br>• दैनिक प्रयोगमा आउने विभिन्न सामानको तौल अन्दाज गर्न, वास्तविक नाप गरी अभिलेख राख्न र सोको मापन गर्ने एकाइहरूको सम्बन्ध बताउन सक्ने,<br>• आफ्नो दैनिक प्रयोगका विभिन्न वस्तुहरूको | • छलफल, प्रवचन, प्रश्नोत्तर, अभ्यास, प्रदर्शन र क्षेत्र भ्रमण तथा परियोजना कार्य र प्रयोगात्मक कार्य<br>○ कम्प्युटरमार्फत इन्टरनेटको उपयोग गरी सिकाइ सामग्री खोज गर्न अभ्यास गराउने,<br>○ विद्यार्थीको घरमा प्रयोग हुने तथा अन्य कृषि कार्यमा प्रयोगमा आउने विभिन्न यन्त्र तथा उपकरणको सूची तयार गर्न तिनीहरूको प्रयोग हुने तरिकाको बारेमा छलफल र टिपोट गर्न परियोजना कार्य दिने,<br>○ आफूले प्रयोग गर्ने तथा घरायसी प्रयोगमा आउने विभिन्न सामनको नाप गर्न, अन्दाज गर्न र विभिन्न एकाइमा अभिलेख राख्न प्रयोग र अभ्यास गराउने,<br>○ कोठाको विभिन्न नाप निकाल्न र त्यहाँ टास्न तथा विछ्याउन आवश्यक वस्तुको नाप एकिन गर्न अभ्यास गराउने ।<br>• मूल्याङ्कनका तरिका : प्रयोगात्मक अभ्यास तथा प्रश्नोत्तर र परियोजना कार्यबाट विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • विभिन्न वस्तुहरूको क्षेत्रफल र आयतन निकाल्ने तरिका भन्न र त्यसबाट हुने फाइदा उल्लेख गर्न सक्ने,<br>• कोठामा प्रयोग हुने कार्पेटको क्षेत्रफल भित्रमा प्रयोग टाँस गर्ने विभिन्न आकृतिका लागि आवश्यक पर्ने क्षेत्रफल निकाल्न सक्ने,<br>• आफूले प्रयोग गर्ने विभिन्न शैक्षिक सामग्रीहरूको लम्बाई, परिमिति, क्षेत्रफल, आयतन आदि नाप सही इकाइमा व्यक्त गर्न सक्ने । | क्षेत्रफल र आयतन सही एकाइमा निकाल्न,<br>• कोठामा प्रयोग हुने कार्पेटको क्षेत्रफल,भित्रामा प्रयोग टाँस गर्ने विभिन्न आकृतिका लागि आवश्यक पर्ने क्षेत्रफल निकाल्न । | |
| ४ | स्थानीय उत्पादन, उद्योग र व्यवसाय | • आफ्नो घर छिमेकमा अपनाइएका पेशा/व्यवसाय र उद्योग कलकारखानाको वर्गीकरण,<br>• आफ्नो वडाका विविध उत्पादन,<br>• आफ्नो टोल छिमेकमा सञ्चालनमा रहेका यातायातका साधन र त्यसको प्रभाव, | • आफ्नो घर छिमेकमा अपनाइएका पेशा/व्यवसायको (कृषि, पशुपालन, मत्स्यपालन, फलफूल खेती, फूलबारी) परिचय दिन र तिनीहरूको उत्पादन तथा आम्दानी अनुसार वर्गीकरण गर्न सक्ने,<br>• आफ्नो वडामा रहेका विभिन्न उद्योग कलकारखानाबाट उत्पादित वस्तुको महत्त्व दर्शाउन सक्ने,<br>• आफ्नो वडामा सञ्चालनमा रहेका यातायातका साधनको नाम | • आफ्नो घर छिमेकमा अपनाइएका पेशा/व्यवसायको (कृषि, पशुपालन, मत्स्यपालन, फलफूल खेती, फूलबारी) परिचय दिन र वर्गीकरण गर्न,<br>• आफ्नो वडामा रहेका विभिन्न उद्योग कलकारखानाबाट उत्पादित वस्तुको महत्त्व दर्शाउन,<br>• आफ्नो वडामा सञ्चालनमा रहेका यातायातका साधनले दैनिक जीवनमा पारेका सकरात्मक प्रभाव उल्लेख गर्न, | • छलफल, प्रवचन, प्रश्नोत्तर, अभ्यास, प्रदर्शन र क्षेत्र भ्रमण तथा परियोजना कार्य र प्रयोगात्मक कार्य<br>○ विद्यार्थीको घर छिमेकमा अपनाइएका पेशा/व्यवसाय, उद्योग कलकारखानाको सूची तयार गर्ने र त्यसको वर्गीकरण गर्न त्यसबाट हुने उत्पादनको महत्त्व बताउन सक्ने सीप विकासका लागि परियोजना कार्य दिने,<br>○ आफ्नो वडाभित्र सञ्चालनमा रहेका यातायाताका साधनको महत्त्वको बारेमा क्षेत्र भ्रमण तथा अन्तरिक्रियाबाट बताउन लगाउने,<br>○ क्षेत्र भ्रमण तथा परियोजना कार्य मार्फत आगन्तुक पाहुना तथा पर्यटकलाई स्वागत तथा सत्कार गर्ने तरिका भन्न र अनुसरण गर्न अभ्यास तथा अभिनय गराउने,<br>○ करेसाबारीको अवलोकन गर्न लगाई त्यसको उपयोगिता बताउन लगाउने र करेसाबारीको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • आगन्तुक पाहुना तथा पर्यटकको स्वागत तथा सत्कार,<br>• घर वरिपरिको करेसाबारीको महत्त्व | उल्लेख गरी तिनीहरूले दैनिक जीवनमा पारेका सकरात्मक प्रभाव उल्लेख गर्न सक्ने,<br>• आफ्नो वडाभित्रका विभिन्न समुदायले आगन्तुक पाहुना तथा पर्यटकलाई स्वागत सत्कार गर्ने तरिका उल्लेख गर्न सक्ने,<br>• घर वरिपरिको करेसाबारीको महत्त्व दर्शाउन र त्यसमा आफ्नो संलग्नता उल्लेख गर्न सक्ने,<br>• व्यवसायिक रूपमा सञ्चालनमा रहेका होटल र होमस्टेले दिने सेवा र त्यसका राम्रा र कमजोर पक्षको तुलना गर्न गर्न सक्ने । | • आगन्तुक पाहुना तथा पर्यटकलाई स्वागत सत्कार गर्ने तरिका उल्लेख गर्न,<br>• घर वरिपरिको करेसाबारीको महत्त्व दर्शाउन र त्यसमा आफ्नो संलग्नता जनाउन,<br>• व्यवसायिक रूपमा सञ्चालनमा रहेका होटल र होमस्टेले दिने सेवा र त्यसका राम्रा र कमजोर पक्षको तुलना गर्न गर्न । | विकासमा उनीहरूको संलग्नता हुने उपायहरूको खोजी गर्न लगाउने,<br>○ होटल तथा होमस्टेले दिने सेवाको बारेमा छलफल तथा अवलोकन गर्न लगाई त्यसका राम्रा तथा कमजोर पक्षका बारेमा प्रतिवेदन तयार गरी प्रस्तुत गर्न लगाउने ।<br>• मूल्याङ्कनका तरिका : प्रयोगात्मक अभ्यास तथा प्रश्नोत्तर र परियोजना कार्यबाट विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने । |
| ५ | सहकारी र बैङ्क | • टोल छिमेकका नियमित आम्दानीका स्रोत र आवश्यकता अनुसारको खर्च, तथा बचत तथा त्यसको अभिलेखीकरण,<br>• वडाभित्रका बचतलाई सुरक्षित राख्ने र | • आफ्नो टोलका व्यक्तिहरूले गर्ने नियमित आम्दानीका स्रोत बताउन र त्यसलाई आवश्यकता अनुसार वर्गीकरण गरी खर्च गर्नु पर्छ भन्ने कुरा बताउन सक्ने,<br>• आम्दानीका आधारमा खर्च गर्नु पर्छ भन्ने कुराको आत्मसाथ गर्ने तरिका बताउन सक्ने, | • आफ्नो टोलका व्यक्तिहरूले गर्ने नियमित आम्दानीका स्रोत बताउन त्यसको समूचित प्रयोग गर्ने तरिका बताउन,<br>• आफ्नो वडामा आम्दानी गर्ने उपायहरू बताउन र आम्दानीको उचित उपयोग गर्ने तरिका उल्लेख गर्न,<br>• आम्दानी र खर्चको अभिलेख राख्ने तरिका र | • छलफल, प्रवचन, प्रश्नोत्तर, अभ्यास, प्रदर्शन र क्षेत्र भ्रमण तथा परियोजना कार्य र प्रयोगात्मक कार्य<br>○ आफ्नो टोलका व्यक्तिहरूले गर्ने आम्दानीका स्रोतको पहिचान गर्न क्षेत्र भ्रमण गराउने,<br>○ आफ्नो आवश्यकतालाई प्राथमिकताको आधारमा खर्च गर्नुपर्छ भन्ने सम्बन्धमा उदाहरणसहित व्याख्या तथा छलफल गराउने,<br>○ आम्दानी र खर्चको अभिलेख राख्ने तरिकाको लागि घरायसी अभ्यासको लागि परियोजना कार्य र विद्यालयको प्रशासनिक अभिलेखको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ऋण लगानी गर्ने संस्थाहरू । | • आफ्नो वडामा भएका आम्दानी गर्ने उपायहरू बताउन,<br>• आम्दानीको उचित उपयोग गर्ने तरिका उल्लेख गर्न सक्ने,<br>• आम्दानी र खर्चको अभिलेख राख्ने तरिका र त्यसको महत्त्व बताउन सक्ने,<br>• आफ्नो वडामा बचतलाई सुरक्षित राख्ने र ऋण लगानी गर्ने संस्थाहरूको ( आमा समूह, टोल विकास संस्था, सहकारी समेत) पहिचान गर्न र तिनीहरूको मुख्य कार्य उल्लेख गर्न सक्ने । | त्यसको महत्त्व बताउन,<br>• आफ्नो वडामा बचतलाई सुरक्षित राख्ने र ऋण लगानी गर्ने संस्थाहरूको ( आमा समूह, टोल विकास संस्था, सहकारी समेत) पहिचान गर्न र तिनीहरूको मुख्य कार्य उल्लेख गर्न । | बारेमा अवलोकनबाट प्रस्तुत गर्न लगाउने,<br>○ क्षेत्र भ्रमण र परियोजना कार्यबाट आफ्नो वडाभित्र आर्थिक कारोवारमा संलग्न संस्थाहरूको सूची तयार गर्न लगाई तिनीहरूको मुख्य कार्य प्रस्तुत गर्न लगाउने ।<br><br>• मूल्याङ्कनका तरिका<br>○ प्रयोगात्मक अभ्यास तथा प्रश्नोत्तर र परियोजना कार्यबाट विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने । |
| ६ | खेलकुद र नैतिक चरित्र | • स्थानीय कोठाभित्र र बाहिर खेलिने खेलका सीप तथा लोकप्रिय खेलहरू,<br>• आफ्नो वडामा खेलकुदका विकास र विस्तारमा कार्य गर्ने संस्थाहरू,<br>• व्यक्तिका राम्रा गुणहरू र असल बानी व्यहोरा र | • शारीरिक व्यायमका सीपहरू उल्लेख गरी उपयोग गर्न र सोको तरिका बताउन सक्ने,<br>• स्थानीय रूपमा लोकप्रिय खेल खेल्ने तरिका बताउन र सीप प्रदर्शन गर्न सक्ने,<br>• खेलकुदका विकास र विस्तारमा कार्य गर्ने निकाय तथा संस्थाहरूको नाम तथा तिनीहरूको काम बताउन सक्ने,<br>• आफ्नो समुदायमा रहेका समाजसेवी र गुणवान् | • शारीरिक व्यायमका सीपहरूमा अभ्यस्त हुन्,<br>• स्थानीय रूपमा लोकप्रिय खेल खेल्न,<br>• खेलकुदका विकास र विस्तारमा कार्य गर्ने निकाय तथा संस्थाहरूको नाम तथा तिनीहरूको काम बताउन,<br>• आफ्नो समुदायमा रहेका समाजसेवी र गुणवान् व्यक्तिको जीवनी र योगदान बताउन, | • छलफल, प्रवचन, प्रश्नोत्तर, अभ्यास, प्रदर्शन र क्षेत्र भ्रमण तथा परियोजना कार्य र प्रयोगात्मक कार्य<br>○ शारीरिक व्यायमका सीपहरू उल्लेख गर्दै अभ्यास गर्न लगाउने,<br>○ छलफल तथा प्रश्नोत्तर विधिबाट स्थानीय रूपमा खेलिने लोकप्रिय खेलहरूको सूची तयार गर्न लगाउने,<br>○ ती खेलहरूमा अभ्यास गराउने र खेल्ने विधि र तरिका बारे बताइदिने,<br>○ समुदायमा रहेका असल समाजसेवी र गुणवान् व्यक्तिको पहिचान गर्न खोज तथा परियोजना कार्य गर्न लगाउने,<br>○ असल व्यक्तिहरूमा भएका राम्रा गुणहरू |

| | | | | | |
|---|---|---|---|---|---|
| | | त्यसको अनुसरण,<br>● अरुप्रति उचित आदर, सम्मान तथा माया, ममताको व्यवहार,<br>● शारीरिक व्यायम, योगा र ध्यानको आवश्यकता । | व्यक्तिको जीवनी र योगदान बताउन सक्ने,<br>● स्थानीय क्षेत्रमा रहेका समाजसेवी र असल व्यक्तिहरूको पहिचान गरी उनीहरूको विशेषता बताउन सक्ने,<br>● असल तथा महान व्यक्तिहरूमा भएका राम्रा गुणहरूको उल्लेख गरी सोको अनुकरण गर्ने व्यवहार प्रदर्शन गर्न सक्ने,<br>● आफ्नो बोली, काम र व्यवहारबाट अरुको हित हुने काम गर्ने तत्परता दर्शाउन सक्ने,<br>● सकारात्मक सोच र बानीको विकास गरी पाहुनहरूप्रति उचित आदर सम्मान व्यक्त गर्ने बानीको विकास गर्न र उल्लेख गर्न सक्ने,<br>● योगा, ध्यान र तपस्याबाट हुने शारीरिक र मानसिक फाइदाहरू बताउन र त्यसलाई आत्मसात् गर्न सक्ने । | ● स्थानीय क्षेत्रमा रहेका समाजसेवी र असल व्यक्तिहरूको पहिचान गर्न,<br>● असल तथा महान व्यक्तिहरूमा भएका राम्रा गुणहरूको उल्लेख गरी सोको अनुकरण गर्ने व्यवहार बताउन,<br>● आफ्नो बोली, काम र व्यवहारबाट अरुको हित हुने काम गर्ने तत्परता दर्शाउन सक्ने,<br>● सकारात्मक सोच र बानीका विकास गरी पाहुनाहरूप्रति उचित आदर सम्मान व्यक्त गर्ने बानीको विकास,<br>● सकारात्मक सोच र बानीका विकास गरी पाहुनहरूप्रति उचित आदार सम्मान व्यक्त गर्न,<br>● योगा, ध्यान र तपस्याबाट हुने शारीरिक र मानसिक फाइदाहरू बताउन र त्यसलाई आत्मसात् गर्न । | सूचीकरण गरी त्यसको अनुसरण गर्ने तरिका बताउने र अभ्यास गराउने,<br>○ आम्दानी र खर्चको अभिलेख राख्ने तरिकाको लागि घरायसी अभ्यासको लागि परियोजना कार्य र विद्यालयको प्रशासनिक अभिलेखको बारेमा अवलोकनबाट प्रस्तुत गर्न लगाउने,<br>○ सकरात्मक सोच र बानीको विकास गर्न योग र ध्यानमा अभ्यास गर्न लगाउने,<br>○ योग र ध्यानबाट हुने फाइदा र यसको महत्त्व छलफल गरी प्रस्ट पार्ने,<br>○ योग र ध्यान सञ्चालन गर्ने संस्थाहरूमा भ्रमण गराइ त्यसका राम्रा पक्षहरूको टिपोट गरी प्रस्तुत गर्न लगाउने ।<br>● मूल्याङ्कनका तरिका : प्रयोगात्मक अभ्यास तथा प्रश्नोत्तर र परियोजना कार्यबाट विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने । |

## ८. स्थानीय विषय पाठ्यक्रमको (कक्षा ४-५) को पाठ्यघण्टी विभाजन तालिका

**तालिका १: पाठ्यघण्टी र वार्षिक कार्यघण्टा**

| क्र.स. | क्षेत्र | कक्षा ४-५ | |
|---|---|---|---|
| | | पाठ्य- घण्टी | वार्षिक कार्यघण्टा |
| १. | स्थानीय भूगोल, कला र संस्कृति | ०.७५ | २४ |
| २. | स्थानीय प्रशासन, शिक्षा र विकास | ०.७५ | २४ |
| ३. | विज्ञान प्रविधिको साक्षरता र सुरक्षा | ०.७५ | २४ |
| ४. | स्थानीय उत्पादन, उद्योग र व्यवसाय | ०.७५ | २४ |
| ५. | सहकारी र बैङ्क | ०.५ | १६ |
| ६. | खेलकुद र नैतिक चरित्र | ०.५ | १६ |
| | | ४ | १२८ |

(१ पाठ्यघण्टीमा ३२ पूरा कार्यघण्टा समय विद्यार्थीले शिक्षकबाट पाउने कुराको सुनिश्चितता गरी पठनपाठन गर्नुपर्ने छ ।)

### ८.१ आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना

**तालिका २ : आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना**

| क्र. स. | विषय | पाठ्य घण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा वा स्थानीय विषय | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

उल्लिखित संरचनाका आधारमा स्थानीय पाठ्यक्रम निर्माण गर्दा स्थानीय विषयअन्तर्गत तालिका १ मा उल्लेख गरिएका विषयलाई स्थानीय भूगोल, कला र संस्कृति; स्थानीय प्रशासन, शिक्षा र विकास; विज्ञान प्रविधिको साक्षरता र सुरक्षा; स्थानीय उत्पादन, उद्योग र व्यवसाय; सहकारी र बैङ्क; खेलकुद र नैतिक चरित्रमा आधारित विषयसँग सम्बन्धित क्रियाकलापलाई आधार लिइएको छ ।

## ९. सिकाइ सहजीकरण प्रक्रिया

गैंडाकोट नगरपालिकाको स्थानीय पाठ्यक्रममा स्थानीय रूपमा आवश्यकता महशुस भएका विभिन्न विषय क्षेत्रलाई समावेश गरिएको छ । यस पाठ्यक्रमलाई विद्यालयमा विद्यार्थीहरू बीच प्रभावकारी शिक्षण गर्नका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री, वेबमा आधारित सामग्री र स्थानीय अनुभवी अभिभावक र विज्ञसँगको अन्तरक्रिया, उहाँहरूको सहयोगबाट स्रोत कक्षा सञ्चालन आदिको अधिकतम प्रयोग गर्नु पर्नेछ । सिकाइ सहजीकरण गर्न आफूले देखेका र प्रयोग गरेका विभिन्न प्रभावकारी विधिहरू अपनाउन सकिनेछ । जस्तै :

(क) **आधारभूत शिक्षण विधिः** छलफल विधि, प्रश्नोत्तर विधि, अवलोकन विधि, क्षेत्र भ्रमण विधि, प्रदर्शन विधि, खेल विधि, खोज विधि, समस्या समाधान विधि, अभ्यास विधि, प्रयोगात्मक विधि, परियोजना विधि, भूमिका निर्वाह विधि आदिको आधारमा शिक्षण क्रियाकलाप सञ्चालन गर्नु पर्दछ ।

(ख) **अनुसन्धानमा आधारित शिक्षण विधिः** कार्यमुलक अनुसन्धान, मामिला अध्ययन, परियोजना कार्य, स्थलगत अध्ययन, घटना अध्ययन आदि सिर्जनात्मक तरिकाबाट उपयोग गरी शिक्षण गर्नु पर्दछ ।

(ग) **वैकल्पिक शिक्षण विधि**ः भित्ते सामग्री प्रदर्शन विधि, श्रव्यदृश्य विधि, रैथाने विधि, सङ्गीत शिक्षण विधि, कथाकथन विधि, सूचना तथा सञ्चार प्रविधिमा आधारित विधि, खेल खेल्ने विधि तथा सोच्ने, जोडामा काम गर्ने र आदनप्रदान गर्ने (Think pair and share) पद्दतिबाट शिक्षण सिकाइ क्रियाकलाप गर्नु पर्दछ ।

(घ) **अनुमान, अवलोकन र अन्वेषणमा आधारित विधिः** अध्यापन गराउनु पर्ने विषयवस्तुको गहिराइ र समेट्न खोजेको क्षेत्रलाई अनुमान, अवलोकन र अन्वेषणको आधारमा सिक्ने वातावारणको सिर्जना गर्ने बानी बसाल्नु पर्दछ ।

## १०. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

यस गैंडाकोट नगरपालिकामा लागु गरिएको स्थानीय पाठ्यक्रमको विद्यार्थी मूल्याङ्कन देहायका विधि र प्रक्रियाका आधारमा गर्नु पर्नेछ :

- विद्यार्थीको सिकाइलाई मापन गर्ने प्रावधान पाठयक्रम विकास केन्द्रले निर्धारण गरे अनुसार आधारभूत तहमा निर्माणात्मक/ सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा हुनेछ । यस पाठ्यक्रमको कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनमा पनि निर्माणात्मक मूल्याङ्कन, निरन्तर मूल्याङ्कन, निर्णायत्मक र अक्षराङ्कन पद्धतिलाई अवलम्वन गरिने छ,
- विद्यार्थीहरूको मूल्याङ्कन गर्दा निर्माणात्मक (Formative) पद्धति तथा निर्णयात्मक (Summative) पद्धति, सैद्धान्तिक र प्रयोगात्मक (Theoritical and Practical) दुबै तरिका अपनाउनु पर्नेछ,
- स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले आफै गरेर सिक्ने वा अवलोकन गरेर सिक्ने भएकोले नियमित रूपमा विद्यार्थीहरूले गरेर सिक्ने वा अवलोकन गरेर सिक्न तथा पृष्ठपोषण प्रदान गरी प्राप्त प्रतिवेदनको आधारमा मूल्याङ्कन गर्ने प्रक्रियालाई प्रोत्साहन गरिने छ,

- प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Portfolio) फाइल रहनेछ र त्यसभित्र विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यवहार परिवर्तन, अवलोकन, हाजिरी, सामुहिक कार्यमा सक्रियताको अभिलेख राखी सोही आधारमा मूल्याङ्कन गरिने छ,
- कक्षा ४-५ मा निरन्तर र निर्णयात्मक मूल्याङ्कन पद्धतिका आधारमा कक्षोन्नति गरिने छ । कक्षा ४-५ को मूल्याङ्कनपश्चात् विद्यार्थीहरूको तह वा श्रेणी विभाजन गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी अभिलेखिकरणको प्रक्रिया अपनाई विद्यार्थीको सिकाइ उपलब्धिलाई A+ देखि D सम्म सात श्रेणीमा विभाजन गर्नुपर्दछ,
- निर्माणात्मक मूल्याङ्कनमा औसत उपलब्धि हासिल गरेका तर निर्णयात्मक मूल्याङ्कनमा अनुत्तीर्ण भएका विद्यार्थीहरूका हकमा सम्बन्धित अभिभावक, कक्षा वा विषय शिक्षक र प्रधानाध्यापकको निर्णयबाट कक्षोन्नति गर्न सकिने छ,
- विद्यार्थीहरूको सिकाइ मूल्याङ्कन प्रश्नोत्तरबाट गर्दा ज्ञान तह (Knowledge level) मा अति छोटा प्रश्नहरू, बोध र प्रयोग तहका (Understanding and application level) छोटा प्रश्नहरू र उच्च तहका (Higher ability) लामो उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू समावेश गर्नु पर्नेछ,
- प्रयोगात्मक क्रियाकलापको मूल्याङ्कन गर्दा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमुनाहरू बनाई प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछ। यस भित्र विषयवस्तुको ज्ञान, बोध, सीपको क्षमता, बुझाइको प्रस्तुतीकरण, व्यवहारिक परिवर्तन जस्ता पक्षहरू समेट्नु पर्नेछ,
- प्रयोगात्मक परीक्षा संचालन गर्दा स्थानीय वातावरण, प्रदुषण, फोहोर व्यवस्थापन, रहनसहन, रीतिरिवाज, प्रकोप/विपद्, सामाजिक मूल्य मान्यता तथा स्थानीय पेसा व्यवसायलाई समेट्ने किसिमका क्रियाकलापहरू गराउनु पर्नेछ,
- निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नका लागि रुब्रिक्सको विकास गर्नु पर्ने छ । रुब्रिक्सलाई विद्यार्थी मूल्याङ्कनको अभिन्न अङ्ग बनाई प्रयोग गर्नुपर्ने छ । सिकाइ उपलब्धिको स्तरलाई रुब्रिक्सको आधारमा खण्ड-खण्ड गरी मूल्याङ्कन गर्नुपर्ने छ,
- विद्यार्थी मूल्याङ्कन सम्बन्धी अन्य विधि र प्रक्रिया राष्ट्रिय पाठ्यक्रम प्रारूपमा उल्लेख गरेको प्रावधान प्रतिकूल नहुने गरी अनुसूचीहरूमा उल्लेख गरेबमोजिम हुनेछ,
- विद्यालय तहमा विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कनका लागि निर्माणात्मक मूल्याङ्कन प्रक्रिया अवलम्वन गरी सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गरिनुका साथै निर्णयात्मक मूल्याङ्कन प्रक्रियालाई अवलम्वन गरी विद्यार्थीको सिकाइस्तर निर्धारण गर्नुपर्छ । त्यसका लागि निम्नानुसारका निर्माणात्मक तथा निर्णयात्मक मूल्याङ्कनका तरिकाहरू अपनाउनु पर्दछः

(क) **निर्माणात्मक मूल्याङ्कनः** निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ स्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्नेछ। विद्यालय तहको निर्माणात्मक मूल्याङ्कनमा कक्षागत सिकाइ

सहजीकरणको अभिन्न अङ्गका रूपमा कक्षाकार्य, प्रयोगात्मक तथा परियोजना कार्य, सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, सिर्जनात्मक कार्य, गृहकार्य, एकाइ परीक्षा, मासिक तथा त्रैमासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिनेछ । यस्तो मूल्याङ्कनमा विद्यार्थीको अभिलेख राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाइबाट सुधार गर्नेपक्षमा जोड दिइनेछ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्नेछ ।

निर्माणात्मक मूल्याङ्कनका क्रममा प्रामाणिक मूल्याङ्कन र विषयगत रेकर्डलाई उपयोग गर्नुपर्नेछ । प्रामाणिक मूल्याङ्न (Authentic assessment) एक अनौपचारिक मूल्याङ्कन प्रक्रिया भएकाले यसमा अवलोकन, रुजुसूची र कार्य सञ्चयिकालाई समावेश गर्नुपर्ने छ । विषयगत रेकर्ड (Anecdotal record) विद्यार्थीको प्रगतिका बारेको लिखित तथा रेकर्डमा प्रस्तुत गरिने पृष्ठपोषणमा आधारित हुन्छ । आमनेसामने विधिबाट कक्षा र मूल्याङ्कन सञ्चालन हुन नसक्ने अवस्थामा यस विधिलाई उपयोग गर्नु पर्नेछ । निर्माणात्मक मूल्याङ्कनको नतिजालाई विषयगत पाठ्यक्रममा तोकिएअनुसार अभिलेखीकरण गर्नुपर्छ ।

**(ख) निर्णयात्मक मूल्याङ्कन :** आधारभूत तह (कक्षा ४ र ५) मा निम्नानुसार निर्णयात्मक मूल्याङ्कन गर्नु पर्नेछ :

(अ) निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त नतिजामा आधारित आन्तरिक मूल्याङ्कन ५० प्रतिशत भार तथा अन्तिम परीक्षाको नतिजाका आधारमा ५० प्रतिशत भार निर्धारण गरी निर्णयात्मक मूल्याङ्कन गर्नु पर्नेछ । विषयगत रूपमा सफल हुन अन्तिम परीक्षामा कम्तिमा ४० प्रतिशत अङ्क प्राप्त गर्नु पर्ने छ ।

(आ) निर्माणत्मक मूल्याङ्कनका सामान्य आधार निम्नानुसार हुनेछन् । अन्य आधार विषयगत पाठ्यक्रममा तोकिए अनुसार हुनेछन् ।

| क्रसं | मूल्याङ्कनका आधार | भार |
|---|---|---|
| १ | सहभागिता : कक्षा सहभागिता र सिकाइमा सक्रियता | ४ |
| २ | प्रयोगात्मक कार्य, परियोजना कार्य वा अन्य कार्यकलाप | ३६ |
| ३ | त्रैमासिक परीक्षा | १० |
| | जम्मा | ५० |

(इ) विद्यार्थी मूल्याङ्कनको नतीजा विवरण (Grade sheet) यस प्रकार हुनेछ ।

विद्यालयको नाम, ठेगाना:........

विद्यार्थीको नाम थर.....

कक्षा:........ रोल्नं.:.......... जन्म मिति:........

अभिभावकको नाम थर:.........

| क्रसं | विषय | पाठ्य घण्टा | आन्तरिक मूल्याङ्कन | | बाह्य मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | ग्रेड | ग्रेड प्वाइन्ट | ग्रेड | ग्रेड प्वाइन्ट |
| १ | नेपाली | | | | | |
| २ | अङ्ग्रेजी | | | | | |
| ३ | गाणित | | | | | |
| ४ | विज्ञान तथा प्रविधि | | | | | |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | | | | | |
| ६ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक शिक्षा | | | | | |
| ७ | स्थानीय विषय | | | | | |
| औषत ग्रेड प्वाइन्ट **(GPA) :** | | | | | | |

विषय शिक्षकको हस्ताक्षर :...............
नाम : ................

प्रधानाध्यापकको हस्ताक्षरः.........................
नामः ...........................
मितिः ..........................

## ११. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

यस पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक तथा शिक्षकको भूमिका महत्त्वपूर्ण हुनेछ । विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ । परियोजना कार्य र प्रतिवेदन तयारीको माध्यम अवलम्वन गरिने छ । स्थानीय समुदायका विज्ञ, बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय तथा क्षेत्रमा जानकार व्यक्तिहरू स्रोतव्यक्तिको रूपमा प्रयोग गर्न विद्यालयले विशेष पहल गर्नु पर्नेछ । विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्यताअनुसार स्थानीय⁄ नेपाली भाषा अवलम्वन गर्न सक्नेछन् । विद्यार्थीहरूको समूहकार्य र अन्तरक्रियालाई जोड दिइनेछ । सैद्धान्तिक वा प्रयोगात्मक क्रियाकलापको लागि विद्यालयको समय तालिका (Routine) मा अनिवार्य रूपमा उल्लेख गर्नु पर्ने छ । पाठयक्रममा आधारित भई पाठ्यसामग्रीको विकास गर्नुका साथै मागका आधारमा शिक्षकहरूलाई

विषयवस्तु तथा सहजीकरण प्रकिया सम्बन्धी अभिमुखीकरण तालिमको व्यवस्था गरिने छ ।

## १२. समय निर्धारण

यस पाठ्यक्रम आधारभूत तह कक्षा ४-५ मा स्थानीय विषयको साप्ताहिक ४ पाठयभार र वार्षिक १२८ पाठ्यघण्टा निर्धारण गरिएको छ । प्रत्येक शैक्षिक सत्र अन्य निर्देशन नभएसम्म सामान्यतया बैशाखदेखि सुरु भएर चैत्र मसान्तसम्म कायम रहने छ । प्रचलित शिक्षा ऐन, नियमावली र कार्यविधि बमोजिम प्रत्येक शैक्षिक सत्रमा कम्तिमा २३० दिन विद्यालय खुल्नेछ र २२० दिन पठनपाठन/शैक्षणिक क्रियाकलाप सञ्चालन गर्नु पर्ने छ। विद्यालय समय बिहान १० बजेदेखि दिउँसो ४ बजेसम्मको हुनेछ। शुक्रबारको दिन विद्यालय समय १० बजे देखि ३ बजेसम्म हुने छ। यो दिनमा २ बजे पछिको समयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नु पर्ने छ। प्रत्येक शिक्षण घण्टी सामान्यतया १ घण्टाको बनाएर तोकिएको पाठ्यघण्टा नघट्ने गरी साप्ताहिक पाठ्यभार मिलाएर कक्षा सञ्चालन गर्न सक्नेछ । विद्यालयले आफ्नो आवश्कता तथा औचित्यको आधारमा थप विषय अध्यापन गराउन चाहेमा अतिरिक्त समयको व्यवस्थापन गर्नु पर्ने छ ।

## १३. स्थानीय पाठ्यक्रम कार्यान्वयन योजना

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ का सिद्धान्त तथा मार्गदर्शन एवम् गैंडाकोटको वस्तुस्थितिमा आधारित भई स्थानीय पाठ्यक्रम निम्नअनुसार कार्यान्वयन हुने छ ।

| शैक्षिक वर्ष | शैक्षिक वर्ष २०७७ | शैक्षिक वर्ष २०७८ | शैक्षिक वर्ष २०७९ | शैक्षिक वर्ष २०८० | शैक्षिक वर्ष २०८१ |
|---|---|---|---|---|---|
| कक्षा | १ | २ | ३ | ४, ५ र ७ | ६ र ८ |

शैक्षिक वर्ष २०८२ देखि स्थानीय पाठ्यक्रम आवश्यकता अनुसार कक्षा १ देखि ८ सम्म परिमार्जित पाठ्यक्रम लागु हुनेछ ।

# खण्ड ख

# (कक्षा ६-८)

## ४. विषयवस्तुको छनोट

पाठ्यक्रममा निर्धारण गरिएका विषय क्षेत्र र उपक्षेत्रका आधारमा कक्षागत रूपमा निम्न अनुसारका विषयवस्तुको छनोट गरिएको छ ।

**कक्षा ६**

- आफ्नो वडाको भौगोलिक नक्शामा विभिन्न प्राकृतिक सम्पदाको सङ्केत र उपयोग,
- नगरपालिका क्षेत्रभित्रका प्राकृतिक स्रोत/साधनको महत्त्वबोध तथा प्रयोग,
- नगरपालिका क्षेत्रभित्रको मुख्य बजारहरूको विशेषता र त्यसको समूचित उपयोग,
- वरिपरिको वातावरण स्वच्छ राख्न आफूले गर्न सक्ने योगदानको दैनिक जीवनमा प्रयोग,
- आफ्नो वडाभित्रका मानव निर्मित संरचनाको उपयोगिताको आधारमा त्यसको प्रकार बोध र प्रयोग,
- आफ्नो वडामा रहेका विविध जातिगत तथा धार्मिक संस्कार र परम्पराको संरक्षण र सम्बर्द्धन,
- मानव आकृतिको चित्र निर्माण,
- गैंडाकोट नगर कार्य पीलिकाको मुख्य काम र यसको गठन विधि,
- आफूले गर्ने दैनिक कार्यकलापको कार्यतालिकाको निर्मााण र प्रयोग,
- विद्यालयको वार्षिक योजनाको निर्माण तथा प्रयोगमा आफ्नो सम्लग्नता,
- शिक्षा र समृद्ध जीवनको सम्बन्ध,
- सुशासनका अर्थ र विकास,
- मोबाइलको समुचित उपयोग र सिकाइ सहजीकरण,
- घरायसी प्रयोगमा आउने विद्युत र विद्युतीय सामग्रीको सुरक्षित उपयोग,
- आफूले प्रयोग गर्ने विभिन्न घरायसी सामनको विभिन्न नाप नाप्ने सीपको विकास,
- घरायसी आम्दानी र खर्चको अभिलेखीकरण र प्रस्तुति,
- आफ्नो वडाभित्र रहेका अपनाइएका विभिन्न पेशा व्यवसायको कामा र सो अनुसार वर्गीकरण,
- वडाभित्र सञ्चालनमा रहेका उद्योग तथा कलकारखाना र यातायातका साधनबाट प्राप्त प्रतिफल र सकरात्मक प्रभाव,
- करेसाबारीको उपयोग,

- व्यवसायिक रूपमा सञ्चालन भएका होमस्टे तथा होटल,
- समुदायमा हुने गरेका व्यक्तिगत तथा सामुहिक आम्दानी र खर्चका क्षेत्रहरू,
- सामुहिक तथा व्यक्तिगत आर्थिक परिचालनमा क्रियाशील समूह तथा संस्थाहरू,
- आम्दानी र खर्चको सन्तुलित व्यवस्थापन र यसको अभिलेख,
- स्थानीय रूपमा प्रसिद्ध तथा लोकप्रिय खेलहरू,
- स्थानीय स्तरमा खेलको विकास तथा प्रबर्द्धन गर्ने निकायहरू,
- स्वस्थ जीवनको लागि खेलकुद र व्यक्तित्व विकास,
- स्थानीय क्षेत्रमा विशेष योगदान दिएका असल तथा अनुकरणीय व्यक्तिहरू,
- ज्येष्ठ नागरिक तथा समाजमा विभिन्न कारणले  पछि परेका व्यक्ति तथा समूहको लागि आदर सम्मान र सहयोग गर्ने क्षेत्रहरू,
- योगासन, ध्यान तथा सकरात्मक सोच तथा अध्यात्मिक चिन्तनका अवधारणा ।

**कक्षा ७**

- गैंडाकोटको नक्शामा छिमेकी पालिका, विभिन्न प्राकृतिक सम्पदा र मुख्य स्थानको सङ्केत,
- स्वच्छ वातावरणको प्रबर्द्धन र प्रदुषित वातावरणको न्युनीकरणका उपायहरू,
- पारिवारिक संस्कार तथा संस्कृतिको विशेषता,
- स्थानीय स्तरमा उपलब्ध पौष्टिक खानेकुराहरू,
- मन पर्ने वस्तुहरूको त्रिआयामिक (Three dimensional) चित्र,
- गैंडाकोटको स्थानीय लोकगीत र लोकबाजा,
- नगरपालिकाका विभिन्न विषयगत समितिहरू र प्रदान गर्ने सेवाहरू,
- नगरपालिकाको योजना र निर्माण प्रक्रिया तथा राष्ट्रिय गौरवका योजना,
- गैंडाकोटमा शिक्षा र विकासको सम्बन्ध,
- सुशासन प्रबर्द्धनमा संलग्न विभिन्न संस्था तथा निकाय,
- इन्टरनेट र यसको सही उपायोग,
- दैनिक प्रयोगका विद्युतीय सामग्रीको सामान्य सञ्चालन प्रक्रिया  (Operation procedure) र सुरक्षाका उपाय,

- दैनिक खानाका परिकार तयारी र अन्य समस्यामा गणितीय तथा वैज्ञानिक ज्ञान र सीपको प्रयोग,
- सन्तुलित व्यवसायको अवधारणा,
- आर्थिक कारोवारको अभिलेखीकरण तथा प्रतिवेदन,
- अनवीकरणीय उर्जाको (Non renweable source of energy) प्रयोगमा मितव्ययिता,
- छिमेकी वडा भित्र अपनाइएका विभिन्न पेशा व्यवसायको खोजी र वर्गीकरण,
- आफ्नो र छिमेकी वडाभित्र सञ्चालनमा रहेका उद्योग तथा कलकारखानाबाट उत्पादन भएका वस्तु,
- यातायातका साधन र सकारात्मक प्रभाव,
- पाहुनाको स्वागत, सत्कार तथा आकर्षणमा आफ्नो भूमिका,
- खेतीपातीको महत्त्व,
- होमस्टे तथा होटलका राम्रा र कमजोर पक्षहरू,
- खर्चका क्षेत्रहरूको आवश्यकताको आधारमा वर्गीकरण  र सन्तुलित व्यवस्थापन,
- आम्दानीबाट भएको बचतको सुरक्षित परिचालन गर्ने सहयोगी संस्थाहरू,
- सहकारीको कार्य क्षेत्र र यसको स्थापनाको सैद्धान्तिक आधार,
- बीमा र यसको महत्त्व,
- एकल वा सामुहिक रूपमा गर्न सकिने व्यवसायिक क्षेत्रहरू,
- स्थानीय रूपमा प्रसिद्ध खेलहरू,
- स्थानीय स्तरमा खेलको विकास र प्रबर्द्धन गर्ने संस्था तथा निकायहरू र तिनीहरूको अवस्थिति
- स्थानीय क्षेत्रमा रहेका सादा जीवन र उच्च विचारले प्रेरित व्यक्तिहरू,
- ज्येष्ठ नागरिक तथा समाजमा विभिन्न कारणले  पछि परेका व्यक्ति तथा समूहको लागि आदर सम्मान र सहयोग,
- सकारात्मक सोच र चिन्तन,
- अनुलोम विलोम र कपालभाँतीको अभ्यास,
- आफ्नो धर्म, संस्कार र संस्कृतिप्रति आस्था र सम्मान ।

**कक्षा ८**

- गैंडाकोटको हावापानी र जनजीवन,
- गण्डकी प्रदेश भित्र गैंडाकोट नगरपालिकाको नक्शा,
- वातावरणीय सरसफाइ,
- स्थानीय समुदायको विविधिता र सोको सम्मान
- पोषणयुक्त घरेलु परिकार,
- चित्रमा प्रकाश र छाँयाको उपर्युक्त प्रयोग,
- आफ्नो सांस्कृतिक तथा लोक नृत्य र बाजा,
- नगरपालिकाबाट उपलब्ध हुने सेवाको उपयोग,
- जिल्ला समन्वय समिति, विद्यालय व्यवस्थापन समिति, बालक्लब, नगर शिक्षा समितिको गठन प्रक्रिया,
- नगर शिक्षा, युवा तथा खेलकुद शाखाले प्रदान गर्ने सेवाहरू,
- विकास र शिक्षाको सम्बन्ध,
- वार्षिक र आवधिक योजना तथा गैंडाकोटका राष्ट्रिय गौरवका आयोजना,
- सुशासनका लागि विभिन्न क्षेत्रको भूमिका,
- इन्टरनेटमा अध्ययन सामग्रीको खोज र सुरक्षित भण्डारण,
- इलेक्ट्रिक तथा इलेक्ट्रोनिक साधनको सुरक्षित प्रयोग,
- दैनिक जीवनमा गणित र विज्ञानको उपयोग,
- स्थानीय उत्पादन र बजारीकरण,
- गैंडाकोटका उद्योग तथा कलकारखाना,
- गैंडाकोटका स्थानीय पेशा, व्यवसाय, यातायात, उद्योग कलकारखाना र पर्यटन व्यवसायको प्रभाव,
- आम्दानी र खर्च व्यवस्थापन तथा वित्तिय निर्णय,
- आर्थिक क्रियाकलापमा शेयर कारोवार र बीमा,
- सहकारी र यसको सैद्धान्तिक आधार,

- सामुहिक तथा व्यक्तिगत व्यवसायिक क्षेत्रहरू,
- स्थानीय रूपमा प्रसिद्ध र लोकप्रिय खेल,
- खेलकुदको विकास र विस्तारमा आफ्नो भूमिका तथा त्यस सम्बद्ध कार्य गर्ने निकाय एवं संस्था,
- प्रसिद्ध आध्यात्मिक व्यक्तित्वहरूको जीवनी र राम्रो तथा असल जीवन शैली,
- सामाजिक सद्भाव तथा सहिष्णुता,
- योगाभ्यास र ध्यान,
- आफ्ना धार्मिक, सांस्कृतिक क्रियाकलाप ।

**५. तहगत सक्षमताहरू (कक्षा ६-८)**

गैंडाकोट नगरपालिका भित्रका विद्यालयहरूमा आधारभूत तह (कक्षा ६-८) मा अध्यापन गराउनका लागि निर्माण गरिएको स्थानीय पाठ्यक्रमको कार्यान्वयनबाट विद्यार्थीहरूमा हासिल हुनुपर्ने अपेक्षित क्षमता निम्नानुसार छन् । विषय क्षेत्रअनुसार सक्षमताहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- नगरभित्रको प्राकृतिक संरचनाको महत्त्व, संरक्षण र उपयोग गर्ने तरिकाको तार्किक प्रस्तुति,
- नगरभित्रको मानव निर्मित संरचनाहरू जस्तैः बाटोघाटो, पुलपुलेसा, धारा, पँधेरा तथा ढल निकासको आवश्यकता तथा तिनीहरूको संरक्षण र सम्बर्द्धनमा संलग्नता,
- स्वच्छ, सफा र हराभरा वातावरणका लागि सचेतता, उपयोग र संलग्नता,
- स्थानीय तहमा उत्पादन र निर्माण गरिने खाना तथा परिकारको उपयोग र विकास,
- नगरभित्रका विभिन्न मानव समुदायका धार्मिक, भाषिक र परम्परागत संस्कृतिको बोध,
- मूर्ति तथा चित्रकलाप्रति आफ्नो रुचि तथा क्षमता प्रस्तुति,
- नेपालको राजनैतिक संरचना र विभिन्न तहका सरकारको मुख्य अधिकार र कार्यक्षेत्र बारे सचेतता,
- शिक्षाको महत्त्व बोध र "शिक्षा अधिकारको रूपमा रहेको सेवाक्षेत्र हो" भन्ने विषयमा तार्किक अभिव्यक्ति,
- सुशासन र सम्वृद्धिमा आफ्नो भूमिका र त्यसका विशेषतासँग परिचित,
- देशका राष्ट्रिय र स्थानीय विकासका गौरवका प्रतीकहरूको महत्त्वको तार्किक प्रस्तुति,
- सूचना र सञ्चारको सही उपयोग,
- विद्युतीय तथा यान्त्रिक साधनहरूको सुरक्षित उपयोग गर्ने तरिकाको बोध,

- गणित र विज्ञानलाई दैनिक जीवनमा प्रयोग हुने विभिन्न क्रियाकलापसँग जोड्ने सीपको विकास,
- आफ्नो नगरपालिकाभित्रको मुख्य पेशा र व्यवसायको महत्त्व र सञ्चालन गर्ने तरिका प्रति सचेतता,
- समाजको वरिपरि रहेका विभिन्न उत्पादनमूलक उद्योग व्यवसायको परिचय र महत्त्वको तार्किक प्रस्तुति,
- उत्पादनमूलक पेशा तथा व्यवसायमा संलग्नता,
- यातायात, उद्योग कलकारखाना र पर्यटन व्यवसायबाट समाजमा पर्ने सकारात्मक र नकारात्मक प्रभावको तुलनात्मक प्रस्तुति,
- पाहुना तथा पर्यटकलाई स्वागत र परिस्थितिजन्य आधारमा (गच्छेअनुसार) सत्कारमा संलग्नता,
- फूलबारी र करेसाबारीको संरक्षण, सम्बर्द्धन र परिवारले अवलम्वन गरेको व्यवसायमा सहयोगीको भूमिकामा संलग्नता,
- बचत लगानी तथा आय र खर्च सम्बन्धी क्रियाकलापमा संलग्नता,
- सहकारी र बैङ्कले गर्ने मुख्य कार्य र आर्थिक अनुशासनसँग सम्बन्धित क्रियाकलाप बारे परिचित,
- खेलप्रति रुचि राख्ने र यसका क्रियाकलापलाई स्वस्थ्य अनुशासित जीवनसँग आबद्ध गर्ने व्यवहार प्रदर्शन,
- समुदाय र आफ्नो सम्पर्कमा रहेका सबै व्यक्तिहरूसँग माया ममता, स्नेह र असल सम्बन्ध स्थापना गर्न शिष्ट व्यवहारको प्रदर्शन,
- योगा, ध्यान र अनुशासनसँग परिचित र त्यसप्रतिको झुकाव प्रदर्शन,
- अध्यात्मिक चिन्तनप्रति आस्थावान् ।

**६. कक्षागत सक्षमताहरू:** तहगत सक्षमताका आधारमा कक्षागत सक्षमताहरू निम्न अनुसार प्रस्तुत गरिएका छन्:

**कक्षा ६**

- आफ्ना वरिपरिको विभिन्न वस्तुहरूको सिर्जनशील तरिकाबाट चित्र निर्माण,
- गैंडाकोट नगर कार्यपालिकाको मुख्य काम र त्यसको गठन विधिको पहिचान र प्रस्तुति,
- शिक्षा र समृद्ध जीवनको सम्बन्धको पहिचान तथा विश्लेषण,
- सुशानको विकास र यसको प्रयोगप्रति सजगता,

- व्यक्तिगत र संस्थागत विकासका लागि योजनाको महत्त्व बोध,
- मोबाइलको समुचित उपयोग,
- घरायसी प्रयोगमा आउने साधारण यन्त्रहरू तथा विद्युतीय सामग्रीको सुरक्षित उपयोग,
- आफूले प्रयोग गर्ने विभिन्न घरायसी सामानको विभिन्न आयामको नाप नाप्ने सीपको विकास,
- आफ्नो वडाभित्र अपनाइएका विभिन्न पेशा व्यवसायको मुख्य काम र उत्पादन/प्रतिफल अनुसार वर्गीकरण गर्ने सीप,
- आफ्नो र छिमेकी वडा भित्र रहेका अपनाइएका विभिन्न पेशा व्यवसायको मुख्य काम र उत्पादनको सुचीकरण,
- तरकारी खेती तथा करेसाबारीको सम्बर्द्धनमा सहभागी,
- आफ्नो र छिमेकी वडामा सञ्चालनमा रहेका यातायातका साधनसँग परिचित भई तिनले दैनिक जीवनमा पारेका सकरात्मक प्रभाव बोध र सुरक्षित प्रयोग,
- व्यावसायिक रूपमा सञ्चालन भएका होमस्टे तथा होटलका राम्रा र कमजोर पक्षहरूको तुलनात्मक प्रस्तुति,
- आफ्नो वडाभित्र पाहुनाको स्वागत, सत्कार तथा आकर्षण गर्न अवलम्वन गरेका अभ्यासहरूमा आफ्नो संलग्नता,
- करेसाबारीको उपयोगमा आफ्नो सहभागिता,
- समुदायमा हुने गरेका आम्दानी र खर्चका क्षेत्रहरू पहिचान तथा वर्गीकरणको सीप,
- समुदायमा हुने सामुहिक तथा व्यक्तिगत आम्दानी तथा बचत र ऋण परिचालन गर्ने क्रियाशील समूह तथा संस्थाहरूको सूचीकरण तथा उपयोग गर्ने सीप,
- आम्दानी र खर्चको सन्तुलित व्यवस्थापन गर्न र यसको अभिलेख राख्ने सीप विकास,
- स्थानीय खेलहरू खेल्ने सीप विकास,
- स्थानीय स्तरमा खेल प्रबर्द्धन गर्ने निकायहरू सँग परिचित,
- स्वस्थ जीवनको लागि खेलकुद र व्यक्तित्व विकासमा यसको महत्त्वप्रति सजगता र संलग्नता,
- स्थानीय क्षेत्रमा विशेष योगदान पुऱ्याएका असल तथा अनुकरणीय व्यक्तिहरूको पहिचान गरी उनीहरूको मुख्य कार्यको बोध तथा स्वीकार,
- ज्येष्ठ नागरिक तथा समाजमा विभिन्न कारणले  पछि परेका व्यक्ति तथा समूहको लागि आदर सम्मान र सहयोग गर्ने क्षेत्रहरूको खोज तथा आफ्नो संलग्नता,

- योगासन, ध्यान तथा सकरात्मक सोच एवम् अध्यात्मिक चिन्तनका अवधारणाप्रति सुसूचित भई त्यसमा अभ्यासरत ।

**कक्षा ७**

- गैंडाकोटको नक्शामा प्राकृतिक सम्पदाको प्रस्तुति तथा महत्त्वको बोध तथा स्वीकार,
- नगरपालिका क्षेत्र भित्रको मुख्य प्राकृतिक स्रोत/साधनको दैनिक जीवनमा प्रयोग,
- गैंडाकोट नगरपालिकाकाको नक्शामा छिमेकी पालिकाहरू तथा जिल्लाको अवस्थिति प्रस्तुत,
- वरिपरिको प्रदुषित वातावरण न्यूनीकरणमा आफ्नो भूमिकाको तार्किक प्रस्तुति,
- आफ्नो वरिपरि पाइने पौष्टिक खानेकुराको पहिचान र प्रयोग,
- आफ्नो वरिपरिका संस्कृतिको विशेषता बताउन तथा त्यसको सम्बर्द्धनमा आफ्नो भूमिकाको उपयोग,
- मन पर्ने वस्तुहरूको त्रिआयामिक (Three Dimensional) चित्र कोर्न तथा स्थानीय सामग्रीबाट सामान्य वस्तुहरूको मूर्ति तयार गर्ने सीप विकास,
- नगरपालिकामा भएका विभिन्न विषयगत समितिहरूको भूमिकाप्रति सजगता
- नगरपालिकाले प्रदान गर्ने सेवाहरू र तिनीहरूको समुचित उपयोग,
- गैंडाकोट भित्रको अवस्थालाई मध्य नजर गरी शिक्षा र विकासको सम्बन्धको  व्याख्या,
- सुशासनको परिचय दिई यसलाई संस्थागत विकासका लागि योगदान दिने विभिन्न पक्षको भूमिकाप्रति सुसूचित,
- गैंडाकोटका गौरवका योजनाहरूको पहिचान गर्न र यसका मुख्य विशेषताप्रति सजगता,
- इन्टरनेटको उपयोग गरी आफ्नो इमेल परिचय पत्र बनाउन र त्यसको समूचित उपयोग,
- दैनिक प्रयोगका घरायसी विद्युतीय सामग्रीको सामान्य सञ्चालन प्रक्रिया (Operation procedure) र सुरक्षाका उपायप्रति सजगता,
- विभिन्न परिकार तयार गर्न आवश्यक सामग्रीको तौल तथा परिमाणको लोखाजोखा तथा नाप गर्ने सीप,
- आर्थिक कारोवारको अभिलेखीकरणको प्रतिवेदन तयारी तथा प्रस्तुतीकरणको सीप,
- कम उर्जाको प्रयोग गरी घरायसी कामकाज गर्न अपनाउने विज्ञानसम्मत तरिकाहरूको बोध तथा स्वीकार,

- आफ्नो वडा भित्र हुने कृषि, पशुपालन, फलफूल खेती तथा फूलबारीसँग परिचित,
- आफ्नो र छिमेकी वडा भित्र अपनाइएका विभिन्न पेशा व्यवसायको मुख्य काम र उत्पादन/प्रतिफल/लागत अनुसार वर्गीकरण गर्ने सीप,
- विभिन्न पेशा व्यवसायको महत्त्व र आधारभूत कार्यहरूसँग परिचित एवम् संलग्नता,
- आफ्नो र छिमेकी वडाभित्र सञ्चालनमा रहेका उद्योग तथा कलकारखानाबाट उत्पादन भएका वस्तुको महत्त्व,
- आफ्नो र छिमेकी वडामा सञ्चालनमा रहेका यातायातका साधनसँग परिचित भई तिनले दैनिक जीवनमा पारेका सकरात्मक प्रभाव उल्लेख गर्न र प्रयोग गर्दा अपनाउनु पर्ने सचेतता,
- जीविकोपार्जन र व्यवसायिक रूपमा सञ्चालन भएका होमस्टे तथा होटलका राम्रा र कमजोर पक्षहरूको तुलनात्मक प्रस्तुति,
- आफ्नो र छिमेकी वडाभित्र पाहुनाको स्वागत, सत्कार तथा आकर्षण गर्न अवलम्वन गरेका अभ्यासहरूमा आफ्नो संलग्नता र सोको प्रस्तुति,
- खेतीपातीको परिचय दिँदै यसको महत्त्व उल्लेख गरी आफ्नो सहभागिता जनाउन,
- दैनिक जीवनमा आवश्यक पर्ने कार्यहरूका लागि गर्नु पर्ने खर्चका क्षेत्रहरूको आवश्यकताको आधारमा वर्गीकरण,
- आम्दानीको आधारमा खर्चको सन्तुलित व्यवस्थापन गर्न र यसको अभिलेख राख्ने तरिका उल्लेख गरी आफ्नो सहभागिता जनाउन,
- आम्दानीबाट भएको  बचतको सुरक्षित परिचालन गर्न सहयोगी संस्थाहरूको पहिचान,
- सहकारीको कार्य क्षेत्र र यसको स्थापनाको सैद्धान्तिक आधार प्रति सचेतता,
- आम्दानीलाई भविष्यको सुरक्षित स्रोतको रूपमा बीमा तथा आवधिक बचत कार्यक्रममा समावेश गर्ने तरिकाको वकालती प्रस्तुति,
- एकल वा सामुहिक रूपमा गर्न सकिने व्यवसायिक क्षेत्रहरूको पहिचान,
- स्थानीय रूपमा प्रसिद्ध खेलहरूमा आफनो संलग्नता,
- स्थानीय स्तरमा खेलको विकास र प्रबर्द्धन गर्ने संस्था तथा निकायहरूको पहिचान,
- स्थानीय स्तरमा रहेका खेल मैदान तथा खेल्ने स्थानको अवस्थिति बोध,
- स्थानीय क्षेत्रमा रहेका सादा जीवन र उच्च विचारले प्रेरित व्यक्तिहरूले दिएका विशेष योगदानको व्याख्या तथा उनीहरूको जीवनीको राम्रा पक्षहरूको अनुसरण,

- ज्येष्ठ नागरिक तथा समाजमा विभिन्न कारणले  पछि परेका व्यक्ति तथा समूहको लागि आदर सम्मान र सहयोग गर्ने क्षेत्रहरूमा संलग्नता,
- अनुलोम विलोम र कपालभाँतीको फाइदा बताई त्यसको अभ्यासको आत्मसात्,
- सकारात्मक सोच र चिन्तनको विकास गर्ने तरिका अवलम्बन,
- आफ्नो धर्म, संस्कार र संस्कृतिप्रति आस्था र सम्मान गर्ने बानीको विकास ।

**कक्षागत सक्षमता कक्षा ८**

- गैंडाकोटको हावापानी र जनजीवनबारे परिचित,
- गण्डकी प्रदेश र गैंडाकोट नगरपालिकाको नक्शा कोरी नक्शामा प्रयोग हुने सङ्केतहरूको प्रस्तुति,
- वातावरणीय सरसफाइमा आफ्नो भूमिकाको प्रदर्शन,
- पोषणयुक्त घरेलु परिकार तयार गर्ने सीप विकास,
- नगरको प्राकृतिक तथा सामाजिक विविधताको सम्मान गर्ने बानीको विकास,
- हाउभाउ सहित नृत्य गर्न र बाजाहरू बजाउने सीप,
- सहयोग र सहानुभूति प्रकट गर्न सक्ने क्षमताको विकास,
- चित्रमा प्रकाश र छायाको उपयुक्त प्रयोग,
- निवेदन लेखी नगरपालिकाबाट  प्रदान हुने सेवाको उपयोग गर्ने तरिकाको प्रस्तुति,
- जिल्ला समन्वय समिति, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बाल क्लबका गठन प्रक्रियामा सचेतता,
- शिक्षा, युवा तथा खेलकुद शाखाबाट प्रदान गर्ने सेवाको सान्दर्भिक प्रस्तुति,
- विकास र शिक्षाको सम्बन्धमा तार्किक अभिव्यक्ति,
- सरकारी र गैर सरकारी संस्थाबाट सुशासनका लागि हुने मुख्य कार्यहरूको सूचीकरण,
- विभिन्न किसिमका योजना र त्यसका विशेषताको तार्किक अभिव्यक्ति,
- इन्टरनेटमा अध्ययन सामग्री खोजी सुरक्षित तरिकाले भण्डारण र उपयोग,
- इलेक्ट्रिक तथा इलेक्ट्रोनिक साधनको सुरक्षित तरिकाले उपयोग,
- जीवनका विविध पक्षहरूमा गणित र विज्ञानको सम्बन्धको पुष्ट्याइँ,

- आर्थिक कारोवारको अभिलेखीकरण गरी प्रतिवेदन तयारी तथा प्रस्तुतीकरणको सीप,
- नगरपालिकाभित्रका विभिन्न पेशाका बारेमा परिचित भई उत्पादन र बजारीकरणको सम्बन्धको पुष्ट्याँई,
- उद्योग, कलकारखाना, र व्यवसायको महत्त्व बोध,
- विभिन्न पेशा व्यवसायबाट हुने उत्पादनको उपभोग र बजारीकरणमा संलग्नता,
- उद्योग, कलकाराखाना, यातायातका साधन र पर्यटन व्यवसायबाट समाजमा पर्न सक्ने सकारात्मक र नकारात्मक प्रभावका बारेमा सजगता र तुलना,
- आम्दानी र खर्चको व्यवस्थापनको तरिका सम्बन्धमा तार्किक अभिव्यक्ति,
- आफ्नो दैनिकीमा वित्तीय निर्णयप्रति सजगता,
- आफ्नो वडा र छिमेकी वडामा सञ्चालनमा रहेका बैंक तथा सहकारी संस्थाहरूमा सहभागिता र तार्किक अभिव्यक्ति,
- सहकारी, बैंक र बिमाका विशेषताको प्रस्तुति,
- शेयर र बीमामा संलग्नता,
- स्थानीय रूपमा प्रचलित खेलमा सहभागिता,
- खेलकुदको विकास र विस्तारमा कार्य गर्ने निकाय एवं स्थानीय संस्थासँग परिचित,
- खेल मैदानहरूको पहिचान र विकासमा सहभागिता,
- स्वस्थ जीवनको लागि खेलकुद र व्यक्तित्व विकासमा संलग्नता,
- राम्रो र असल जीवन शैलीको अनुसरण,
- प्रसिद्ध अध्यात्मिक व्यक्तित्वहरूको जीवनी एवं योगदानको अनुसरण
- सामाजिक सद्भावको विकासमा सहभागिता,
- समावेशी व्यवहारको विकासमा सक्रियता,
- सकारात्मक व्यवहार प्रदर्शन,
- विभिन्न योगाभ्यासको उपयोग,
- आफ्ना धार्मिक, सांस्कृतिक क्रियाकलापमा सहभागिता ।

## ७. कक्षागत विषय क्षेत्र र सिकाइ उपलब्धिको विस्तृतीकरण

यस खण्डमा कक्षा ६ देखि ८ सम्मका स्थानीय विषय अन्तर्गतका विषयगत क्षेत्र, विषयवस्तु, विशिष्ट उद्देश्य, सिकाइ उपलब्धि र शिक्षण सिकाइ क्रियाकलाप तथा मूल्याङ्कनका तरिकालाई विस्तृत रूपमा प्रस्तुत गरिएको छ । कक्षाकोठामा अध्यापन गरिसकेपछि विद्यार्थीमा कस्तो सिकाइ उपलब्धि हासिल गर्ने भन्ने उद्देश्यलाई विशिष्ट उद्देश्यको रूपमा उल्लेख गरिएको छ भने उद्देश्य पूरा भइ सकेपछि विद्यार्थीमा आउने परिवर्तनलाई सिकाइ उपलब्धिको रूपमा उलल्ेख गरिएको छ । यहाँ उल्लेख भएका भन्दा फरक शिक्षण सिकाइ क्रियाकलापबाट पनि विद्यार्थीहरूमा तोकिएका सिकाइ उपलब्धिहरू हासिल हुन सक्छन् भने त्यस्ता क्रियाकलाप र मूल्याङ्कनका तरिकाहरू पनि उपयोग गर्न सकिने छ ।

### कक्षा ६ को पाठ्यक्रम विस्तृतीकरण

| क्र. सं | विषय क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य | सिकाइ उपलब्धि | शिक्षण सिकाइ क्रियाकलाप तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|
| १ | स्थानीय भूगोल, कला र संस्कृति | • नगरपालिकाको नक्शा र त्यसभित्र पर्ने आफ्नो वडाको अवस्थिति, क्षेत्रफल र सिमाना,<br>• वरिपरिको स्वच्छ र सफा वातावरण<br>• नगरभित्रको धार्मिक सम्पदा, चाडपर्व, रीतिरिवाज र पोषणयुक्त खानेकुराहरू । | • आफ्नो वडाको भौगोलिक नक्शा कोर्न सक्ने,<br>• आफ्नो वडामा रहेका खोला/खोल्साको अवस्थिति र यसको महत्त्व बताउन सक्ने,<br>• नगरपालिका क्षेत्रभित्रको मुख्य प्राकृतिक स्रोत/साधनको सूची तयार गर्न र त्यसको महत्त्व बताउन सक्ने,<br>• नगरपालिका क्षेत्रभित्रको मुख्य बजारहरूको अवस्थिति र त्यहाँको मुख्य विशेषता भन्न सक्ने,<br>• वरिपरिको वातावरण स्वच्छ राख्न आफूले गर्न सक्ने योगदानको सूची प्रस्तुत गर्न सक्ने, | • आफ्नो वडाको नक्शा बनाउन,<br>• आफनो वडामा रहेका खोला/खोल्साको परिचय दिन,<br>• नगरपालिका क्षेत्रभित्रको मुख्य प्राकृतिक स्रोत/साधनको परिचय बताउन,<br>• नगरपालिका क्षेत्रभित्रको मुख्य बजारहरूको विशेषताहरू भन्न,<br>• वरिपरिको वातावरण स्वच्छ राख्न आफ्नो भूमिका वर्णन गर्न,<br>• आफ्नो वडाभित्रका मानव निर्मित संरचनाको उपयोगिताको व्याख्या तथा वर्गीकरण गर्न, | • छलफल, प्रवचन, प्रश्नोत्तर, अभ्यास, प्रदर्शन, क्षेत्र भ्रमण तथा परियोजना र प्रयोगात्मक कार्यजस्ता विधिबाट विद्यार्थीलाई सिकाइमा सक्रिय बनाउने ।<br>○ वडाको नक्शा प्रदर्शन गर्ने र विद्यालय रहेको वडाको सिमाना सङ्केत गरी वडाको नक्शा कोर्न लगाउने र मुख्य बजारहरूको सङ्केत गर्न लगाउने,<br>○ वडामा रहेका विभिन्न खोला/खोल्सा र अन्य प्राकृतिक स्रोत/साधनको सूची तयार गर्न परियोजना कार्य गराउने तथा क्षेत्र भ्रमण गराउने र तिनीहरूको महत्व सहित प्रतिवेदन प्रस्तुत गर्न लगाउने,<br>○ विद्यार्थीको घर तथा विद्यालय वरिपरिको वातावरण स्वच्छ राख्न उनीहरूले गर्न सक्ने योगदानको सूची तयार गर्न लगाउने,<br>○ वडाभित्रका मानव निर्मित संरचनाको सूची तयार गर्न लगाउने र मुख्य संरचनाको अवलोकन भ्रमण गर्न लगाउने, |

<table>
<tr><td></td><td></td><td></td><td>● वरिपरिको वातावरण स्वच्छ र सफा राख्न आफ्नो भूमिका स्पष्ट पार्न सक्ने,<br>● आफ्नो वडाभित्रका मानव निर्मित संरचनाको उपयोगिताको आधारमा वर्गीकरण गर्न सक्ने,<br>● आफ्नो वडामा रहेका विविध जातिगत तथा धार्मिक संस्कार र परम्पराको सूचीकरण गर्न सक्ने,<br>● आफ्नो वडाभित्र रहेका विविध जातिगत तथा धार्मिक संस्कार र परम्पराको सम्बर्धनका लागि आफ्नो सहभागिता जनाउन र सम्मानका लागि गर्ने क्रियाकलापहरू उल्लेख गर्न सक्ने,<br>● वडाभित्रका विभिन्न समुदायको चाडपर्व विशेषको खाना र पहिरनको परिचय दिन तथा विशेषता बताउन सक्ने,<br>● वडामा प्रचलित लोकगीत गाउन र त्यसको भाका अनुसार लोक नाच प्रस्तुत गर्न सक्ने,</td><td>● आफ्नो वडामा रहेका विविध जातिगत तथा धार्मिक संस्कार र परम्पराको सूचीकरण गर्न र त्यसलाई समान गर्न,<br>● वडाभित्रका विभिन्न समुदायको चाडपर्व विशेषको खाना र पहिरनको परिचय दिन तथा विशेषता बताउन,<br>● वडामा प्रचलित लोकगीत गाउन र त्यसको भाका अनुसार लोक नाच प्रस्तुत गर्न,<br>● आफूलाई मन पर्ने विभिन्न वस्तुहरूको चित्र कोर्न सक्ने ।</td><td>○ छलफल तथा प्रश्नोत्तर गरी वडामा रहेका विविध जातिगत तथा धार्मिक संस्कारको सूचीकरण गर्न लगाउने,<br>○ छलफल तथा अन्तरक्रियाको आधारमा परम्परागत तथा धार्मिक संस्कारको सम्बर्द्धनमा विद्यार्थीले निभाउन सक्ने आफ्नो भूमिका र योगदानको बारेमा बताउन लगाउने,<br>○ वडामा मनाउने विभिन्न चाडपर्वमा प्रयोग हुने खाना, पहिरन विशेषको परिचय दिन विभिन्न सामग्रीको प्रस्तुत गर्ने र विद्यार्थीको अनुभव बताउन लगाउने,<br>○ वडामा प्रचलित लोकगीत र नृत्यको अनुकरण गरी हाउभाउ प्रस्तुत गर्न लगाउने,<br>○ विद्यार्थीको रुची अनुसार विभिन्न आकृतिका चित्र कोर्न लगाउने,<br>○ घरमा उपलब्ध हुन सक्ने पोषणयुक्त खानेकुराको नामावली तयार गर्न लगाउने ।<br>● मूल्याङ्कनका तरिका : माथिका क्रियाकलाप गर्न र विद्यार्थीको सिकाइ उपलब्धिको लोखाजोखा विद्यार्थीको व्यवहार अवलोकन, प्रश्नोत्तर, अन्तरक्रिया तथा परियोजना कार्य मार्फत गर्ने ।</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • आफ्ना वरिपरिको आफूलाई मन पर्ने विभिन्न वस्तुहरूको चित्र कोर्न सक्ने । | | |
| २ | स्थानीय प्रशासन, शिक्षा र विकास | • आफ्नो वडा कार्यलयबाट प्राप्त हुने विविध प्रकारका सेवा तथा सुविधाहरू<br>• आफ्नो बसोबास स्थान र विद्यालय भएको वडाको प्रदेश सहितको ठेगाना,<br>• आफ्नो वडाभित्रका प्रविधिक विषयहरू,<br>• जन्मसिद्ध अधिकारको रूपमा शिक्षा र जीवनमा यसको महत्त्व,<br>• फरक अवस्थामा व्यक्तिले निभाउनु पर्ने असल भूमिकाहरू,<br>• नगरपालिकाभित्रका राष्ट्रिय गौरव र स्थानीय गौरवका योजना । | • गैंडाकोट नगर कार्यपालिकाको मुख्य काम बताउन र यसको गठन विधि बताउन सक्ने,<br>• आफूले गर्ने दैनिक कार्यकलापको कार्यतालिका तयार गरी त्यसलाई लागू गर्न,<br>• विद्यालयको वार्षिक योजना बारे परिचित भई त्यसका कार्यकलापमा आफ्नो सहभागिता जनाउन,<br>• शिक्षाले समृद्ध जीवन बिताउन सहयोग गर्न सक्न भन्ने कुराको पुष्ट्याइँ गर्न,<br>• सुशासनको परिचय दिई यसका विशेषताहरू बताउन सक्ने । | • गैंडाकोट नगर कार्यपालिकाको मुख्य काम र यसको गठन विधि बताउन,<br>• आफ्नो दैनिकी तयार गरी त्यसलाई लागू गर्न,<br>• विद्यालयको वार्षिक योजनाको महत्त्व बताउन र योजना निर्माणमा आफ्नो सहभागिता जनाउन,<br>• समृद्ध जीवनका लागि शिक्षाको अपरिहार्यता पुष्टि गर्न,<br>• सुशासनको परिचय दिई विद्यालय तथा वडामा यसको अवस्था बताउन । | • छलफल, प्रवचन, प्रश्नोत्तर, अभ्यास, प्रदर्शन, क्षेत्र भ्रमण तथा परियोजना र प्रयोगात्मक कार्य जस्ता विधिबाट विद्यार्थीलाई सिकाइमा सक्रिय बनाउने ।<br>○ गैंडाकोट नगर कार्यपालिकाको गठन विधि र यसको मुख्य काम बारे व्याख्या तथा छलफल विधिबाट बताइदिने ।<br>○ गैंडाकोट नगर कार्यपालिकाको क्षेत्र भ्रमण गराउने र कर्मचारी तथा जनप्रतिनिधिसँग अन्तरक्रिया गराउने,<br>○ विद्यालयको वार्षिक योजना निर्माण प्रक्रिया बताउन र वार्षिक योजनाबाट प्राप्त हुने फाइदाहरूको बारेमा विद्यार्थीलाई प्रतिवेदन तयार गर्न लगाउने,<br>○ योजना निर्माणमा विद्यार्थीको सहभागिता हुने उपाय के के हुन् सक्छन् ? सो बारे छलफल गराई प्रस्तुत गर्न लगाउने,<br>○ शिक्षा र समृद्ध जीवनसँग सम्बन्धित विषयवस्तुको बारेमा वरिपरिका घटना, व्यक्तिसँग परिचित गराउन क्षेत्र भ्रमण तथा परियोजना कार्य गराउने,<br>○ सुशासनको मुख्य अवयवसहित यसको अर्थ स्पष्ट पार्ने र वडा तथा विद्यालयमा यसको अनुभूति कस्तो रहेको छ भन्ने सन्दर्भमा खोज गरी प्रस्तुत गर्न लगाउने ।<br><br>• मूल्याङ्कनका तरिका : व्यवहार अवलोकन क्षेत्र भ्रमणको प्रतिवेदन, परियोजना कार्य, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | छलफल तथा प्रश्नोत्तरबाट सिकाइ उपलब्धिको लेखाजोखा गर्ने । |
| ३ | विज्ञान प्रविधिको साक्षरता र सुरक्षा | • इन्टरनेट तथा अन्य सूचना तथा सञ्चारका साधन,<br>• दैनिक जीवनमा प्रयोग हुने सामान्य तथा विद्युतीय उपकरण तिनीहरूको सुरक्षित प्रयोग,<br>• गणित र विज्ञानका ज्ञानलाई दैनिक जीवनमा उपयोग गर्ने सीप,<br>• व्यक्तिको दैनिकी र समयको स्वःव्यवस्थापन ।<br>• | • मोबाइलबाट दैनिक जीवनमा उपयोग गर्न सकिने विभिन्न क्रियाकलाप उल्लेख गर्न,<br>• घरायसी प्रयोगमा आउने विद्युतीय सामग्रीको सुरक्षित उपयोग गर्ने तरिका बताउन,<br>• घरायसी क्रियाकलापमा विभिन्न साधारण यन्त्रहरूको प्रयोग गरी त्यसबाट लाभान्वित हुने तरिका उल्लेख गर्न,<br>• आफूले प्रयोग गर्ने विभिन्न घरायसी सामनको उपयोगिता अनुसार लम्बाइ, क्षेत्रफल तथा आयतन नाप्न । | • मोबाइलबाट सिकाइका क्रियाकलाप उपयोग गर्न,<br>• घरायसी प्रयोगमा आउने विद्युतीय सामग्रीको सुरक्षित उपयोग गर्न,<br>• घरायसी क्रियाकलापमा विभिन्न साधारण यन्त्रहरूको कार्य प्रक्रिया व्याख्या गर्न,<br>• आफूले प्रयोग गर्ने विभिन्न घरायसी सामनको उपयोगिता अनुसार लम्बाइ, क्षेत्रफल तथा आयतन नाप्न । | • छलफल, प्रवचन, प्रश्नोत्तर, अभ्यास, प्रदर्शन र क्षेत्र भ्रमण तथा परियोजना कार्य र प्रयोगात्मक कार्यबाट सिकाइ क्रियाकलाप सञ्चालन<br>○ मोबाइलको उपयोग गरी सिकाइ सामग्री खोज गर्न अभ्यास गराउने,<br>○ विद्यार्थीको घरमा प्रयोग हुने विद्युतीय तथा दैनिक रूपमा प्रयोगमा आउने विभिन्न यन्त्र तथा उपकरणको सुरक्षित र समुचित प्रयोग गर्ने तरिकाको बारेमा छलफल र टिपोट गर्न परियोजना कार्य दिने,<br>○ आफूले प्रयोग गर्ने तथा घरायसी प्रयोगमा आउने विभिन्न सामनको नाप गर्न, अन्दाज गर्न र विभिन्न एकाइमा अभिलेख राख्न प्रयोग र अभ्यास गराउने ।<br>• मूल्याङ्कनका तरिका : प्रयोगात्मक अभ्यास तथा प्रश्नोत्तर र परियोजना कार्यबाट विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने । |
| ४ | स्थानीय उत्पादन, उद्योग र व्यवसाय | • आफ्नो घर तथा छिमेकमा अपनाइएका पेशा/व्यवसाय र उद्योग कलकारखाना,<br>• आफ्नो टोल छिमेकमा सञ्चालनमा रहेका यातायातका साधन,<br>• आगन्तुक पाहुना तथा पर्यटकको स्वागत तथा सत्कार, | • आफ्नो वडाभित्र रहेका अपनाइएका विभिन्न पेशा व्यवसायको मुख्य काम र उत्पादन/प्रतिफल अनुसार वर्गीकरण गर्न सक्ने,<br>• आफ्नो वडाभित्र सञ्चालनमा रहेका उद्योग तथा कलकारखाना र यातायातका साधनसँग परिचित भई तिनीहरूको महत्त्व र तिनबाट सुरक्षित रहन अपनाउन पर्ने | • आफ्नो वडाभित्र रहेका अपनाइएका विभिन्न पेशा व्यवसायको वर्गीकरण गरी सूचीबद्ध गर्न,<br>• आफ्नो वडाभित्र सञ्चालनमा रहेका उद्योग तथा कलकारखाना र यातायातका साधनसँग परिचित भई तिनीहरूको महत्त्व र तिनबाट | • छलफल, प्रवचन, प्रश्नोत्तर, अभ्यास, प्रदर्शन र क्षेत्र भ्रमण तथा परियोजना कार्य र प्रयोगात्मक कार्य<br>○ विद्यार्थीको वडाभित्र अपनाइएका पेशा तथा व्यवसायको सूची बनाउन, त्यसको मुख्य उत्पादन तथा प्रतिफल पहिचान गरी त्यसको वर्गीकरण गर्न,<br>○ वडाभित्र सञ्चालनमा रहेका यातायाताका साधनको महत्त्व, प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीका बारेमा क्षेत्र भ्रमण तथा अन्तरक्रियाबाट स्पष्ट पार्ने, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ● घर वरिपरिको फूलबारीको महत्त्व । | सचेतता व्यक्त गर्न,<br>● करेसाबारीको परिचय दिँदै यसको महत्त्व उल्लेख गरी आफ्नो सहभागिता जनाउन सक्ने,<br>● आफ्नो वडाभित्र पाहुनाको स्वागत, सत्कार तथा आकर्षण गर्न अवलम्बन गरेका अभ्यासहरूको सूची तयार गर्न सक्ने,<br>● व्यवसायिक रूपमा सञ्चालन भएका होमस्टे तथा होटलका राम्रा र कमजोर पक्षहरूको तुलनात्मक प्रस्तुति गर्न सक्ने । | अपनाउनु पर्ने सचेतता बताउन,<br>● करेसाबारीको महत्त्व उल्लेख गरी आफ्नो सहभागिता जनाउन,<br>● आफ्नो वडाभित्र पाहुनाको स्वागत, सत्कार तथा आकर्षण गर्न अवलम्बन गरेका अभ्यासहरूको सूची तयार गर्न र आफूले अनुसरण गर्न,<br>● व्यवसायिक रूपमा सञ्चालन भएका होमस्टे तथा होटलका राम्रा र कमजोर पक्षहरूको तुलना गर्न । | ○ करेसाबारीमा विद्यार्थीको सहभागिता गराउन परियोजना कार्यमा संलग्न गराउने, त्यसको महत्त्व बताउन लगाउने,<br>○ क्षेत्र भ्रमण तथा परियोजना कार्य मार्फत आगन्तुक पाहुना तथा पर्यटकलाई स्वागत तथा सत्कार गर्ने तरिका भन्न र अनुसरण गर्न अभ्यास तथा अभिनय गराउने,<br>○ होटल तथा होमस्टेले दिने सेवाको बारेमा छलफल तथा अवलोकन गर्न लगाई त्यसका राम्रा तथा कमजोर पक्षका बारेमा प्रतिवेदन तयार गरी प्रस्तुत गर्न लगाउने ।<br>● मूल्याङ्कनका तरिका : प्रयोगात्मक अभ्यास तथा प्रश्नोत्तर र परियोजना कार्यबाट विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने । |
| ५ | सहकारी र बैङ्क | ● परिवारका नियमित आम्दानीका स्रोत र आवश्यकता अनुसारको खर्च, तथा बचत,<br>● टोलभित्रका बचतलाई सुरक्षित राख्ने र ऋण लगानी गर्ने संस्थाहरू । | ● समुदायमा हुने गरेका आम्दानी र खर्चका क्षेत्रहरू पहिचान गरी वर्गीकरण गर्न सक्ने,<br>● समुदायमा हुने सामूहिक तथा व्यक्तिगत आम्दानी तथा बचत र ऋण परिचालन गर्ने क्रियाशील समूह तथा संस्थाहरूको सूचीकरण गरी तिनीहरूको मुख्य कार्यहरू उल्लेख गर्न सक्ने, | ● समुदायमा हुने गरेका आम्दानी र खर्चका क्षेत्रहरू पहिचान गरी आवश्यकताका आधारमा वर्गीकरण गर्न,<br>● समुदायमा बचत र ऋण परिचालन गर्ने क्रियाशील समूह तथा संस्थाहरूको सूचीकरण गरी तिनीहरूको मुख्य कार्यहरू उल्लेख गर्न,<br>● आफ्नो घरमा हुने आम्दानी र खर्चको विवरण तुलनात्मक प्रस्तुतीकरण | ● छलफल, प्रवचन, प्रश्नोत्तर, अभ्यास, प्रदर्शन र क्षेत्र भ्रमण तथा परियोजना कार्य र प्रयोगात्मक कार्य<br>○ आफ्नो समुदायका व्यक्तिहरूले गर्ने आम्दानीका स्रोतको पहिचान गर्न क्षेत्र भ्रमण गराउने,<br>○ आफ्नो आवश्यकतालाई प्राथमिकताको आधारमा खर्च गर्नु पर्छ भन्ने सम्बन्धमा उदाहरणसहित व्याख्या तथा छलफल गराउने,<br>○ समुदायमा हुने सामूहिक तथा व्यक्तिगत आम्दानी तथा बचत र ऋण परिचालन गर्ने क्रियाशील समूह तथा संस्थाहरूको सूचीकरण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ● आफ्नो घरमा हुने आम्दानी र खर्चको विवरण अभिलेखीकरण गरी तुलनात्मक प्रस्तुतीकरण गर्न सक्ने,<br>● आम्दानी र खर्चको सन्तुलित व्यवस्थापन गर्न र यसको अभिलेख राख्ने तरिका उल्लेख गरी आफ्नो सहभागिता जनाउन सक्ने । | गर्न,<br>● आम्दानी र खर्चको सन्तुलित व्यवस्थापन गर्न र यसको अभिलेख राख्ने तरिका बताउन । | गरी तिनीहरूको मुख्य कार्यहरूको व्याख्या, प्रदर्शन तथा परियोजना कार्यबाट सूची तयार गरी प्रस्तुत गर्न लगाउने,<br>○ आफ्नो घरमा हुने आम्दानी र खर्चको विवरण अभिलेखीकरण गरी तुलनात्मक रूपमा प्रस्तुतिको लागि अभ्यास गर्न लगाउने,<br>○ आम्दानी र खर्चको सन्तुलित व्यवस्थापन गर्न तरिका छलफल तथा अन्तरक्रियाबाट प्रस्तुत गर्न लगाउने ।<br>● मूल्याङ्कनका तरिका : प्रयोगात्मक अभ्यास तथा प्रश्नोत्तर र परियोजना कार्यबाट विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने । |
| ६ | खेलकुद र नैतिक चरित्र | ● गतिशील र स्थिर अवस्थाका सीपहरू,<br>● स्थानीय कोठाभित्र र बाहिर खेलिने खेलका सीप तथा लोकप्रिय खेलहरू,<br>● आफ्नो टोलमा खेलकुदका विकास र विस्तारमा कार्य गर्ने संस्थाहरू,<br>● व्यक्तिका राम्रा गुणहरू र असल बानी व्यहोरा, | ● स्थानीय खेलहरूको सूचीकरण गरी ती खेलहरू खेल्ने तरिका बताउन सक्ने,<br>● स्थानीय स्तरमा खेल प्रबर्द्धन गर्ने निकायहरूको पहिचान गर्न सक्ने,<br>● स्वस्थ जीवनको लागि खेलकुद र व्यक्तित्व विकासमा यसको महत्त्व उल्लेख गर्न सक्ने,<br>● स्थानीय क्षेत्रमा विशेष योगदान दिएका असल तथा अनुकरणीय व्यक्तिहरूको पहिचान गरी | ● स्थानीय खेलहरू खेल्ने तरिका बताउन र आफ्नो सहभागिता जनाउन ।<br>● स्थानीय स्तरमा खेल प्रबर्द्धन गर्ने निकायहरूको पहिचान गर्न ।<br>● स्वस्थ जीवनको लागि खेलकुद र व्यक्तित्व विकासमा यसको महत्त्वलाई आत्मसात् गर्न,<br>● स्थानीय क्षेत्रमा विशेष योगदान दिएका असल तथा अनुकरणीय व्यक्तिहरूको पहिचान गर्न, | ● छलफल, प्रवचन, प्रश्नोत्तर, अभ्यास, प्रदर्शन, क्षेत्र भ्रमण तथा परियोजना कार्य र प्रयोगात्मक कार्यबाट सिकाइ क्रियाकलाप सञ्चालन गर्ने<br>○ स्थानीय खेलहरूको सूचीकरण गरी ती खेलको अभ्यास गर्न लगाउने ।<br>○ छलफल तथा प्रश्नोत्तर विधिबाट स्थानीय रूपमा खेलको विकास र प्रबर्द्धनका लागि क्रियाशील निकाय तथा संस्थाहरूको सूची तयार गर्न लगाउने,<br>○ खेलकुदबाट हुने व्यक्तिगत जीवन र समुदायलाई हुने फाइदाको बारेमा अन्तरक्रिया तथा छलफलबाट तयार गरी प्रस्तुत गर्न लगाउने, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • स्थानीय समाजसेवी तथा असल व्यक्तिहरूका विशेषता,<br>• अरु प्रति उचित आदार, सम्मान तथा माया, ममताको व्यवहार,<br>• शारीरिक व्यायम, योगा र ध्यान । | उनीहरूको मुख्य कार्यको व्याख्या गर्न सक्ने,<br>• ज्येष्ठ नागरिक तथा समाजमा विभिन्न कारणले पछि परेका व्यक्ति तथा समूहको लागि आदर सम्मान र सहयोग गर्ने क्षेत्रहरूको खोजी गरी आफ्नो संलग्नता दर्शाउन,<br>• योगासन, ध्यान तथा सकरात्मक सोच तथा अध्यात्मिक चिन्तनका अवधारणा प्रति सुसूचित भई त्यसमा अभ्यासरत हुन । | • ज्येष्ठ नागरिक तथा समाजमा विभिन्न कारणले पछि परेका व्यक्ति तथा समूहको लागि आदर सम्मान र सहयोग गर्न,<br>• योगासन, ध्यान तथा सकारात्मक सोचको विकास तथा अध्यात्मिक चिन्तनप्रति सुसूचित भई त्यसमा संलग्न हुन । | ○ समूदायमा रहेका असल समाजसेवी र गुणवान् व्यक्तिको पहिचान गरी उनीहरूको राम्र गुण तथा विशेषताको सूची तयार गर्न खोज तथा परियोजना कार्य गर्न लगाउने,<br>○ असल व्यक्तिहरूमा भएका राम्रा गुणहरू सूचीकरण गरी त्यसको अनुसरण गर्ने तरिका बताउने र अभ्यास गराउने,<br>○ सकरात्मक सोच र बानीको विकास गर्न योग र ध्यानमा अभ्यास गर्न लगाउने,<br>○ ज्येष्ठ नागकि तथा पिछडिएका समूह तथा व्यक्तिहरूलाई सम्मान र आदर गर्ने बानीको विकास गर्न विभिन्न परियोजना कार्य तथा अभिनय क्रियाकलाप गर्न लगाउने,<br>○ योगा र ध्यान सञ्चालन गर्ने संस्थाहरूमा भ्रमण गराइ त्यसका राम्रा पक्षहरूको टिपोट गरी प्रस्तुत गर्न लगाउने ।<br>• मूल्याङ्कनका तरिका : प्रयोगात्मक अभ्यास तथा प्रश्नोत्तर र परियोजना कार्य, विद्यार्थीको व्यवहार अवलोकनबाट विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने । |

## कक्षा ७ को पाठ्यक्रम विस्तृतीकरण

| क्र.सं | विषय क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य | सिकाइ उपलब्धिहरू | सिकाइ क्रियाकलाप तथा मूल्याङ्कनका तौरतरिकाहरू |
|---|---|---|---|---|---|
| १ | स्थानीय भूगोल, कला र संस्कृति | ● नगरपालिकाको नक्शामा वडाभित्रका मुख्य स्थानहरू, प्राकृतिक तथा मानव निर्मित स्रोत साधन र सम्पदा,<br>● वरिपरिको स्वच्छ, सफा र प्रदुषित वातावरण,<br>● आफ्नो समुदायको जन्मदेखि मृत्युसम्मका संस्कारहरू,<br>● आफनो परम्परागत तथा मौलिक लोक संस्कृति,<br>● घरायसी पोषणयुक्त खानेकुरा,<br>● आधारभूत ज्यामितीय आकार । | ● गैंडाकोटको नक्शा कोरी त्यहाँभित्रका प्राकृतिक सम्पदाको महत्त्व उल्लेख गर्न सक्ने,<br>● नगरपालिका क्षेत्रभित्रको मुख्य प्राकृतिक स्रोत/साधनको महत्त्व बताउन,<br>● गैंडाकोट नगरपालिकाकाको नक्शामा छिमेकी पालिकाहरू तथा जिल्लाको अवस्थिति देखाउन,<br>● आफ्नो वरिपरि स्वच्छ वातावरण कायम गर्न तथा प्रदुषित वातावरण न्युनीकरण गर्न आफ्नो भूमिका उल्लेख गर्न सक्षम हुने,<br>● आफ्नो पारिवारिक संस्कृतिको विशेषता बताउन तथा त्यसको सम्बर्द्धनमा आफ्नो भूमिका उल्लेख गर्न,<br>● स्थानीय स्तरमा उपलब्ध पौष्टिक खानेकुराहरूको पहिचान गरी तयार गर्ने सीप हासिल गर्न,<br>● मन पर्ने वस्तुहरूको त्रिआयामिक (त्जचभभ म्धभलकष्यलबा) चित्र कोर्न तथा स्थानीय सामग्रीबाट सामान्य वस्तुहरूको मूर्ति तयार गर्न, | ● गैंडाकोटको नक्शा बनाउन<br>● नगरपालिका क्षेत्रभित्रको मुख्य प्राकृतिक स्रोत/साधनको महत्त्व बोध हुने,<br>● गैंडाकोटका छिमेकी पालिकाहरू तथा जिल्लाको अवस्थिति नक्शामा देखाउन,<br>● स्वच्छ वातावरण कायम गर्न तथा प्रदुषित वातावरण न्युनीकरण गर्न आफ्नो भूमिका उल्लेख गर्न,<br>● आफ्नो पारिवारिक कर्मकाण्ड तथा संस्कृतिक परम्परामा सहभागी हुन तथा सम्बर्द्धनमा आफ्नो भूमिका उल्लेख गर्न,<br>● स्थानीय स्तरमा उपलब्ध पौष्टिक खानेकुराहरूको पहिचान गर्न,<br>● मन पर्ने वस्तुहरूको त्रिआयामिक (त्जचभभ म्धभलकष्यलबा) चित्र कोर्न र स्थानीय सामग्रीबाट सामान्य वस्तुहरूको मूर्ति तयार गर्न, | ● छलफल, प्रवचन, प्रश्नोत्तर, अभ्यास, प्रदर्शन, क्षेत्र भ्रमण तथा परियोजना र प्रयोगात्मक कार्य जस्ता विधिबाट विद्यार्थीलाई सिकाइमा सक्रिय बनाउने ।<br>○ गैंडाकोटको नक्शा प्रदर्शन गर्ने र नक्शाको सिमानामा पर्ने छिमेकी पालिका तथा जिल्ला पहिचान गर्न लगाउने,<br>○ गैंडाकोटका विभिन्न स्थानका मुख्य प्राकृतिक सम्पदाको सूचीकरण गरी तिनीहरूको महत्त्व स्पष्ट पार्न व्याख्यान गर्ने तथा परियोजना कार्यबाट प्रस्तुतीकरण गर्न लगाउने,<br>○ वरिपरिको वातावरण स्वच्छ राख्न उनीहरूले गर्न सक्ने योगदानको सूची तयार गर्न र त्यस्तो कार्यमा सहभागिता जनाउन लगाउने,<br>○ छलफल तथा प्रश्नोत्तर गरी विद्यार्थीको जातिगत तथा धार्मिक संस्कारको विशेषताको सूची तयार गर्न र त्यसको सम्बर्द्धनमा आफ्नो भूमिका बताउन लगाउने,<br>○ स्थानीय स्तरमा पाइने पौष्टिक खानेकुराको सूची तयार गर्न, त्यसलाई खान तयार गर्न र उपयोग गर्ने बानीको विकास गर्न अभ्यास र अनुसरण गर्न लगाउने,<br>○ वडामा मनाउने विभिन्न चाडपर्वमा प्रयोग हुने खाना, पहिरन विशेषको परिचय दिन विभिन्न सामग्रीको प्रस्तुत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ● गैंडाकोटको स्थानीय लोक गीत गाउन, लोक बाजा बजाउन तथा नृत्य गर्न अभ्यास गर्न सक्ने । | ● गैंडाकोटको स्थानीय लोक गीत गाउन, लोक बाजा बजाउन तथा नृत्य गर्न । | गर्ने र विद्यार्थीको अनुभव बताउन लगाउने,<br>○ विद्यार्थीको रुचीअनुसार विभिन्न आकृतिका चित्र त्रिआयमिक चित्र बनाउन अभ्यास गराउने,<br>○ वडामा प्रचलित लोकगीत र नृत्यको अनुकरण गरी हाउभाउ प्रस्तुत गर्न लगाउने ।<br>● मूल्याङ्कनका तरिका : विद्यार्थीको सिकाइ उपलब्धिको लोखाजोखा विद्यार्थीको व्यवहार अवलोकन, क्षेत्र भ्रमणको प्रतिवेदन, प्रश्नोत्तर, अन्तरक्रिया तथा परियोजना कार्य मार्फत गर्ने । |
| २ | स्थानीय प्रशासन, शिक्षा र विकास | ● आफ्नो वडाको वडा समितिको गठन विधि र वडा कार्यलयबाट प्राप्त हुने विविध प्रकारका सेवा तथा सुविधाहरू,<br>● योजना र यसको महत्त्व,<br>● व्यक्तिको नैसर्गिक अधिकारको रूपमा शिक्षा र यसको समुचित उपयोगमा विविध पक्षको भूमिका,<br>● विकासमा सम्बद्ध विविध निकाय तथा पक्ष । | ● नगरपालिकाले प्रदान गर्ने सेवाहरूको सूची तयार गरी तिनीहरूको उपभोग गर्न अपनाउन पर्ने तरिका बताउन सक्ने,<br>● नगरपालिकामा भएका विभिन्न विषयगत समितिहरूको भूमिका उल्लेख गर्न सक्ने,<br>● योजनाको परिचय दिई गैंडाकोटको योजना निर्माण प्रक्रिया उल्लेख गर्न,<br>● गैंडाकोटका गौरवका योजनाहरूको पहिचान गर्न र यसका मुख्य विशेषता बताउन,<br>● गैंडाकोटभित्रको अवस्थालाई मध्य नजर गरी शिक्षा र विकासको सम्बन्ध व्याख्या गर्न, | ● नगरपालिकाले प्रदान गर्ने सेवाहरूको उपयोग गर्न अपनाउन पर्ने तरिका बताउन,<br>● नगरपालिकामा भएका विभिन्न विषयगत समितिहरूको कार्य बताउन,<br>● गैंडाकोट नगरपालिकाको योजना निर्माण प्रक्रिया उल्लेख गर्न,<br>● गैंडाकोटका गौरवका योजनाहरूको मुख्य विशेषता बताउन,<br>● शिक्षा र विकासको सम्बन्ध व्याख्या गर्न, | ● छलफल, प्रवचन, प्रश्नोत्तर, अभ्यास, प्रदर्शन, क्षेत्र भ्रमण तथा परियोजना र प्रयोगात्मक कार्य जस्ता विधिबाट विद्यार्थीलाई सिकाइमा सक्रिय बनाउने ।<br>○ गैंडाकोट नगर कार्यपालिकाले प्रदान गर्ने सेवाको सूची तयार गर्न वडा तथा नगरपालिकामा क्षेत्र भ्रमण गराउने । सेवा उपयोग गर्न आवश्यक तरिकाको सूची तयार गर्न परियोजना कार्य दिने,<br>○ नगरपालिकाका विभिन्न विषयगत समितिहरूको भूमिकाको बारेमा जानकारी दिलाउन छलफल तथा प्रश्नोत्तर गराउने,<br>○ गैंडाकोटको वार्षिक योजना निर्माण प्रक्रिया बताउन र वार्षिक योजनाको विशेषता तथा यसबाट प्राप्त हुने फाइदाह्ररुको बारेमा विद्यार्थीलाई प्रतिवेदन तयार गर्न लगाउने, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • सुशानको परिचय दिई यसलाई संस्थागत विकास गर्न योगदान दिने विभिन्न पक्षको भूमिका प्रष्ट पार्न । | • सुशासन प्रबर्द्धनको लागि विभिन्न पक्षको भूमिका प्रष्ट पार्न । | ○ योजना निर्माणमा विद्यार्थीको सहभागिता हुने उपाय के के हुन सक्छन् ? सो बारे छलफल गराई प्रस्तुत गर्न लगाउने,<br>○ गैंडाकोटका गौरवका योजनाहरूको बारेमा प्रस्तुतीकरण गर्ने,<br>○ शिक्षा र समृद्ध जीवनसँग सम्बन्धित विषयवस्तुको बारेमा वरिपरिका घटना, व्यक्तिसँग परिचित गराउन क्षेत्र भ्रमण तथा परियोजना कार्य गराउने,<br>○ सुशासनको मुख्य अवयव सहित यसको अर्थ स्पष्ट पार्ने,<br>○ सुशासनका लागि विभिन्न पक्षको भूमिकाको बारेमा छलफल तथा अन्तरिक्रियाबाट स्पष्ट पार्ने र यसको अनुभूति कस्तो रहेको छ भन्ने सन्दर्भमा खोज गरी प्रस्तुत गर्न लगाउने ।<br>• मूल्याङ्कनका तरिका : व्यवहार अवलोकन क्षेत्रभ्रमणको प्रतिवेदन, परियोजना कार्य, छलफल तथा प्रश्नोत्तरबाट सिकाइ उपलब्धिको लेखाजोखा गर्ने । |
| ३ | विज्ञान प्रविधिको साक्षरता र सुरक्षा | • इन्टरनेट तथा यसको उचित उपयोगका लीगि प्रयोग गरिने सफ्टवेयर र साधन,<br>• दैनिक जीवनमा प्रयोग हुने कृषि सम्बद्ध सामान्य उपकरण र तिनीहरूको सुरक्षित प्रयोग, | • इन्टरनेटको उपयोग गरी आफ्नो इमेल परिचय पत्र बनाउन र त्यसको समुचित उपयोग गर्न सक्ने,<br>• दैनिक प्रयोगका घरायसी विद्युतीय सामग्रीको सामान्य सञ्चालन प्रक्रिया (Operation procedure) बताउन, | • सिकाइ क्रियाकलापमा इमेलको उपयोग गर्न,<br>• दैनिक प्रयोगका घरायसी विद्युतीय सामग्रीको सामान्य सञ्चालन प्रक्रिया (Operation procedure) र सुरक्षित प्रयोगका तरिका बताउन, | • छलफल, प्रवचन, प्रश्नोत्तर, अभ्यास, प्रदर्शन र क्षेत्र भ्रमण तथा परियोजना कार्य र प्रयोगात्मक कार्यबाट सिकाइ क्रियाकलाप सञ्चालन<br>○ इमेलको उपयोग गरी सिकाइ क्रियाकलापमा उपयोग गर्न,<br>○ परियोजना कार्य, प्रश्नोत्तर तथा छलफलबाट दैनिक प्रयोगका घरायसी विद्युतीय सामग्रीको सामान्य सञ्चालन प्रक्रिया (Operation procedure) र सुरक्षित प्रयोगका तरिका स्पष्ट गरिदिने, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • गणित र विज्ञानका ज्ञानलाई दैनिक जीवनमा उपयोग गर्ने सीप,<br>• व्यक्तिको दैनिकी र समयको स्वःव्यवस्थापन । | • घरायसी विद्युतीय सामग्रीको प्रयोग गर्दा अपनाउनु पर्ने सुरक्षाका उपायहरू बताउन र अवलम्वन गर्न,<br>• अन्न, गेडागुडी तथा हरिया सागसब्जी युक्त खाद्य पदार्थहरूको सूची तयार गरी तिनीहरूको परिकार तयार गर्न आवश्यक सामग्रीको तौल तथा परिमाण नाप गर्न<br>• दैनिक जीवनमा गरिने व्यवसाय तथा कारोवार गर्दा अत्याधिक नाफा वा घाटा हुने गरी व्यवहार गर्न हुँदैन भन्ने कुराको आत्मासात गर्न तथा कारोवारको उचित लेखाजोखा राख्न,<br>• आफ्ना साथीहरूसँगको सामूहिक क्रियाकलापमा (वनभोज, भ्रमण ...) भएको आर्थिक कारोवारको अभिलेखीकरण गरी प्रतिवेदन तयार गर्न,<br>• सामान्य बीजगणितीय समीकरणका समस्यालाई तराजुको प्रयोग गरी प्रयोगात्मक तरिकाले समाधान गर्न,<br>• आफ्नो घरमा हुने आम्दानी र खर्चको विवरण अभिलेखीकरण गरी तुलनात्मक रूपमा ग्राफमा प्रस्तुतीकरण गर्न,<br>• कम उर्जाको प्रयोग गरी घरायसी कामकाज गर्न अपनाउने विज्ञान सम्मत तरिकाहरू बताउन सक्ने (खाना पकाउँदा अन्नलाई भिजाएर पकाउने, खाना पकाउने | • विभिन्न अन्न तथा तरकारीजन्य खाद्य पदार्थहरूको सूची तयार गरी तिनीहरूको परिकार तयार गर्न आवश्यक सामग्रीको उचित तौल तथा नाप एकीन गर्न,<br>• दैनिक जीवनमा गरिने व्यवसाय तथा कारोवार गर्दा अत्याधिक नाफा वा घाटा हुने गरी व्यवहार गर्न नहुने कुराको वकालत गर्न,<br>• आफ्ना साथीहरूसँगको सामूहिक क्रियाकलापमा (वनभोज, भ्रमण ...) भएको आर्थिक कारोवारको अभिलेखीकरण गर्ने तरिका प्रस्तुत गर्न,<br>• तराजुको प्रयोग गरी सामान्य बीजगणितीय समीकरणका समस्यालाई समाधान गर्न,<br>• आफ्नो घरमा हुने आम्दानी र खर्चको विवरण अभिलेखीकरण गरी तुलनात्मक रूपमा ग्राफमा प्रस्तुतीकरण गर्न,<br>• कम उर्जाको प्रयोग गरी घरायसी कामकाज गर्न | ○ छलफल तथा प्रश्नोत्तरबाट दैनिक प्रयोगमा हुने अन्न तथा तरकारीजन्य खाद्य पदार्थको सूची तयार गर्न लगाई तिनीहरूको उपयुक्त नाप गर्न अभ्यास गराउने,<br>○ दैनिक व्यवसायमा अत्यधिक नाफा वा घाटा नहुने गरी कार्य गर्नु पर्ने कुराको प्रस्तुतीकरण तथा अभिनय गर्न लगाउने,<br>○ अभ्यास र प्रयत्नबाट तराजुको प्रयोग गरी सामान्य बीजगणितीय समस्याहरू हल गर्न लगाउने,<br>○ घरमा हुने आम्दानी र खर्चको अभिलेखीकरणलाई प्रस्तुत गर्ने तरिका प्रयोग र अभ्यासबाट सिकाउने,<br>○ कम उर्जाको प्रयोग गरी काम लिन विभिन्न वैज्ञानिक कारणहरू स्पष्ट पार्ने, विद्यार्थीलाई सो सम्बन्धमा खोज गर्न लगाउने ।<br>• मूल्याङ्कनका तरिका : प्रयोगात्मक अभ्यास तथा प्रश्नोत्तर र परियोजना कार्यबाट विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पानीलाई घामबाट तातो हुने स्थानमा राख्ने....) | विज्ञान सम्मत तरिकाहरू अपनाउन । | |
| ४ | स्थानीय उत्पादन, उद्योग र व्यवसाय | ● आफ्नो घर छिमेकमा अपनाइएका पेशा/व्यवसाय र उद्योग तथा कलकारखानाको वर्गीकरण,<br>● आफ्नो वडाका विविध उत्पादन,<br>● आफ्नो टोल छिमेकमा सञ्चालनमा रहेका यातायातका साधन र त्यसको प्रभाव,<br>● आगन्तुक पाहुना तथा पर्यटकको स्वागत तथा सत्कार,<br>● घर वरिपरिको करेसाबारीको महत्त्व । | ● आफ्नो र छिमेकी वडाभित्र रहेका अपनाइएका विभिन्न पेशा व्यवसायको मुख्य काम र उत्पादन/प्रतिफल/ लागत अनुसार वर्गीकरण गर्न सक्ने,<br>● आफ्नो वडाभित्र हुने कृषि, पशुपालन, फलफूल खेती तथा फूलबारीको परिचय दिन र त्यसबाट उत्पादन हुने तरिका बताउन सक्ने,<br>● विभिन्न पेशा व्यवसायको महत्त्व बताउन र अपनाउँदा गर्नै पर्ने आधारभूत कार्यहरू उल्लेख गर्न,<br>● आफ्नो र छिमेकी वडाभित्र सञ्चालनमा रहेका उद्योग तथा कलकारखानाबाट उत्पादन भएका वस्तुको महत्त्व बताउन,<br>● आफ्नो र छिमेकी वडामा सञ्चालनमा रहेका यातायातका साधनसँग परिचित भई तिनले दैनिक जीवनमा पारेका सकरात्मक प्रभाव उल्लेख गर्न र प्रयोग गर्दा अपनाउनु पर्ने सचेतता बताउन,<br>● आफ्नो र छिमेकी वडाभित्र पाहुनाको स्वागत, सत्कार तथा आकर्षण गर्न अवलम्वन गरेका अभ्यासहरूको सूची तयार गर्न,<br>● खेतीपातीको परिचय दिँदै यसको महत्त्व उल्लेख गरी आफ्नो | ● आफ्नो र छिमेकी वडाभित्र रहेका अपनाइएका विभिन्न पेशा व्यवसायको मुख्य काम र उत्पादन/प्रतिफल/ लागतअनुसार परिचय दिन र वर्गीकरण गर्न,<br>● विभिन्न पेशा व्यवसाय अपनाउँदा गर्नै पर्ने आधारभूत कार्यहरू उल्लेख गर्न,<br>● आफ्नो र छिमेकी वडाभित्र सञ्चालनमा रहेका उद्योग तथा कलकारखानाबाट उत्पादन भएका वस्तुको महत्त्व बताउन,<br>● आफ्नो र छिमेकी वडामा सञ्चालनमा रहेका यातायातका साधनले दैनिक जीवनमा पारेका सकरात्मक प्रभाव उल्लेख गर्न,<br>● आफ्नो र छिमेकी वडाभित्र पाहुनाको स्वागत, सत्कार तथा आकर्षण गर्न अवलम्वन गरेका अभ्यासहरूको सूची तयार गर्न तथा अभ्यास गर्न, | ● छलफल, प्रवचन, प्रश्नोत्तर, अभ्यास, प्रदर्शन र क्षेत्र भ्रमण तथा परियोजना कार्य र प्रयोगात्मक कार्य<br>○ वडाभित्र सञ्चालनमा रहेका कृषि, पशुपालन लगायत अन्य पेशा/व्यवसायको विशेषता तथा त्यसमा उत्पादन वस्तुका बारेमा सूचना सङ्कलन गर्न क्षेत्र भ्रमण तथा परियोजना कार्य गराई प्रस्तुत गर्न लगाउने र ती विषयका आधारभूत विषयको  बारेमा स्पष्ट पारिदिने,<br>○ नजिकका उद्योग कल कारखानाको क्षेत्र भ्रमण गराई त्यहाँबाट उत्पादित हुने सामानको महत्त्वको बारेमा छलफल गरी प्रस्तुत गर्न लगाउने,<br>○ यातायातका साधनबाट हुने सकरात्मक पक्षको उल्लेख गर्न छलफल तथा प्रदर्शन गराउने,<br>○ क्षेत्र भ्रमण तथा परियोजना कार्य मार्फत आगन्तुक पाहुना तथा पर्यटकलाई स्वागत तथा सत्कार गर्ने तरिका भन्न र अनुसरण गर्न अभ्यास तथा अभिनय गराउने,<br>○ खेतीपातीको महत्त्वको बारेमा छलफल तथा प्रस्तुति गर्न लगाउने,<br>○ होटल तथा होमस्टेले दिने सेवाको बारेमा छलफल तथा अवलोकन गर्न लगाई त्यसका राम्रा तथा कमजोर पक्षका बारेमा प्रतिवेदन तयार गरी प्रस्तुत गर्न लगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सहभागिता जनाउन उपाय बताउन,<br>● जीविकोपार्जन र व्यवसायिक रूपमा सञ्चालन भएका होमस्टे तथा होटलका राम्रा र कमजोर पक्षहरूको तुलनात्मक प्रस्तुति गर्न सक्ने । | ● खेतीपातीको महत्त्व उल्लेख गरी आफ्नो सहभागिता जनाउने उपाय बताउन,<br>● जीविकोपार्जन र व्यवसायिक रूपमा सञ्चालन भएका होमस्टे तथा होटलका राम्रा र कमजोर पक्षहरूको तुलनात्मक प्रस्तुति गर्न । | ● मूल्याङ्कनका तरिका : प्रयोगात्मक अभ्यास तथा प्रश्नोत्तर र परियोजना कार्यबाट विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने । |
| ५ | सहकारी र बैङ्क | ● टोल छिमेकका नियमित आम्दानीका स्रोत र आवश्यकता अनुसारको खर्च, तथा बचत तथा त्यसको अभिलेखीकरण,<br>● वडाभित्रका बचतलाई सुरक्षित राख्ने र ऋण लगानी गर्ने संस्थाहरू । | ● दैनिक जीवनमा आवश्यक पर्ने कार्यहरूका लागि गर्नु पर्ने खर्चका क्षेत्रहरूकको आवश्यकताको आधारमा वर्गीकरण गर्न सक्ने,<br>● आम्दानीको आधारमा खर्चको सन्तुलित व्यवस्थापन गर्न र यसको अभिलेख राख्ने तरिका उल्लेख गरी आफ्नो सहभागिता जनाउन,<br>● आम्दानीबाट भएको बचतको सुरक्षित परिचालन गर्न सहयोगी संस्थाहरूको पहिचान गर्न,<br>● सहकारीको कार्य क्षेत्र र यसको स्थापनाको सैद्धान्तिक आधार उल्लेख गर्न,<br>● आम्दानीलाई भविष्यको सुरक्षित स्रोतको रूपमा बीमा तथा आवधिक बचत कार्यक्रममा समावेश गर्ने तरिका बताउन, | ● दैनिक जीवनमा आवश्यकताको आधारमा गर्नु पर्ने खर्चको शीर्षकहरूको वर्गीकरण गर्न,<br>● आम्दानीको आधारमा खर्चको सन्तुलित व्यवस्थापन गर्न र यसको अभिलेख राख्ने तरिकामा अभ्यस्त हुन,<br>● आम्दानीबाट भएको बचतको सुरक्षित परिचालन गर्न सहयोगी संस्थाहरूको पहिचान गर्न,<br>● सहकारीको कार्य क्षेत्र र यसको स्थापनाको सैद्धान्तिक आधार उल्लेख बताउन,<br>● बीमा तथा आवधिक बचतको प्रक्रियामा संलग्न हुन आफ्नो | ● छलफल, प्रवचन, प्रश्नोत्तर, अभ्यास, प्रदर्शन र क्षेत्र भ्रमण तथा परियोजना कार्य र प्रयोगात्मक कार्य<br>○ आफ्नो समुदायका व्यक्तिहरूले गर्ने आम्दानीलाई आफ्नो आवश्यकतालाई प्राथमिकताको आधारमा विभाजन गरी खर्च गर्नु पर्छ भन्ने सम्बन्धमा उदाहरणसहित व्याख्या तथा छलफल गराउने,<br>○ खर्च र आम्दानीको अभिलेख राख्ने तरिका उल्लेख गर्न र अभ्यास गर्न लगाउने,<br>○ समुदायमा हुने सामूहिक तथा व्यक्तिगत आम्दानी तथा बचत र ऋण परिचालन गर्ने संस्थाहरूको मुख्य कार्यहरूको व्याख्या, प्रदर्शन तथा परियोजना कार्यबाट सूची तयार गरी प्रस्तुत गर्न लगाउने,<br>○ सहकारीको कार्यक्षेत्र र स्थापनाको सैद्धान्तिक आधार विद्यार्थीलाई खोजी प्रस्तुत गर्न लगाउने र आफूले बताइदिने,<br>○ बीमा तथा अन्य आवधिक बचतको बारेमा व्याख्या गरिदिने । तिनीहरूको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • एकल वा सामूहिक रूपमा गर्न सकिने व्यवसायिक क्षेत्रहरूको नाम उल्लेख गर्न सक्ने । | भूमिका बताउन,<br>• एकल वा सामूहिक रूपमा गर्न सकिने व्यवसायिक क्षेत्रहरूको नाम उल्लेख गर्न । | काम उल्लेख भएका सामग्री विद्यार्थीलाई अध्ययन गर्न लगाउने ।<br>• मूल्याङ्कनका तरिका : प्रयोगात्मक अभ्यास तथा प्रश्नोत्तर र परियोजना कार्यबाट विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने । |
| ६ | खेलकुद र नैतिक चरित्र | • स्थानीय कोठाभित्र र बाहिर खेलिने खेलका सीप तथा लोकप्रिय खेलहरू,<br>• आफ्नो वडामा खेलकुदका विकास र विस्तारमा कार्य गर्ने संस्थाहरू,<br>• व्यक्तिका राम्रा गुणहरू र असल बानी व्यहोरा र त्यसको अनुसरण,<br>• अरूप्रति उचित आदर, सम्मान तथा माया, ममताको व्यवहार,<br>• शारीरिक व्यायम, योगा र ध्यानको आवश्यकता । | • स्थानीय रूपमा प्रसिद्ध खेलहरूको सूचीकरण गरी ती खेलहरू खेल्ने तरिका बताउन र खेल्न सक्ने,<br>• स्थानीय स्तरमा खेलको विकास र प्रबर्द्धन गर्ने संस्था तथा निकायहरूको पहिचान गर्न,<br>• स्थानीय स्तरमा रहेका खेल मैदान तथा खेल्ने स्थानको अवस्थिति बताउन,<br>• स्थानीय क्षेत्रमा रहेका सादा जीवन र उच्च विचारले प्रेरित व्यक्तिहरूले दिएका विशेष योगदानको व्याख्या तथा उनीहरूको जीवनी बताउन,<br>• असल तथा महान व्यक्तिहरूमा भएका राम्रा गुणहरूको उल्लेख गरी सो को अनुकरण गर्न,<br>• ज्येष्ठ नागरिक तथा समाजमा विभिन्न कारणले पछि परेका व्यक्ति तथा समूहको लागि आदर सम्मान र सहयोग गर्ने क्षेत्रहरूको खोजी गरी आफ्नो संलग्नता दर्शाउन, | • स्थानीय रूपमा प्रसिद्ध खेलहरू अनुशासित र प्रतिस्पर्धी तबरबाट खेल्न,<br>• स्थानीय स्तरमा खेलको विकास र प्रबर्द्धन गर्ने संस्था तथा निकायहरूको महत्त्व बताउन,<br>• स्थानीय स्तरमा रहेका खेल मैदान तथा खेल्ने स्थानको अवस्थिति बताउन,<br>• स्थानीय क्षेत्रमा रहेका सादा जीवन र उच्च विचारले प्रेरित व्यक्तिहरूले दिएका विशेष योगदानको व्याख्या गर्न र उनीहरूको राम्रा गुणहरूको अनुसरण गर्न,<br>• ज्येष्ठ नागरिक तथा समाजमा विभिन्न कारणले पछि परेका व्यक्ति तथा समूहको लागि आदर तथा सम्मान गर्ने बानीको विकास गर्न, | • छलफल, प्रवचन, प्रश्नोत्तर, अभ्यास, प्रदर्शन, क्षेत्र भ्रमण तथा परियोजना कार्य र प्रयोगात्मक कार्य<br>○ स्थानीय रूपमा प्रसिद्ध खेलहरूको सूचीकरण गरी ती खेलको अभ्यास गर्न लगाउने,<br>○ छलफल तथा प्रश्नोत्तर विधिबाट स्थानीय रूपमा खेलको विकास र प्रबर्द्धनका लागि क्रियाशील निकाय तथा संस्थाहरूको सूची तयार गर्न लगाउने,<br>○ स्थानीय खेल मैदानको बारेमा खोजी गरी प्रस्तुत गर्न लगाउने,<br>○ समुदायमा रहेका असल समाजसेवी र गुणवान् व्यक्तिको पहिचान गरी उनीहरूको राम्रा गुण तथा विशेषताको सूची तयार गर्न खोज तथा परियोजना कार्य गर्न लगाउने र राम्रा गुणहरूको अनुसरण गर्ने तरिका बताउने र अभ्यास गराउने,<br>○ ज्येष्ठ नागकि तथा पिछडिएका समूह तथा व्यक्तिहरूलाई सम्मान र आदर गर्ने बानीको विकास गर्न विभिन्न परियोजना कार्य तथा अभिनय सहित क्रियाकलाप गर्न लगाउने,<br>○ सकारात्मक सोच र चिन्तनको विकासका लागि अभ्यास गराउने, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • सकारात्मक सोच र चिन्तनको विकास गर्ने तरिका बताई अवलम्बन गर्न,<br>• अनुलोम विलोम र कपालभाँतीको फाइदा बताई त्यसको अभ्यास गर्न,<br>• आफ्नो धर्म, संस्कार र संस्कृति-प्रति आस्था र सम्मान प्रकट गर्ने बानीको विकास । | • सकारात्मक सोच र चिन्तनको विकास गर्न,<br>• अनुलोम विलोम र कपालभाँतीको फाइदा बताई त्यसको अभ्यास गर्न,<br>• आफ्नो धर्म, संस्कार र संस्कृतिप्रति आस्था र सम्मान प्रकट गर्न । | ○ योगा र ध्यान सञ्चालन गर्ने संस्थाहरूमा भ्रमण गराई त्यसका राम्रा पक्षहरूको टिपोट गरी प्रस्तुत गर्न लगाउने । अनुलोम विलोम तथा कपालभाँतीको प्रयोग गर्न लगाउने,<br>○ आफ्नो धर्म संस्कृतिप्रति आस्था र सम्मान प्रकट गर्ने बानीको विकास गराउन प्रवचन तथा अभ्यास गराउने ।<br>• मूल्याङ्कनका तरिका : प्रयोगात्मक अभ्यास तथा प्रश्नोत्तर र परियोजना कार्य, विद्यार्थीको व्यवहार अवलोकनबाट विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने । |

## कक्षा ८ को पाठ्यक्रम विस्तृतीकरण

| क्र. सं. | क्षेत्र | विषयवस्तु | विशिष्ट उद्देश्य | सिकाइ उपलब्धि | शिक्षण सिकाइ क्रियाकलाप तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|
| १ | स्थानीय भूगोल कला र संस्कृति | • नगर क्षेत्रभित्रको प्राकृतिक संरचना र वातावरण,<br>○ समथर भूभाग, पहाड, बगर र गौचरन,<br>○ खोला, खोल्सा, नदी र ताल,<br>○ ढुङ्गा, माटो, बालुवा र चट्टान,<br>○ खनिज र खानी,<br>○ सफा र स्वच्छ वातावरण, | • गैंडाकोटको हावापानी र जनजीवनको बारेमा बताउन सक्ने,<br>• गैंडाकोट नगरपालिकाको भौगोलिक अवस्थिति, अक्षांश र देशान्तर बताउन सक्ने,<br>• प्रदेशको नक्सा कोर्न र आफ्नो जिल्ला, नगरपालिका र नक्सामा प्रयोग हुने संकेतहरू देखाउन,<br>• स्वच्छ वातावरणका लागि आफूले गर्ने योगदान र प्रदुषित वातावरणको न्युनीकरणका लागि आफूले गर्न सक्ने | • गैंडाकोटको भू-बनोट अनुसारको हावापानी र जनजीवन फरक फरक छ भनी बताउन,<br>• गैंडाकोट नगरपालिकाको भौगोलिक अवस्थितिलाई नक्सामा अक्षांश र देशान्तरमा देखाउन,<br>• गण्डकी प्रदेश, नवलपरासी ब.सु. पूर्व जिल्ला र गैंडाकोट नगरपालिकाको नक्सा कोरी संकेतहरू देखाउन, | • छलफल, प्रवचन, प्रश्नोत्तर, अभ्यास, प्रदर्शन, क्षेत्र भ्रमण तथा परियोजना कार्य र प्रयोगात्मक कार्य<br>○ गैंडाकोटको हावापानी तथा जनजीवन बारे परियोजना कार्य गराउने,<br>○ अक्षांश र देशान्तर समेत अंकित भएको गैंडाकोट नगरपालिकाको नक्सा र अक्षांश र देशान्तरको परिचय उल्लेख भएको पाठपत्र समूह समूहमा अध्ययन गर्न दिई समूहको निष्कर्ष कक्षामा प्रस्तुत गर्न लगाउने,<br>○ गण्डकी प्रदेश, आफ्नो जिल्ला र नगरपालिकाको नक्सा अध्ययन गराउने र गण्डकी प्रदेश, आफ्नो जिल्ला र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • स्थानीय खानाका परिकार, चाडपर्व विशेष खाना र पहिरन,<br>• मानव निर्मित संरचना र वातावरण,<br>○ बाटोघाटो/ पुल पुलेसा,<br>○ धारा/पधेरा,<br>○ ढल निकास र नाला,<br>• परम्परागत र आधुनिक शैलीका मूर्ति तथा चित्रकलाहरू,<br>• स्थानीय क्षेत्रमा अवस्थित समुदायको मातृभाषा, चाडपर्व, रीतिरिवाज, जातीय परम्परा र भेषभुषा । | योगदानको योजना बनाई कार्यान्वयन गर्न,<br>• स्थानीय स्तरमा भएको जातिगत, धर्मगत र भाषागत विविधतामा एकता कायम गर्ने उपायहरू वताउन,<br>• सहयोग र सहानुभूति जस्ता सामाजिक सीपको विकास र प्रयोग गर्न,<br>• पोषणयुक्त घरेलु परिकार निर्माण/ तयार गर्न,<br>• चित्र बनाउँदा कुनै वस्तुको आकृतिमा प्रकाश र छायाको महत्त्व बुझी चित्रण गर्न,<br>• हाउभाउसहित विभिन्न प्रकारका लोकगीत गाउन, नृत्य गर्न र बजाउन । | • वातावरणीय स्वच्छता कायम गर्न प्रदुषित वातावरणको न्यूनीकरणका लागि आफूले गर्न सक्ने योगदानको योजना बनाई कार्यान्वयन गर्न,<br>• स्थानीय स्तरमा भएको जातिगत, धर्मगत र भाषागत विविधतामा एकता कायम हुने उपायहरू बताउन,<br>• परिवेशअनुसार सहयोग र सहानुभूति जस्ता सामाजिक सीपको प्रयोग गर्न,<br>• पोषणयुक्त घरेलु परिकार निर्माण/ तयार पार्ने सीप प्रदर्शन गर्न,<br>• चित्र बनाउँदा कुनै वस्तुको आकृतिमा प्रकाश र छायाँको महत्त्व बुझी चित्रण गर्ने सीप प्रदर्शन गर्न,<br>• हाउभाउसहित विभिन्न प्रकारका लोकगीत गाएर सुनाउन, नृत्य गरेर देखाउन र बजाउने सीप प्रदर्शन गर्न । | नगरपालिकाको नक्सा ट्रेस गर्ने तथा free hand नक्सा कोर्ने अभ्यास गराउने,<br>○ सफा र प्रदुषित वातावरण भएका चित्र अवलोकन गराई समूहले चित्र अवलोकन गर्दा पहिचान गरेका विवरण कक्षामा प्रस्तुत गर्न लगाउने,<br>○ प्रदुषित वातावरणको न्यूनीकरणका लागि आफूले गर्न सक्ने योगदानको सूची बनाई प्रदुषित वातावरणको न्यूनीकरणका लागि आफूले गर्न सक्ने योगदानको योजना तर्जुमा गरी कार्यान्वयनका लागि परियोजना कार्य सम्पन्न गर्न लगाउने,<br>○ आफ्नो टोलमा भएको जातिगत, धर्मगत र भाषागत विविधताको अवस्था अध्ययनका लागि क्षेत्र भ्रमण गराई प्रतिवेदन प्रस्तुत गर्न लगाउने,<br>○ आफ्नो टोलमा भएको जातिगत, धर्मगत र भाषागत विविधतामा एकता कायम गर्ने उपायहरूको सूची समूहमा तयार गर्न लगाउने,<br>○ विद्यार्थीलाई जुरेस, बालक्लव, स्काउट जस्ता विद्यालयमा गठन भएका समूहमा आवद्ध गराई सहयोगी, उपकारी, अनुशासित हुने काममा सहभागी गराउने र व्यवहारको परिवर्तन अवलोकन गर्ने,<br>○ पोषणयुक्त घरेलु परिकार निर्माण/ तयार गर्ने परियोजना कार्य गराएर, घरबाट आफ्नो लागि आफैले खाजा बनाएर ल्याउन लगाउने, आफूले बनाएको खाजा तयार गरेको प्रकृया लेखेर ल्याउन लगाउने, खाजा फुड फेस्टिबल जस्ता कार्यमा संलग्न गराउने,<br>○ स्थानीय स्तरमा उपलब्ध चित्रकारलाई स्रोतव्यक्तिको रूपमा आमन्त्रण गरी नमुना कक्षा प्रदर्शन गराउने, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ○ कक्षामा चित्र कोर्ने र चित्रमा प्रकाश र छाँया पार्ने अभ्यास गराउने,<br>○ कक्षामा हाउभाउ सहित विभिन्न प्रकारका लोकगीत गाउने, नृत्य गर्ने र बजाउने अभ्यास गराउने ।<br>● मूल्याङ्कनका तरिका : प्रयोगात्मक अभ्यास तथा प्रश्नोत्तर र परियोजना कार्य, विद्यार्थीको व्यवहार अवलोकनबाट विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने । |
| २ | स्थानीय प्रशासन, शिक्षा र विकास | ● राज्यको राजनैतिक विभाजन,<br>● केन्द्र, प्रदेश र स्थानीय तह,<br>● स्थानीय सरकारका विभिन्न अंगहरू: अधिकार र कार्यक्षेत्र,<br>○ नगर सभा<br>○ नगर कार्यपालिका<br>○ वडा कार्यलयहरू<br>○ विभिन्न विषयगत समितिहरु<br>● शैक्षिक सेवा प्रदायक संस्थाहरू<br>● शिक्षा अधिकारको रूपमा,<br>● शिक्षा र जीवनको सम्बन्ध,<br>● सुशासन र समृद्धि,<br>● विकासको वाहकको रूपमा शिक्षा, | ● विभिन्न ढाँचाका निवेदन लेख्न र नगरपालिकाबाट प्रदान हुने सेवा उपभोग गर्न,<br>● जिल्ला समन्वय समितिको गठन प्रक्रिया बताउन,<br>● विव्यस , शिअसं, बाल क्लब, नगर शिक्षा समितिको गठन प्रक्रिया बताउन,<br>● शिक्षा शाखाले प्रदान गर्ने सेवाको सूची तयार गर्न,<br>● विकास र शिक्षाको सम्बन्ध व्याख्या गर्न,<br>● वार्षिक योजनामा मुख्य अवयव बताउन,<br>● आवधिक योजनाको परिचय दिन र मुख्य विशेषता बताउन,<br>● गैंडाकोटका गौरवका आयोजनाको परिचय दिन,<br>● नगरपालिकाभित्र सरकारी र गैरसरकारी क्षेत्रबाट सुशासनका लागि गरिनु पर्ने मुख्य कार्यहरूको सूची बनाउन । | ● नगरपालिकाबाट प्रदान हुने सेवा उपभोग गर्न,<br>● जिल्ला समन्वय समिति विव्यस , शिअसं, बाल क्लब, नगर शिक्षा समितिको गठन प्रक्रिया बताउन,<br>● शिक्षा शाखाले प्रदान गर्ने सेवाको सुची तयार गर्न,<br>● विकास र शिक्षाको सम्बन्ध बताउन,<br>● वार्षिक योजनामा मुख्य अवयव बताउन,<br>● गैंडाकोटमा सञ्चालित आवधिक योजना, गौरवका योजनाका बारेमा बताउन,<br>● सुसाशनको महत्त्व बताउन । | ● छलफल, प्रवचन, प्रश्नोत्तर, अभ्यास, प्रदर्शन, क्षेत्र भ्रमण, परियोजना कार्य, स्वः अध्ययन, अन्तरक्रिया र प्रयोगात्मक कार्य<br>○ नगरपालिकाबाट प्राप्त हुने विभिन्न सेवा उपभोग गर्न लेख्नु पर्ने निवेदनको ढाँचा अध्ययन गर्न लगाउने,<br>○ जिल्ला समन्वय समिति, विव्यस, शिअसं, बाल क्लब, नगर शिक्षा समितिको गठन प्रक्रिया उल्लेख भएको सन्दर्भ सामग्रीको अध्ययन गरी समूहको प्रतिवेदन कक्षामा प्रस्तुत गर्न लगाउने,<br>○ शिक्षा शाखाले प्रदान गर्ने सेवाको सूची तयार गर्ने क्षेत्र भ्रमण मार्फत परियोजना कार्यमा सहभागी गराउने,<br>○ विकास र शिक्षाको सम्बन्ध उल्लेखित सन्दर्भ सामग्रीको अध्ययन गराई समूहको प्रतिवेदन कक्षामा प्रस्तुत गर्न लगाउने,<br>○ नमुना वार्षिक योजना उपलब्ध गराएर अध्ययन गराई समूहको प्रतिवेदन कक्षामा प्रस्तुत गर्न लगाउने,<br>○ गैंडाकोटका आवधिक योजना अध्ययन गराई समूहको प्रतिवेदन कक्षामा प्रस्तुत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ● राष्ट्रिय आवधिक योजना तथा स्थानीय आवधिक तथा वार्षिक योजना,<br>● विकासका राष्ट्रिय गौरव र स्थानीय गौरवका प्रतीकहरू । | | | गर्न लगाउने,<br>○ गैंडाकोटका गौरवका योजना अध्ययन गराई समूहको प्रतिवेदन कक्षामा प्रस्तुत गर्न लगाउने,<br>○ विषयसँग सम्बन्धित सन्दर्भ सामग्रीको अध्ययन गरी समूहको प्रतिवेदन कक्षामा प्रस्तुत गर्न लगाउने,<br>○ विषयसित सम्बन्धित स्रोतव्यक्ति आमन्त्रण गरी विषयवस्तु प्रस्तुतीकरण गराउने ।<br>● मूल्याङ्कनका तरिका : प्रयोगात्मक अभ्यास तथा प्रश्नोत्तर र परियोजना कार्य, क्षेत्र भ्रमणको प्रतिवेन, विद्यार्थीको व्यवहार अवलोकनबाट विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने । |
| ३ | विज्ञान प्रविधिको साक्षरता र सुरक्षा | ● सूचना तथा सञ्चारका साधन,<br>● विद्युत, इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स साधनहरू,<br>● गणित र जीवनको सम्बन्ध,<br>● विज्ञान र जीवनको सम्बन्ध,<br>● यन्त्र तथा मेकानकिल प्रविधि,<br>● विद्युत, विद्युतीय सामग्री तथा अन्य यान्त्रिक साधनबाट सुरक्षित हुने उपाय । | ● इन्टरनेटमा आफ्नो अध्ययनका सामग्रीको खोजी गरी उपयोग गर्न सक्ने,<br>● अध्ययन र खोजीका विषयवस्तु इन्टरनेटको माध्यमबाट कुनै डिभाइसमा सुरक्षित गर्न र आवश्यकताअनुसार उपयोग गर्न,<br>● इलेक्ट्रिक तथा इलेक्ट्रोनिक साधनको सुरक्षित तरिकाले उपयोग गर्न,<br>● जीवनका विविध पक्षहरूमा गणितको प्रयोग बुँदागत रूपमा बताउन,<br>● कोठामा टायल लगाउँदा हुने सबै खर्च निकाली कक्षामा प्रतिवेदन प्रस्तुत गर्न,<br>● घनाकार र बेलनाकार ठोस सामग्रीका नेट तयार गरी कागज | ● इन्टरनेटमा आफ्नो कक्षा र विषयका अध्ययन सामग्रीको खोजी, सुरक्षित भण्डारण र आवश्यकताअनुसार उपयोग गर्न,.<br>● इलेक्ट्रिक तथा इलेक्ट्रोनिक साधनको सुरक्षित तरिकाले उपयोग गर्न,<br>● जीवनका विविध पक्षहरूमा गणित र विज्ञानको व्यवहारिक प्रयोगको सामर्थ्य प्रदर्शन गर्न,<br>● गणितीय सुत्रहरूको प्रयोगात्मक विधिबाट उपयोग गरी क्षेत्रफल र आयतन निकाल्दा दैनिक मानवीय जीवनमा हुने फाइदाहरू बताउन । | ● छलफल, प्रवचन, प्रश्नोत्तर, अभ्यास, प्रदर्शन, क्षेत्र भ्रमण, परियोजना कार्य, स्वः अध्ययन, अन्तरक्रिया र प्रयोगात्मक कार्य<br>○ इन्टरनेटमा आफ्नो कक्षा र विषयका अध्ययन सामग्रीको खोजी गर्ने तरिकाको नमुना प्रस्तुत गर्ने र अभ्यासको अवसर दिने,<br>○ आफ्नो कक्षा र विषयका अध्ययन र खोजीका विषयवस्तु इन्टरनेटको माध्यमबाट कुनै डिभाइसमा सुरक्षित गर्न नमुना प्रस्तुत गर्ने र त्यसको उपयोग गर्ने तरिका छलफल गराई अभ्यासको अवसर दिने,<br>○ इलेक्ट्रिक तथा इलेक्ट्रोनिक साधनबाट सुरक्षित रहने तरिकाको नमुना प्रस्तुत गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा अभ्यासको अवसर दिने,<br>○ विभिन्न आकारको क्षेत्रफल, आयतन निकाल्न अवलोकन गराउने र सिकेका कुरा भन्न लगाउने,<br>○ मौखिक प्रश्नोत्तर गरेर कोठामा टायल |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | काटेर क्षेत्रफल निकाल्ने सुत्र पत्ता लगाउन,<br>● आफ्नो कक्षाकोठा, घनाकार ट्याङ्की, पानी राख्ने बेलनाकार बाल्टिन /ट्याङ्कीको पूरा सतहको क्षेत्रफल र आयतन निकाल्न र त्यसको जीवनमा हुने वास्तविक प्रयोग व्याख्या गर्न,<br>● साइकलको पाङ्ग्राको सहायताले विद्यालय प्रङ्गणको परिमिति निकाल्न,<br>● दुईओटा उत्तै र उस्तै आधार भएका तर उचाइ फरक भएका बाल्टिनहरूमा अटाउने पानीको मात्राका बारेमा सैद्धान्तिक र प्रयोगात्मक विधिद्वारा परीक्षण गर्न,<br>● $(a+b)^2= a^2+2ab+b^2$ $(a-b)^2= a^2-2ab+b^2$ $(a+b)^3= a^3+b^3+3ab(a+b)$ आदि जस्ता गणीतीय सुत्रहरूको प्रयोगात्मक विधिबाट क्षेत्रफल वा आयतन निकाल्दा दैनिक जीवनमा हुने फाइदाहरू सुचीकरण गर्न । | | लगाउँदा हुने सबै खर्च निकाल्ने अभ्यासका लागि परियोजना कार्य गराउने,<br>○ घनाकार र बेलनाकार ठोस सामग्रीका नेट तयार गरी कागज काटेर क्षेत्रफल निकाल्ने सुत्र पत्ता लगाउने तरिकाको अवलोकन गराएर, परियोजना कार्य गर्न लगाउने,<br>○ आफ्नो कक्षाकोठा, घनाकार ट्याङ्की, पानी राख्ने बेलनाकार बाल्टिन /ट्याङ्कीको पूरा सतहको क्षेत्रफल र आयतन निकाल्न लगाउने र त्यसको जीवनमा हुने वास्तविक प्रयोगका बारेमा समूहमा छलफल गराई कक्षामा प्रतिवेदन प्रस्तुत गर्न लगाउने,<br>○ साइकलको पाङ्गाको सहायताले विद्यालय प्रङ्गणको परिमिति निकाल्ने प्रयोगात्मक अभ्यास गराउने,<br>○ तरल पदार्थ राख्ने भाँडाको आधार तथा उचाइको आधारमा त्यसमा अट्ने तरलको आयतन फरक हुन्छ भन्ने सिकाउन प्रयोगात्मक क्रियाकलाप गराउने,<br>○ गणीतीय सुत्रहरूको प्रयोगात्मक विधिबाट क्षेत्रफल वा आयतन निकाल्ने नमुना प्रदर्शन गरी समूह कार्यमा संलग्न गराउने र उक्त अभ्यासबाट दैनिक जीवनमा हुने फाइदाहरूको सूची तयार गर्न लगाउने,<br>● मूल्याङ्कनका तरिका : प्रयोगात्मक अभ्यास तथा प्रश्नोत्तर र परियोजना कार्य, क्षेत्र भ्रमणको प्रतिवेन, विद्यार्थीको व्यवहार अवलोकनबाट विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने । |
| ४ | स्थानीय उत्पादन, उद्योग र व्यवसाय | ● स्थानीय पेशा र व्यवसाय,<br>○ कृषि,<br>○ पशुपंक्षी<br>○ मत्स्य | ● नगरपालिकाभित्र अपनाइएको पेशाहरूको नाम बताउन,<br>● ती पेशा अपनाउँदा गर्नैपर्ने काम उल्लेख गर्न,<br>● पेशाले नगरपालिकाभित्र पारेका | ● आफ्नो नगरपालिकाभित्र हुने कृषि, पशुपालन, मत्स्य पालन, पुष्प व्यवसाय र फलफूल खेतीमा संलग्न भई बजारीकरण गरी लाभ लिन सक्षम हुने, | ● मौखिक प्रश्नोत्तर, छलफल, क्षेत्र भ्रमण, प्रतिवेदन लेखन, परियोजना कार्य<br>○ आफ्नो नगरपालिकामा हुने कृषि, पशुपालन, मत्स्य पालन, फलफूल खेती तथा फूलबारी सञ्चालन तथा त्यसको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ● फलफूल तथा फूलबारी ( Horticuluure),<br>● उद्योग/ कलकारखाना,<br>● यातायात र पर्यटन,<br>● होमस्टे तथा होटेल । | सकारात्मक पक्ष उल्लेख गर्न,<br>● खेतीपाती, पशुपछी र माछापालन व्यवसायको परिचय दिन र महत्त्व बताउन,<br>● आफ्नो नगरपालिकामा हुने कृषि, पशुपालन, मत्स्य पालन, फलफूल खेती तथा फूलबारीको परिचय दिई उत्पादन र बजारीकरणको तरिका बताउन,<br>● आफ्नो नगरपालिकामा हुने कृषि, पशुपालन, मत्स्य पालन, फलफूल खेती तथा फूलबारीको परिचय दिई उत्पादन र बजारीकरणमा संलग्न हुन,<br>● नगरपालिकाभित्र रहेका उद्योग कलकारखानाको परिचय र तिनले उत्पादन गर्ने वस्तुको महत्त्व बताउन,<br>● नगरपालिकाभित्र प्रयोगमा आएका यातायातका साधनहरूको नाम उल्लेख गरी तिनले दैनिक जीवनमा पारेका सकारात्मक प्रभाव उल्लेख गर्न,<br>● यातायातका साधन, उद्योग कलकारखाना र पर्यटन व्यवसायले समाजमा पार्न सक्ने नकारात्मक प्रभाव र न्यूनीकरणका उपाय बताउन । | ● नगरपालिकाभित्र रहेका उद्योग कलकारखानाले उत्पादन गर्ने वस्तुको महत्त्व बताउन,<br>● नगरपालिकाभित्र प्रयोगमा आएका यातायातका साधनहरूले दैनिक जीवनमा पारेका सकारात्मक प्रभाव उल्लेख गर्न,<br>● यातायातका साधन, उद्योग कलकारखाना र पर्यटन व्यवसायले समाजमा पार्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्ने उपाय बताउन । | महत्त्वका विषयमा समूह छलफल गराई प्रतिवेदन प्रस्तुत गर्न लगाउने,<br>○ आफ्नो नगरपालिकामा हुने कृषि, पशुपालन, मत्स्य पालन, फलफूल खेती तथा फूलबारीबाट उत्पादन लिने र बजारीकरणको तरिका बारेमा समूह छलफल गराई प्रतिवेदन प्रस्तुत गर्न लगाउने,<br>○ उल्लेखित कृषिकर्म (कृषि, पशुपालन, मत्स्य पालन, फलफूल खेती तथा फूलखेती) मध्ये कुनै एक छनोट गरी उत्पादन र बजारीकरणमा संलग्न हुनका लागि योजना तर्जुमा गरी उत्पादनमा संलग्न हुने प्रयोगात्मक कार्य गराउने,<br>○ उत्पादित वस्तुको बजारीकरणका लागि परियोजना कार्य गराउने,<br>○ खेतीपाती, पशुपंछी र माछापालन व्यवसायको परिचय उल्लेख भएका सन्दर्भ सामग्री समूह समूहमा अध्ययन गराई कक्षामा प्रतिवेदन प्रस्तुत गराउने,<br>○ नगरपालिकाभित्र रहेका उद्योग कलकारखानाले उत्पादन गर्ने वस्तुको सूची तयार गर्ने समूह कार्यमा सहभागी गराई र कक्षामा प्रतिवेदन प्रस्तुत गर्न लगाउने,<br>○ नगरपालिकाभित्र रहेका उद्योग कलकारखानाले उत्पादन गर्ने वस्तुको महत्त्वका बारेमा छलफल तथा अन्तरक्रिया गराउन,<br>○ नगरपालिकाभित्र प्रयोगमा आएका यातायातका साधनहरूले दैनिक जीवनमा पारेका सकारात्मक प्रभावको सूची तयार गर्ने समूह कार्यमा सहभागी गराई कक्षामा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रतिवेदन प्रस्तुत गर्न लगाउने,<br>○ यातायातका साधन, उद्योग कलकारखाना र पर्यटन व्यवसायले समाजमा पार्न सक्ने नकारात्मक प्रभावका विषयमा समूह समूहमा छलफल गराई  कक्षामा प्रतिवेदन प्रस्तुत गर्न  लगाउने,<br>○ यातायातका साधन, उद्योग कलकारखाना र पर्यटन व्यवसायले समाजमा पार्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरणका उपायको सूची तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>● मूल्याङ्कनका तरिका : प्रयोगात्मक अभ्यास तथा प्रश्नोत्तर र परियोजना कार्य, क्षेत्र भ्रमणको प्रतिवेन, विद्यार्थीको व्यवहार अवलोकनबाट विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने । |
| ५ | सहकारी र बैङ्क | ● नियमित र अनिवार्य खर्चका क्षेत्रहरू,<br>● बचत र खर्च प्रणाली,<br>● लेखा प्रणाली,<br>● बचत र सुरक्षित लगानी,<br>● सामूहिक आर्थिक क्रियाकलाप तथा बचत र ऋण । | ● बजेट निर्माण तथा वित्तीय सेवाहरू प्राप्त गरेर वित्तीय निर्णय गर्न,<br>● सेयरलाई परिभाषित गर्न, किसिम र महत्त्व  बताउन,<br>● सेयर कारोवारले जीवनमा पारेको सकारात्मक प्रभाव बताउन,<br>● आफ्नो वडा र छिमेकी वडामा सञ्चालनमा रहेका सहकारीको काम सूचीकृत गर्न,<br>● विवेक पुऱ्याएर खर्च गर्न,<br>● आधारभुत वित्तीय व्यवस्थापनलाई परिभाषित गर्न, | ● घरायसी कामकालागि बजेट निर्माण गर्न र वित्तीय सेवा उपयोग गरी वित्तीय निर्णय गर्ने,<br>● सेयरको महत्त्व बताउन,<br>● विवेक पुऱ्याएर खर्च गर्ने बानीको विकास,<br>● आधारभूत वित्तीय व्यवस्थापनको महत्त्व बताउन,<br>● आम्दानी र खर्चको अभिलेख राख्न र यसको महत्त्व बताउन,<br>● सहकारी, बैंक र बिमाबाट | ● छलफल, प्रवचन, प्रश्नोत्तर, अभ्यास, प्रदर्शन, क्षेत्र भ्रमण, परियोजना कार्य, स्वः अध्ययन, अन्तरक्रिया र प्रयोगात्मक कार्य<br>○ बजेटका नमुना अध्ययन गराउने,<br>○ वित्तीय संस्थाहरूको अवलोकन भ्रमण गराई ती संस्थाहरूले दिने सेवाको सुची तयार गर्न लगाउने,<br>○ परियोजना कार्यका रूपमा पारिवारिक बजेट तर्जुमा गर्न लगाएर वित्तीय निर्णाय लिने अवसर दिने,<br>○ सेयरसम्बन्धी सन्दर्भ सामग्री अध्ययन गर्न दिएर सेयरलाई  परिभाषित गर्न र महत्त्व बताउन सहजीकरण गर्ने र सेयरले जीवनमा पारेको सकारात्मक प्रभाव बारेमा प्रतिवेदन प्रस्तुत गर्न लगाउने, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • आम्दानीवाट बचत कसरी र कहाँ गर्ने भन्ने विधि उल्लेख गर्न,<br>• आम्दानी र खर्चको अभिलेख र यसको महत्त्व ब्याख्या गर्न,<br>• सहकारी, बैंक र बिमाका विशेषता बताउन सक्ने,<br>• सामुहिक रूपमा गर्न सकिने व्यवसायका क्षेत्रहरू र तिनीहरूको प्रमुख विशेषता बताउन । | सेवा लिन,<br>• सामुहिक रूपमा गर्न सकिने व्यवसायका क्षेत्र पहिचान गरी महत्त्व बताउन । | ○ आफ्नो वडा र छिमेकी वडामा सञ्चालनमा रहेका सहकारीको भ्रमण गराई सोधपुछ गर्न लगाएर त्यसको कामको सूची तयार गर्न लगाउने,<br>○ कक्षामा समूह छलफल गराई प्रतिवेदन प्रस्तुत गर्न लगाई वित्तीय व्यवस्थापनलाई परिभाषित गर्न सहजीकरण गर्ने,<br>○ आम्दानी र खर्चको अभिलेखको नमुना अध्ययन गर्न दिने र आफ्नो परिवारको नमूना अभिलेख तयार गर्न लगाउने,<br>○ आम्दानीबाट बचत गर्ने तरिकाको बारेमा छलफल तथा प्रश्नोत्तर गराउने,<br>○ बचतलाई कहाँ र कसरी गर्न सकिन्छ भनी समूह समूहमा छलफल गराउने र कक्षामा प्रतिवेदन प्रस्तुत गर्न लगाउने,<br>○ आम्दानी र खर्चको अभिलेख नमुना अध्ययन गराई आम्दानी र खर्चको अभिलेख राख्ने अभ्यास गराउने र त्यसको महत्त्वका बारेमा छलफल गराउने, ,<br>○ सहकारीले के काम गर्छ, बैंकले के काम गर्छ,  बिमा भनेको के हो ? जस्ता प्रश्नगरी कक्षामा मौखिक प्रश्नोतर गर्ने,<br>○ सहकारी, बैंक र बिमाका विशेषता पहिचान गर्नका लागि परियोजना कार्य गराउने र उनीहरुले प्रस्तुत गरेको प्रतिवेदन समेतका आधारमा निश्कर्ष प्रस्तुत गरिदिने<br>○ सामुहिक रूपमा गर्न सकिने व्यवसायका क्षेत्रहरू के के हुन् ?, सामुहिक रूपमा गर्न सकिने व्यवसायका प्रमुख विशेषता के हुन् ? जस्ता प्रश्न गरी कक्षामा अन्तरक्रिया गराई निश्कर्ष निकाल्न लगाउने,<br>○ सामुहिक रूपमा गर्न सकिने व्यवसायका क्षेत्रहरू र तिनीहरूको प्रमुख विशेषता |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पहिचान गर्नका लागि परियोजना कार्य गराउने,<br>● मूल्याङ्कनका तरिका : प्रयोगात्मक अभ्यास तथा प्रश्नोत्तर र परियोजना कार्य, क्षेत्र भ्रमणको प्रतिवेन, विद्यार्थीको व्यवहार अवलोकनबाट विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने । |
| ६ | खेलकुद, नैतिक चरित्र र आध्यमिकता | ● कोठा बाहिर रभित्र खेलिने खेलहरू,<br>● स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय खेल,<br>● खेलको प्रवर्द्धन गर्ने निकायहरू,<br>● व्यक्तिको असलचरित्र र संस्कृति,<br>● आदर सम्मान, मायाममता र आपसी सम्बन्ध,<br>● भलो र शुभचिन्तन,<br>● योग, ध्यान र तपस्या,<br>● आध्यात्मिक चिन्तन । | ● स्थानीय रूपमा प्रसिद्ध खेल ( जस्तै भलिबल फुटबल आदि) खेल्ने तरिका उल्लेख गर्न र खेल्न,<br>● खेलकुदको विकास र विस्तारमा कार्य गर्ने निकाय एवं स्थानीय संस्था (जस्तै खेलकुद विकास समिति) को नाम र कार्यहरू बताउन,<br>● स्थानीय स्तरमा रहेका खेल मैदानहरूको पहिचान गरी सोको विकासक्रमका बारेमा बताउन,<br>● स्थानीय क्षेत्रमा प्रसिद्ध आध्यात्मिक व्यक्तित्वहरू मध्ये कुनै दुईको जीवनी एवं योगदान बताउन,<br>● राम्रो र असल जीवन शैली अपनाउन, | ● स्थानीय रूपमा प्रसिद्ध खेल प्रदर्शन गर्न,<br>● स्थानीय स्तरमा खेलकुद क्षेत्रमा काम गर्ने संघ संस्थाहरूको नाम र काम भन्न,<br>● स्थानीय स्तरमा रहेका खेल मैदानहरूको विकास क्रमका बारेमा भन्न,<br>● स्थानीय क्षेत्रमा प्रसिद्ध सामाजिक एवम् आध्यात्मिक व्यक्तित्वहरूको जीवनी एवं योगदान बताउन,<br>● राम्रो र असल जीवन शैली अपनाई सामाजिक सद्भाव कायम गर्न,<br>● ज्येष्ठ नागरिकहरूप्रति सम्मानको भावना विकास गर्न, | ● छलफल, प्रवचन, प्रश्नोत्तर, अभ्यास, प्रदर्शन, क्षेत्र भ्रमण, परियोजना कार्य, स्वः अध्ययन, अन्तरक्रिया र प्रयोगात्मक कार्य<br>○ विषयवस्तुमा आधारित रहेर मौखिक प्रश्नोत्तर गराउने,<br>○ स्थानीय रूपमा प्रसिद्ध खेल खेल्न लगाउने,<br>○ स्थानीय स्तरमा खेलकुद क्षेत्रमा काम गर्ने संघ संस्थाको भ्रमण गराई जानकारी लिन लगाई परियोजना कार्यको प्रतिवेदन कक्षामा प्रस्तुत गर्न लगाउने,<br>○ खेल मैदानहरूको विकासमा योगदान गरेका संघ संस्था तथा व्यक्तिहरूसित भेटघाट गरी आवश्यक विवरण संकलन गरेर कक्षामा प्रतिवेदन प्रस्तुत गर्न लगाउने,<br>○ स्थानीय क्षेत्रमा प्रसिद्ध आध्यात्मिक व्यक्तित्व मध्ये कुनै दुईको जीवनी एवम् योगदानको बारेमा खोजी गरी परियोजना कार्यको प्रतिवेदन तयार गराई पेस गर्न लगाउने,<br>○ कक्षामा सामुहिक छलफल गराउने र विद्यालयको नजिमा रहेका विभिन्न वर्गका |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • सामाजिक सद्भावको विकास गर्न,<br>• ज्येष्ठ नागरिकहरूप्रति सम्मानको भावना विकास गर्न,<br>• सबैप्रति समावेशी व्यवहारको विकास गर्न,<br>• सकारात्मक सोच र बानीको विकास गर्न,<br>• विभिन्न योगाभ्यास गर्न<br>• आफ्नो धर्म संस्कृतिप्रति आस्था प्रकट गरी त्यस्ता कियाकलापमा सहभागिता जनाउन । | • सबैप्रति समाबेशी व्यवहारको विकास गर्न,<br>• सकारात्मक सोच र बानीको विकास गर्न,<br>• विभिन्न योगाभ्यास गर्न,<br>• विभिन्न धार्मिक र साँस्कृतिक कार्यमा हुने र तदनुकूल व्यवहार गर्न । | उदाहरणीय व्यक्तिहरूलाई कक्षा लिन लगाउने,<br>○ योगसम्बन्धी जानकार व्यक्तिलाई बोलाएर योगाको अभ्यास गराउने,<br>○ आफ्ना विभिन्न धार्मिक र साँस्कृतिक क्रियाकलापमा सहभागी भएको विवरण कक्षामा प्रस्तुत गर्न लगाउने,<br>• मूल्याङ्कनका तरिका : प्रयोगात्मक अभ्यास तथा प्रश्नोत्तर र परियोजना कार्य, क्षेत्र भ्रमणको प्रतिवेन, विद्यार्थीको व्यवहार अवलोकनबाट विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने । |

## ८. स्थानीय विषय पाठ्यक्रमको (कक्षा ६-८) पाठ्यघण्टी विभाजन तालिकाः १

| क्र.स. | क्षेत्र | कक्षा ६-८ | |
|---|---|---|---|
| | | पाठ्यघण्टी | वार्षिक कार्यघण्टा |
| १. | स्थानीय भूगोल, कला र संस्कृति | ०.७५ | २४ |
| २. | स्थानीय प्रशासन, शिक्षा र विकास | ०.७५ | २४ |
| ३. | विज्ञान प्रविधिको साक्षरता र सुरक्षा | ०.७५ | २४ |
| ४. | स्थानीय उत्पादन, उद्योग र व्यवसाय | ०.७५ | २४ |
| ५. | सहकारी र बैङ्क | ०.५ | १६ |
| ६. | खेलकुद र नैतिक चरित्र | ०.५ | १६ |
| | जम्मा | ४ | १२८ |

(१ पाठ्यघण्टीमा ३२ कार्यघण्टा समय विद्यार्थीले शिक्षकबाट पाउने कुराको सुनिश्चितता गरी पठनपाठन गर्नुपर्ने छ ।)

## ८.१ आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना

तालिका २: आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना

| क्र.स. | विषय | | | पाठ्य-घण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|---|---|
| | साधारण | संस्कृत शिक्षा/गुरुकुल/ वेद विद्याश्रम शिक्षा | गोन्पा तथा विहार/मदर्साशिक्षा | | |
| १. | नेपाली | नेपाली | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | अङ्ग्रेजी वा संस्कृत रचना | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | गणित | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि, संस्कृत व्याकरण | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | संस्कृत भाषा | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात वा कुरान अरेबिक) | ३ | ९६ |
| ७. | मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषा | वेद वा नीतिशास्त्र | भोटेभाषा, पाली भाषा वा संस्कृत वा अन्य भाषा वा उर्दूभाषा | ४ | १२८ |
| | **जम्मा** | | | **३२** | **१०२४** |

द्रष्टव्य : (१) स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय कला, संस्कृति, संस्कृत भाषाको ज्ञान, सीप र प्रविधि पेसा तथा व्यवसाय अभिमुखीकरण सम्बन्धी विषयवस्तुसमेत समेट्न सकिने छ ।

(२) सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयलाई संस्कृत शिक्षा विषयको विषयवस्तुलाई समेत अनुकूलन गरी सम्बन्धित भाषामा पठनपाठन गर्न सकिने छ ।

३) उल्लिखित संरचनाका आधारमा स्थानीय पाठ्यक्रम निर्माण गर्दा स्थानीय विषयअन्तर्गत तालिका १ मा उल्लेख गरिएका विषयलाई स्थानीय भूगोल, कला र संस्कृति; स्थानीय प्रशासन, शिक्षा र विकास; विज्ञान प्रविधिको साक्षरत र सुरक्षा; स्थानीय उत्पादन, उद्योग र व्यवसाय, सहकारी र बैङ्क, खेलकुद र नैतिक चरित्रमा आधारित विषयसँग सम्बन्धित क्रियाकलापलाई आधार लिइएको छ ।

## ९. सिकाइ सहजीकरण प्रक्रिया

गैंडाकोट नगरपालिकाको स्थानीय पाठ्यक्रममा स्थानीय रूपमा रहेका विभिन्न विषय क्षेत्रलाई समावेश गरिएको छ । यस स्थानीय पाठ्यक्रमलाई विद्यालयमा विद्यार्थीहरू बीच प्रभावकारी शिक्षण गर्नका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री, वेबमा आधारित सामग्री र स्थानीय विज्ञसँगको अन्तरक्रिया लगायतको अधिकतम प्रयोग गर्नु पर्नेछ । सिकाइ सहजीकरण गर्न आफूले देखेका र प्रयोग गरेका विभिन्न प्रभावकारी विधिहरू अपनाउन सकिने छ । जस्तै :

(क) **आधारभूत शिक्षण विधिः** छलफल विधि, प्रश्नोत्तर विधि, अवलोकन विधि, क्षेत्र भ्रमण विधि, प्रदर्शन विधि, खेल विधि, खोज विधि, समस्या समाधान विधि, अभ्यास विधि, प्रयोगात्मक विधि, परियोजना विधि, भूमिका निर्वाह विधि आदिको आधारमा शिक्षण क्रियाकलाप सञ्चालन गर्नु पर्दछ ।

(ख) **अनुसन्धानमा आधारित शिक्षण विधि :** कार्यमूलक अनुसन्धान, मामिला अध्ययन, परियोजना कार्य, स्थलगत अध्ययन, घटना अध्ययन आदि सिर्जनात्मक तरिकाबाट उपयोग गरी शिक्षण गर्नु पर्दछ ।

(ग) **वैकल्पिक शिक्षण विधि** :भित्ते सामग्री प्रदर्शन विधि, श्रव्यदृश्य विधि, रैथाने विधि, सङ्गीत शिक्षण विधि, कथाकथन विधि, सूचना तथा सञ्चार प्रविधिमा आधारित विधि, खेल खेल्ने विधि तथा सोच्ने,जोडामा

काम गर्ने र आदनप्रदान गर्ने (Think Pair and Share) पद्दतिबाट शिक्षण सिकाइ क्रियाकलाप गर्नु पर्दछ ।

(घ) **अनुमान, अवलोकन र अन्वेषणमा आधारित विधिः** अध्यापन गराउनु पर्ने विषयवस्तुको गहिराइ र समेट्न खोजेको क्षेत्रलाई अनुमान, अवलोकन र अन्वेषणको आधारमा सिक्ने वातावारणको सिर्जना गर्ने बानी बसाल्नु पर्दछ ।

## १०. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

यस गैंडाकोट नगरपालिकाभित्रको स्थानीय पाठ्यक्रमको विद्यार्थी मूल्याङ्कन देहायका विधि र प्रक्रियाका आधारमा गरिने छ ।

- आधारभूत तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई मापन गर्ने प्रावधान नेपाल सरकार, पाठयक्रम विकास केन्द्रले निर्धारण गरे अनुसार यस पाठ्यक्रमको कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनमा पनि निर्माणात्मक मूल्याङ्कन तथा निरन्तर विद्यार्थी मूल्याङ्कन र अक्षराङ्कन पद्धतिलाई अवलम्वन गरिने छ ।
- विद्यार्थीहरूको मूल्याङ्कन गर्दा निर्माणात्मक (Formative) पद्धति तथा निर्णयात्मक (Summative) पद्धति, सैद्धान्तिक र प्रयोगात्मक (Theoritical and Practical) दुबै अपनाउनु पर्नेछ ।
- स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले आफै गरेर सिक्ने वा अवलोकन गरेर सिक्ने भएकोले नियमित रूपमा विद्यार्थीहरूले गरेर सिक्ने वा अवलोकन गरेर सिक्न तथा पृष्ठपोषण प्रदान गरी प्राप्त प्रतिवेदनको आधारमा मूल्याङ्कन गर्ने प्रक्रियालाई प्रोत्साहन गरिने छ ।
- प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Portfolio) फाईल रहनेछ र त्यसभित्र विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यवहारमा देखिएको परिवर्तन, अवलोकन, हाजिरी, सामुहिक कार्यमा सक्रियताका अभिलेख राखी सोही आधारमा मूल्याङ्कन गरिने छ ।
- कक्षा ६-८ मा निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा निर्माणात्मक परीक्षा र लिखित परीक्षाका आधारमा निर्णयात्मक गरी दुवैको भारका आधारमा कक्षोन्नति गरिने छ । निर्माणात्मक परीक्षाको भार ५० प्रतिशत र निर्णयात्मक परीक्षाको भार ५० प्रतिशत हुने गरी निर्धारण गरिएको छ ।  कक्षा ६-८ को समग्र मूल्याङ्कन पश्चात् विद्यार्थीहरूको तह वा श्रेणी विभाजन गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी अभिलेखीकरणको प्रक्रिया अपनाई विद्यार्थीको सिकाइ उपलब्धिलाई A+ देखि D सात श्रेणीमा विभाजन गर्नुपर्दछ ।
- निर्माणात्मक मूल्याङ्कनमा औसत उपलब्धि हासिल गरेका तर निर्णयात्मक मूल्याङ्कनमा अनुत्तीर्ण भएका विद्यार्थीहरूका हकमा सम्बन्धित अभिभावक, कक्षा वा विषय शिक्षक र

प्रधानाध्यापकको निर्णयबाट कक्षोन्नति गर्न सकिनेछ ।

- विद्यार्थीहरूको सिकाइ मूल्याङ्कन प्रश्नोत्तरबाट गर्दा ज्ञान तहमा (Knowledge level) अति छोटा प्रश्नहरू, बोध र प्रयोग तह (Understanding and application level) का छोटा प्रश्नहरू र उच्च तहका (Higher ability) लामो उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू समावेश गर्नु पर्नेछ ।
- प्रयोगात्मक क्रियाकलापको मूल्याङ्कन गर्दा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमुनाहरू बनाई प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछ । यस भित्र विषयवस्तुको ज्ञान, बोध, सीपको क्षमता, बुझाइको प्रस्तुतीकरण, व्यवहारिक परिवर्तन जस्ता पक्षहरू समेट्नु पर्नेछ ।
- प्रयोगात्मक परीक्षा संचालन गर्दा स्थानीय वातावरण, प्रदूषण, फोहोर व्यवस्थापन, रहनसहन, रीतिरिवाज, प्रकोप ⁄ विपद्, सामाजिक मूल्य मान्यता तथा स्थानीय पेसा व्यवसायलाई समेट्ने किसिमका क्रियाकलापहरू गराउनु पर्नेछ ।
- कक्षा ६ देखि ८ सम्मको निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नका लागि घटनावृत्त अभिलेख (Ancedetol record) को विकास गरी अभिलेख राख्नुपर्ने छ । अघि सिकेका कुराहरूलाई पछिल्लो पटक सिकेको कुराहरूसँगको तादात्म्यता र निरन्तरताको अवलोकन गर्न पर्दछ । निरन्तरको पृष्ठपोषणबाट विद्यार्थीको सिकाइको मूल्याङ्कन हुने र सिकाइलाई थप सहयोग पुग्ने गरी कक्षाकोठाका क्रियाकलाप र अभिलेखीकरण गर्नु आवश्यक छ। विद्यार्थी मूल्याङ्कन सम्बन्धी अन्य विधि र प्रक्रिया राष्ट्रिय पाठ्यक्रम प्रारूपमा उल्लेख गरेको प्रावधान प्रतिकूल नहुने गरी अनुसूचीहरूमा उल्लेख गरे बमोजिम हुनेछ ।
- विद्यालय तहमा विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कनका लागि निर्माणात्मक मूल्याङ्कन प्रक्रिया अवलम्वन गरी सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गरिनुका साथै निर्णयात्मक मूल्याङ्कन प्रक्रियालाई अवलम्वन गरी विद्यार्थीको सिकाइ स्तर निर्धारण गर्नुपर्छ । त्यसका लागि निम्नानुसारका निर्माणात्मक तथा निर्णयात्मक मूल्याङ्कनका तरिकाहरू अपनाउनु पर्दछ ।

(क) **निर्माणात्मक मूल्याङ्कन :** निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ स्तरमा सुधार गर्नुहो। यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नु पर्नेछ । विद्यालय तहको निर्माणात्मक मूल्याङ्कनमा कक्षागत सिकाइ सहजीकरणको अभिन्न अङ्गका रूपमा कक्षाकार्य, प्रयोगात्मक तथा परियोजना कार्य, सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, सिर्जनात्मक कार्य, गृहकार्य, एकाइ परीक्षा, मासिक तथा त्रैमासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिनेछ । यस्तो मूल्याङ्कनमा विद्यार्थीको अभिलेख राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाइबाट

सुधार गर्नेपक्षमा जोड दिइनेछ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नु पर्ने छ ।

निर्माणात्मक मूल्याङ्कनका क्रममा प्रामाणिक मूल्याङ्कन र विषयगत रेकर्डलाई उपयोग गर्नुपर्नेछ । प्रामाणिक मूल्याङ्कन (Authentic assessment) एक अनौपचारिक मूल्याङ्कन प्रक्रिया भएकाले यसमा अवलोकन, रुजुसूची र कार्य सञ्चयिकालाई समावेश गर्नुपर्ने छ । विषयगत रेकर्ड (Anecdotal record) विद्यार्थीको प्रगतिका बारेको लिखित तथा रेकर्डमा प्रस्तुत गरिने पृष्ठपोषणमा आधारित हुन्छ । आमनेसामने विधिबाट कक्षा र मूल्याङ्कन सञ्चालन हुन नसक्ने अवस्थामा यस विधिलाई उपयोग गर्नुपर्नेछ । निर्माणात्मक मूल्याङ्कनको नतिजालाई विषयगत पाठ्यक्रममा तोकिएअनुसार अभिलेखीकरण गर्नुपर्छ ।

**(ख)** **निर्णयात्मक मूल्याङ्कन :** आधारभूत तह (कक्षा ६ देखि ८) मा निम्नानुसार निर्णयात्मक मूल्याङ्कन गर्नुपर्नेछ :

(अ) निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त नतिजामा आधारित आन्तरिक मूल्याङ्कन ५० प्रतिशत भार तथा अन्तिम परीक्षाको नतिजाका आधारमा ५० प्रतिशत भार निर्धारण गरी निर्णयात्मक मूल्याङ्कन गर्नु पर्नेछ ।

(आ) निर्माणात्मक मूल्याङ्कनका सामान्य आधार निम्नानुसार हुनेछन् । अन्य आधार विषयगत पाठ्यक्रममा तोकिएअनुसार हुनेछन् ।

| क्र.सं. | मूल्याङ्कनका आधार | भार |
|---|---|---|
| १ | सहभागिता : कक्षा सहभागिता र सिकाइमा सक्रियता | ४ |
| २ | प्रयोगात्मक कार्य, परियोजना कार्य वा अन्य कार्यकलाप | ३६ |
| ३ | त्रैमासिक परीक्षा | १० |
| | जम्मा | ५० |

यसरी प्राप्त १०० अंकको आधारमा ग्रेड निर्धारण गरिने छ ।

(इ) विद्यार्थी मूल्याङ्कनको नतिजा विवरण (Grade sheet) यस प्रकार हुने छ ।

विद्यालयको नाम, ठेगानाः........

विद्यार्थीको नाम थर.....

कक्षाः........ रोल्नं.:.......... जन्म मितिः........

अभिभावकको नाम थरः.........

| क्र. सं. | विषय | पाठ्यघण्टा | आन्तरिक मूल्याङ्कन | | बाह्य मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|
| | | | ग्रेड | ग्रेड प्वाइन्ट | ग्रेड | ग्रेड प्वाइन्ट |
| १ | नेपाली | | | | | |
| २ | अङ्ग्रेजी | | | | | |
| ३ | गाणित | | | | | |
| ४ | विज्ञान तथा प्रविधि | | | | | |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | | | | | |
| ६ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | | | | | |
| ७ | स्थानीय विषय | | | | | |
| औसत ग्रेड प्वाइन्ट ९न्एब० स | | | | | | |

विषय शिक्षकको हस्ताक्षर :............... प्रधानाध्यापकको हस्ताक्षरः.........................

नाम : ................ नामः ...........................

मितिः ...........................

## ११. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

यस पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक तथा शिक्षकको भूमिका महत्त्वपूर्ण हुनेछ । विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अवलम्वन गरिने छ । स्थानीय समुदायका विज्ञ, बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय तथा क्षेत्रमा जानकार व्यक्तिहरू स्रोतव्यक्तिको रूपमा रहनेछन् । विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्यता अनुसार स्थानीय भाषा वा नेपाली भाषा वा अङ्ग्रेजी माध्यमसमेत अवलम्वन गर्न सक्नेछन् । विद्यार्थीहरूको समूहकार्य र अन्तरक्रियालाई जोड दिइनेछ । पाठयक्रममा आधारित भई पाठ्यसामग्रीको विकास गर्नुका साथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रकिया सम्बन्धी अभिमुखीकरण तालिमको व्यवस्था गरिने छ ।

## १२. समय निर्धारण

यस पाठ्यक्रम आधारभूत तह कक्षा ६-८ मा स्थानीय विषयको साप्ताहिक ४ पाठयभार र वार्षिक १२८ पाठ्यघण्टा निर्धारण गरिएको छ । प्रत्येक शैक्षिक सत्र अन्य निर्देशन नभएसम्म सामान्यतया वैशाखदेखि सुरु भएर चैत्र मसान्तसम्म कायम रहने छ । प्रचलित शिक्षा ऐन, नियमावली र कार्यविधि बमोजिम प्रत्येक

शैक्षिक सत्रमा कम्तिमा २३० दिन विद्यालय खुल्नेछ र २२० दिन पठनपाठन हुनेछ । विद्यालय समय सामान्यतया विहान १० बजेदेखि दिउँसो ४ बजेसम्मको हुनेछ । शुक्रबारको दिन विद्यालय समय १० बजेदेखि ३ बजेसम्म हुने छ । यो दिनमा २ बजेपछिको समयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नु पर्ने छ । प्रत्येक शिक्षण घण्टी सामान्यतया १ घण्टाको बनाएर तोकिएको पाठ्यघण्टा नघट्ने गरी साप्ताहिक पाठ्यभार मिलाएर कक्षा सञ्चालन गर्न सकिनेछ । विद्यालयले आफ्नो आवश्यकता तथा औचित्यको आधारमा थप विषय अध्यापन गराउन चाहेमा अतिरिक्त समयको व्यवस्थापन गर्नु पर्ने छ ।

## १३. स्थानीय पाठ्यक्रम कार्यान्वयन योजना

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ का सिद्धान्त तथा मार्गदर्शन एवम् गैंडाकोटको वस्तुस्थितिमा आधारित भई स्थानीय पाठ्यक्रम निम्नअनुसार कार्यान्वयन हुने छ :

| शैक्षिक वर्ष | शैक्षिक वर्ष २०७७ | शैक्षिक वर्ष २०७८ | शैक्षिक वर्ष २०७९ | शैक्षिक वर्ष २०८० | शैक्षिक वर्ष २०८१ |
|---|---|---|---|---|---|
| कक्षा | १ | २ | ३ | ४, ५ र ७ | ६ र ८ |

शैक्षिक वर्ष २०८२ देखि स्थानीय पाठ्यक्रम आवश्यकता अनुसार कक्षा १ देखि ८ सम्म परिमार्जित पाठ्यक्रम लागु हुने छ ।

## अनुसूचीहरू

अनुसूची १

## विद्यार्थी निरन्तर मूल्याङ्कन ढाँचा

### (क) निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन

**कक्षा : ४-५ र ६-८**

**औसत अङ्क विभाजन तालिका**

| क्र.सं. | कार्य विवरण | अङ्क |
|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहारमा देखिएको परिवर्तन | १० |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति | १० |
| ३ | कक्षा कार्य/गृहकार्य | १० |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | ३० |
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | ३० |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्शा तथा चित्र लेखन | १० |
| | जम्मा | १०० |

### (ख) निर्णयात्मक मूल्याङ्कन

निर्मार्णात्मक तथा सुधारात्मक मूल्याङ्कनका लागि प्रत्येक त्रैमासिक र वार्षिक परीक्षाको अङ्कभार जोडेर त्यसको कूल भागलाई कक्षा ४-८ सम्म सबै कक्षामा ५० प्रतिशतमा अभिलेख राख्नु पर्ने छ। बाँकी ५० प्रतिशतका लागि स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन कार्य गर्न दिने। यसरी कार्य दिँदा पेश गरेको प्रतिवेदनका लागि १० अङ्क र प्रश्नपत्रको उत्तर लेख्ने (Paper pencil Test) कार्यका लागि ४० अङ्कको परीक्षा लिनु पर्ने छ। उत्तर लेख्न लगाउँदा ज्ञान तह, बोध तह, प्रयोग तह र तार्किक क्षमताको तह जाँच्ने गरी प्रश्न तयार गरी दिनु पर्ने छ। यसरी जम्मा १०० अङ्क मानी प्रतिशतका आधारमा ग्रेड निर्धारण गर्नु पर्ने छ। यही आधारमा वर्षभरिको अन्तिम मूल्याङ्कन गरी कक्षा चढाउन सकिने छ।

## विद्यार्थी निरन्तर मूल्याङ्कन ढाँचा

### (क) निर्माणात्मक/प्रयोगात्मक मूल्याङ्कन

**कक्षा : ६-८**

**विशिष्टिकरण तालिका** (Specification Grid)

हरेक पाठ्यक्षेत्रको सिकाइ क्रियाकलाप सञ्चालन हुँदा विद्यार्थीले गरेको कार्यका आधारमा निम्नअनुसार प्रयोगात्मक र सैद्धान्तिक दुबै पक्षलाई ५०/५० भार हुने गरी मूल्याङ्कन गर्नु पर्नेछ ।

| क्र. सं. | मूल्याङ्कनका लागि लिइने आधारहरू | स्थानीय भूगोल, कला र संस्कृति | स्थानीय प्रशासन, शिक्षा र विकास | विज्ञान प्रविधिको साक्षरता र सुरक्षा | स्थानीय उत्पादन र उद्योग व्यवसाय | सहकारी र बैङ्क | खेलकुद र नैतिक चरित्र | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | कक्षामा नियमितता तथा व्यवहारिक परिवर्तन | १० | १० | १० | १० | १० | १० | ६० |
| २ | समूह कार्यमा संलग्नता र प्रस्तुति | १० | १० | १० | १० | १० | १० | ६० |
| ३ | कक्षा कार्य/गृहकार्य | १० | १० | १० | १० | १० | १० | ६० |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | २० | २० | २० | २० | २० | २० | १२० |
| ५ | प्रश्नको उत्तर लेखन /मौखिक उत्तर | ४० | ४० | ४० | ४० | ४० | ४० | २४० |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्शा तथा चित्र लेखन | १० | १० | १० | १० | १० | १० | ६० |
| ७ | जम्मा | १०० | १०० | १०० | १०० | १०० | १०० | ६०० |

(मूल्याङ्कन गर्ने साधनको उपयोग गर्दा ज्ञान, बोध, प्रयोग र उच्च तहको हुनु पर्ने छ र यसको आधारमा क्रमशः ४०, २०, २०, र २० भारको आधारमा गर्नु पर्दछ ।

यो तालिकामा लेखिएको प्रयोगात्मक र सैद्धान्तिकमा ५०/५० भार दिने भन्नाले प्रत्येक पाठ्यक्षेत्रको प्रत्येक क्रियाकलापमा दुवै पक्षलाई (सैद्धान्तिक र प्रयोगात्मक) बराबर भार दिने गरी मूल्याङ्कन गर्नु पर्ने कुरालाई बुझाउँछ ।

## विद्यार्थी निरन्तर मूल्याङ्कन र स्तर निर्धारण ढाँचा

**(क) रेजा संख्याको आधारमा कक्षा ४- ८ को पाठ्यक्षेत्रगत मूल्याङ्कन मापदण्ड तालिका**

| क्र. सं. | मूल्याङ्कनका लागि लिइने आधारहरू | मूल्याङ्कनका मापदण्डका आधारहरू | | | |
|---|---|---|---|---|---|
| | | अति उत्तम | उत्तम | ठीकै | सामान्य |
| | | रेजा सङ्ख्या | रेजा सङ्ख्या | रेजा सङ्ख्या | रेजा सङ्ख्या |
| १ | कक्षामा नियमितता तथा व्यवहारिक परिवर्तन | ४ | ३ | २ | १ |
| २ | समूह कार्यमा संलग्नता र प्रस्तुति | ४ | ३ | २ | १ |
| ३ | कक्षा कार्य/गृहकार्य | ४ | ३ | २ | १ |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | ४ | ३ | २ | १ |
| ५ | प्रश्नको उत्तर लेखन /मौखिक उत्तर | ४ | ३ | २ | १ |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्शा तथा चित्र लेखन | ४ | ३ | २ | १ |
| ७ | जम्मा | २४ | १८ | १२ | ६ |

(नोटः पाठ्यक्षेत्रगत रूपमा सिकाइ उपलब्धिका आधारमा रुव्रिक्स तयार गरी रेजा सङ्ख्या निर्धारण गर्नु पर्ने छ ।

**ख) रेजा सङ्ख्याको आधारमा प्रतिशत निकाल्ने तरिका (प्रत्येक पाठ्य क्षेत्रका लागि)**

रेजा सुत्र प्रतिशत = <u>विद्यार्थीले पाएको जम्मा रेजा सङ्ख्या × १००</u>

पढाइ पूरा भएको क्षेत्रको कुल रेजा संख्या २४

उदाहरणः कक्षा एकमा पहिलो त्रैमासिक सम्म सबै पाठ्य क्षेत्रबाट सिकाइ क्रियाकलाप सम्पन्न भएको छ भने, त्यो पाठको सिकाइ उपलब्धि निर्धारण गर्दा जम्मा रेजा सङ्ख्या २० मात्र भएको छ भने, रेजाको सूत्रानुसार उनको सिकाइ उपलब्धिको प्रतिशत = <u>२० × १००</u>

२४

= ८३.३ %

उक्त विद्यार्थीको सिकाइ उपलब्धि **A** श्रेणीमा पर्छ ।

## रेजाबाट प्राप्त प्रतिशतका आधारमा ग्रेड निर्धारण

अध्यापन गरिसकिएको आधारमा पाठ्य क्षेत्रगत आधारमा रेजा दिइसकेपछि हरेक त्रैमासिकमा रेजाका आधारमा विद्यार्थीहरूलाई निम्नलिखित तरिकाले ग्रेड निर्धारण गर्नु पर्दछ। वर्ष भरिका औसत प्रतिशतका आधारमा सिकाइ उपलब्धिको निम्नअनुसार ग्रेड निर्धारण गर्नु पर्दछ।

| क.सं. | रुजुसूचीका आधारमा प्राप्त गरेको श्रेणी | व्याख्या | ग्रेड अक्षर | ग्रेड अङ्क |
|---|---|---|---|---|
| १ | ९० र सो भन्दा माथि | सर्वोत्तम (Outstanding) | A+ | ४ |
| २ | ८० र सो भन्दा माथि ९० भन्दा कम | अत्युत्तम (Outstanding) | A | ३.६ |
| ३ | ७० र सो भन्दा माथि ८० भन्दा कम | उत्कृष्ट (Outstanding) | B+ | ३.२ |
| ४ | ६० र सो भन्दा माथि ७० भन्दा कम | उत्तम (Outstanding) | B | २.८ |
| ५ | ५० र सो भन्दा माथि ६० भन्दा कम | सन्तोषजनक (Outstanding) | C+ | २.४ |
| ६ | ४० र सो भन्दा माथि ५० भन्दा कम | ग्राह्य (Outstanding) | C | २ |
| ७ | ३५ र सो भन्दा माथि ४० भन्दा कम | आधारभूत (Outstanding) | D+ | १.६ |

**नोट :** यही आधारमा विद्यार्थीहरूको सिकाइ उपलब्धिको अभिलेखीकरण गरी ग्रेडसीट वितरण गर्नु पर्दछ।

# कोभिड-१९ को असरबाट बच्न निम्नअनुसारका जानकारी लिइ सुरक्षित रहौं र सुरक्षित रहन अरूलाई समेत जानकारी दिऊँ ।

**१) कोभिड-१९ का मुख्य लक्षणहरू**

- ज्वरो आउने (१००.४°F भन्दा माथि)
- श्वासप्रश्वासमा अत्याधिक समस्या
- रुघा र खोकी निरन्तर लागिरहनु

**२) कोरना भाइरस रोग कसरी सर्दछ ?**

- कोभिड-१९ रोग संक्रमित व्यक्तिबाट अन्य व्यक्तिमा सजिलै सर्दछ ।
- संक्रमित व्यक्तिले खोक्दा र हाछ्युँ गर्दा उनीहरूको मुख र नाकबाट स्किने छिट्टाबाट
- संक्रमित व्यक्तिसँग हात मिलाउँदा वा छुँदा
- **ज्वरो आउने** (१००.४°F **भन्दा माथि**)

**३) यसबाट कसरी बच्ने र अरूलाई बचाउने ?**

- बेला बेलामा साबुन पानी हत्केला, औंलाहरूको बिचमा र नङ भएको भागलाई कम्तीमा २० सेकेन्ड सम्म मिचिमिचि हात धुने ।
- तल दिईएका जोखिमपूर्ण अवस्थामा अनिवार्य साबुनपानीले मिचीमिची हात धुने ।
    - खोकी सकेपछि र हाछ्युँ गरिसकेपछि ।
    - बाहिरबाट स्याहार गर्नु अघि, स्याहार गर्दा र स्याहार गरिसकेपछि ।
    - बच्चालाई खुवाउनु वा स्तनपान गराउनु अघि ।
- यी बाहेक तल उल्लेखित सामान्य अवस्थामा पनि साबुनपानीले हात धुने ।
    - खाना पकाउनुअघि
    - दिसा गरिसकेपछि
    - फोहर र जनावरको मलमुत्र छोएपछि वा हात फोहर भएपछि ।
- चर्पीबाट ५ मि. को दुरीमा साबुनपानी सहितको हातधुने स्थानको व्यवस्था गर्ने ।
- खोक्दा र हाछ्युँ गर्दा कुहिनाले वा सफा कपडाले नाक-मुख छोप्ने ।
- सधैं पानी उमालेर वा फिल्टर गरेर मात्र पिउने ।
- चर्पीमा दिसा पिसाब गर्ने, चर्पी नियमित सफा गर्ने, बच्चाको दिसालाई पनि चर्पीमा मात्र विसर्जन गर्ने ।
- हात जथाभावी आँखा, नाक, मुख नछुने ।
- अरू व्यक्तिहरूसँग हात नमिलाउने र कम्तीमा ३ हात टाढा रहने ।
- भीडभाडमा नजाने र अत्यावश्यक काममा बाहिर जाँदा सँधै मास्कको प्रयोग गर्ने ।

**४) कोरोना भाइरस रोग (कोभिड १९) बाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

- कोरोना भाइरस आफै नफैलिने यो फैलिनको लागि व्यक्ति-व्यक्ति बिचको सम्पर्क नै मुख्य माध्यम भएकोले अन्य अफवाहहरूको पनि नलाग्न र आफूले पनि सहि सूचनामात्रै प्रवाह गर्न अनुरोध छ ।
- कोरोना भाइरसबाट बच्न समय समयमा साबुन र पानीले हत्केला, औंलाहरूको बिचमा र नङ भएको भागलाई कम्तीमा २० सेकेन्डसम्म मिचिमिचि आफ्नो र परिवारका सबै सदस्यहरूको हात धुने ।
- अनावश्यकरूपमा घरबाहिर नजाने र अरुलाई पनि नबोलाउने । यदि जानैपरेमा अरु व्यक्तिहरूसँग कम्तिमा एक मिटर(तीन फिट) को दुरी कायम राख्ने अति भीडभाडमा नजाने ।
- यस्ता लक्षणहरू देखिएमा सबैभन्दा पहिला परिवारका सदस्यहरूसँग व्यक्तिगत दुरी बनाउने र जतिसक्दो चाँडो नजिकको स्वास्थ्य संस्था वा अस्पतालमा उपचारको लागि जाने ।
- परिवारका सदस्यहरू सबैले घरमै उपलब्ध हुने प्रोटिनयुक्त र घरमै बनेका पोषिला खानेकुराहरू जस्तैः दाल, गेडागुडी, हरियो सागपात, दुध, दही आदि शरिरलाई रोगसँग लड्न शक्ति दिने खानेकुराहरू खानका लागि सल्लाह दिनुहोस् ।
- स्तनपान गराइरहेकी आमालाई यस्ता लक्षण देखिएमा बच्चालाई छुनु अघि साबुनपानीले हात धुने र आफ्नो मुख सफा कपडाले छोपेर बच्चालाई स्तनपान गराउन सकिन्छ ।
- यदि समुदायमा रोगको संक्रमणको शंका लागेमा वा बाहिर देशहरूबाट आएका व्यक्तिहरू जथाभावी हिडडुल, भेटघाट गरेको थाहापाइमा सम्बन्धित निकायलाई जानकारी गराउन अनुरोध गर्नुहोस ।
- साथै बाहिर देशहरूबाट घर फर्केका व्यक्ति वा संक्रमित व्यक्तिहरूले जानी जानी रोग बोकेर आएका होइनन् उनीहरू पनि कहिँबाट संक्रमित भएका हुन् त्यसैले उनीहरूलाई घृणा होइन सदभाव, सहयोग र हौसला दिनुहोस् ।

**स्रोतः नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र**

# गैंडाकोट नगरपालिका

## नवलपरासी (बर्दघाट सुस्तापूर्व)

## गण्डकी प्रदेश, नेपाल